सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ पुस २०८१, आइतबार (29 Dec 2024, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २५२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

देउवानिकट नेता नै सरकारसँग असन्तुष्ट



सरकारको कामकारबाही र प्रधानमन्त्रीको कार्यशैलीप्रति कांग्रेस नेताहरू असन्तुष्ट

● **पुरञ्जन आचार्य**, विश्लेषक



सरकारको कामले गति नलिँदा कांग्रेसभित्र छटपटी सुरु भएको छ

कांग्रेसमा निर्देशक समिति बने, तर विधानको टुंगो छैन

चैतभित्रै महाधिवेशन हुनुपर्नेमा विभिन्न बहानामा एकपछि अर्को अलमल

(विस्तृत पृष्ठ ३)

प्लास्टिकजन्य फोहोरको भयावहता



अग्रलेख

● उज्ज्वल उपाध्याय

वार्षिक ६० हजार टन प्लास्टिकजन्य फोहोर उत्पादन हुने नेपालमा २० हजार टन त्यस्तो फोहोर नदीमा मिसिनु चिन्ताको विषय हो

(पृष्ठ ४)

सुखद छैन अफगान तालिबानसँग पाकिस्तानको सम्बन्ध



दुई दशकसम्म घनिष्ठ मित्र रहेका पाकिस्तान र अफगान तालिबानबिचको सम्बन्ध अहिले आएर तनावपूर्ण बनेको राजनीतिक वृत्तमा विश्लेषण हुँदै छ

(हमिद हाकिमीको लेख पृष्ठ ५)

उच्च आय भएको देश बनाउने सरकारको दीर्घकालीन लक्ष्यलाई चुनौती

● **आइआइडिएस अध्ययन प्रतिवेदन :** नेपाललाई विसं २१०० मा प्रतिव्यक्ति आय १४ हजार २ सय अमेरिकी डलरसहित उच्च आय भएको देश बनाउन सकिँदैन, प्रतिव्यक्ति आय ६ हजार २ सय अमेरिकी डलरसहित उच्च-मध्यम आय भएको देश बन्न सक्छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

२२ लाख सवारीसाधनका फाइल 'डिजिटलाइज' गर्दै बागमती यातायात

१ पुसदेखि करारमा खटिएका सय कर्मचारीबाट दुई वर्षभित्र 'डिजिटलाइज' गर्ने लक्ष्य, सेवा प्रवाह चाँडो हुने र कर प्रणाली पनि सुधारिने अपेक्षा



● **खगेन्द्र पौडेल,** सूचना अधिकारी, यातायात मन्त्रालय, बागमती

भर्ना भएका कर्मचारीले सबै सवारीसाधनको फाइल स्क्यान गरेर राख्नुका साथै सवारीधनी तथा सवारीसाधनको सफ्टवेयरमा विवरणसमेत इन्ट्री गर्नेछन्। डेढ वर्षदेखि दुई वर्षभित्र सबै फाइल डिजिटलाइजेसन गर्ने लक्ष्य छ। यसले यातायातको डाटा सिस्टममा ठुलो सुधार हुनेछ। यातायातको सेवालाई अटोमेसनमा लैजान खोजेका हौं।



● **गोविन्दराज शिवाकोटी,** सूचना अधिकारी, यातायात व्यवस्था कार्यालय, गुर्जुधारा

गुर्जुधारास्थित यातायात कार्यालयमा मात्र करिब १५ लाख मोटरसाइकल तथा स्कुटर दर्ता छन्। अहिले कतिपय फाइल नभेटिने समस्यासमेत छ। डाटा इन्ट्रीका लागि ५० जना डाटा इन्ट्रीकर्ता यहाँ खटिएका छन्। अब डाटा डिजिटल भएसँगै फाइल नभेटिनेलगायत समस्या हल हुन्छन्, सर्वसाधारणले सहजै सेवा पाउनेछन्। कार्यालयको कार्यबोझ पनि घट्नेछ।

अब यातायातमा छुट्टै बायोमेट्रिक दिनु नपर्ने

नवराज मैनाली/नयाँ पत्रिका

एकैपटक ठुलो संख्यामा प्राविधिक भर्ना गरेर बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयका फाइल 'डिजिटलाइज' गर्न थालेको छ। यसअन्तर्गत बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयले सवारीसाधनका २२ लाखभन्दा धेरै फाइल डिजिटलाइज गर्ने प्रक्रिया सुरु गरेका हुन्। हाल यस्ता फाइल व्यवस्थित गर्न

» पृष्ठ २ मा क्रमशः





यातायात व्यवस्था कार्यालय गुर्जुधारा राखिएका सवारीसाधनसम्बन्धी फाइल। बागमती प्रदेशमा करिब १६ लाख मोटरसाइकल तथा करिब ६ लाख चारपाङ्ग्रे सवारीसाधन दर्ता छन्। सबै सवारीसाधनको फाइल डिजिटलाइज गर्न बागमती प्रदेश सरकारले सयजना डाटा इन्ट्रीकर्ता भर्ना गरेको छ। १ पुसदेखि डाटा इन्ट्रीकर्तालाई यातायात कार्यालयहरूमा खटाइएको छ। यातायात कार्यालय गुर्जुधारासहित एकान्तकुना, चितवन, हेटौंडा, बनेपा तथा खुर्कोटमा डाटा इन्ट्रीका लागि करारका कर्मचारी खटाइएको प्रदेश यातायात मन्त्रालयले जनाएको छ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ लाइसेन्स नवीकरणमा नागरिकलाई सास्ती

सम्बन्धित यातायात कार्यालयमै जान बाध्य

यातायातका कर्मचारीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीले अनुसन्धान गर्न थालेपछि त्यसको विरोधमा कर्मचारीले सर्वसाधारणलाई दुःख दिन थालेका छन्। कर्मचारीले खास गरेर सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नवीकरणमा दुःख दिन थालेका हुन्। यातायात व्यवस्था विभाग र प्रदेश यातायात मन्त्रालयले अनलाइनमा प्रस्ट विवरण भएकाको हकमा जुनसुकै कार्यालयबाट पनि नवीकरण गर्न निर्देशन दिइसकेको छ। तर, केही महिनादेखि यातायात कार्यालयहरूले लाइसेन्स जारी भएकै कार्यालयमा नवीकरणका लागि पठाउन थालेका छन्। यसले सर्वसाधारण सास्ती भोग्न बाध्य छन्।

बागमती प्रदेश यातायात मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेल लाइसेन्स नवीकरणमा कतिपय कार्यालयले लाइसेन्स जारी भएकै कार्यालयमा पठाउन थालेको गुनासो आएको बताउँछन्। 'अनलाइन प्रणालीमा विवरण भएका लाइसेन्सको जुनसुकै कार्यालयबाट नवीकरण गर्न सकिन्छ,' उनले भने, 'यस विषयमा यातायात व्यवस्था विभागले पनि परिपत्र गरिसकेको हो, मन्त्रालयले पनि प्रस्ट निर्देशन दिएको हो। जुनसुकै कार्यालयबाट नवीकरण गर्न सकिनेछ।' अन्य कार्यालयबाट जारी भएको लाइसेन्स नवीकरण गर्दा आफूहरू फस्न सक्ने भन्दै कर्मचारीले सर्वसाधारणलाई दुःख दिइरहेका छन्। यातायात व्यवस्था विभागको परिपत्रलाई समेत उनीहरूले टेरेका छैनन्।

यातायातका कर्मचारीको मिलेमतोमा विनापरीक्षा यातायातको अनलाइन सिस्टममा बदमासी गरेर करिब एक लाखभन्दा धेरै लाइसेन्स जारी भएको यातायात व्यवस्था विभागकै छानबिनबाट खुलिसकेको छ। पुराना लाइसेन्स नम्बर राखेर परीक्षा नै नलिई विभिन्न यातायात कार्यालयले लाइसेन्स बिक्री गरेका थिए। जसमा सिआइबीले केही कर्मचारीलाई पक्राउ गरी मुद्दा दायर गरिसकेको छ। अख्तियारले पनि यसमा विस्तृत अनुसन्धान गरिरहेको छ।

पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा सक्रिय भए स्वागत छ : पोखरेल

जनकपुरधाममा **हदिश खुद्दार**

एमाले महासचिव शंकर पोखरेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पुनः राजनीतिमा सक्रिय हुन चाहे स्वागत गर्ने बताएका छन्। महोत्तरीको रामगोपालपुरमा एक कार्यक्रममा सहभागी हुन शनिबार जनकपुर आएका उनले पूर्वराष्ट्रपति भण्डारी एमालेको सक्रिय राजनीतिमा आउन चाहेको विषयलाई बल पुग्ने गरी उनलाई स्वागत गर्ने बताएका हुन्। 'पार्टीको महाधिवेशनभन्दा बढी मिसन ०८४ मा केन्द्रित भई काम गरिरहेका छौं। त्यसको अहिले चर्चा नगरौं। सम्मानीय पूर्वराष्ट्रपतिज्यू पुनः समाजसेवामा सक्रिय हुन चाहनुहुन्छ भने स्वागतयोग्य हो,' जनकपुर विमानस्थलमा सञ्चार कर्मीसँग उनले भने।

दुई कार्यकाल देशको सर्वोच्च पदको जिम्मेवारी लिएकी पूर्वराष्ट्रपति भण्डारीले राजनीतिमा सक्रिय हुने रुचि देखाएपछि उनको जिम्मेवारी र सहज व्यवस्थापनबारे एमाले पंक्तिमा बहस सुरु भएको छ। सर्वसम्मत भावी अध्यक्ष बनाएर उनको पुनरागमन गराउन सकिने विकल्पमा पार्टी नेताहरूबिच अघोषित संवाद जारी छ। अध्यक्ष केपी ओलीले नै गत ९ वैशाखमा ललितपुरको गोदावरीमा आयोजित पार्टी स्थापना दिवस र अर्को एक सार्वजनिक कार्यक्रममा भण्डारीले पार्टीभित्र सक्रिय भएर योगदान दिन सक्ने संकेत दिएपछि एमालेभित्र यसले ठुलो महत्त्व राखेको हो।

» पृष्ठ २ मा क्रमशः



● **भीम रावलको कारबाहीबारे महासचिव पोखरेलको दाबी–**

कारबाही गरिएकोभन्दा पनि उहाँलाई तपाईं पार्टीको सदस्य रहनुभएन भने जानकारी गराइएको हो। पार्टी सदस्यको आचरण त उहाँ आफैंले छोड्नुभयो। पार्टीमा रहँदा पार्टीको अनुशासन, विधिविधानमा चल्नुपर्छ। संसद्मा पार्टीको ह्विप मान्नुपर्छ। तर, उहाँ पार्टीको कुनै पनि गतिविधिमा लामो समयदेखि निष्क्रिय हुनुहुन्थ्यो।

■ त्रिवि टपरहरू भन्छन्-

नेपालमै अवसर छ

त्रिविमा गोल्ड मेडल पाउने २२ मध्ये १७ छात्रा



● **प्रतीकराज जोशी**
अन्तर्राष्ट्रिय सम्बन्ध टपर (स्नातकोत्तर)

मैले पढेको विषय नेपालको कूटनीतिक तथा अन्तर्राष्ट्रिय नीतिसँग सम्बन्धित छ। विदेशमा गएर यसलाई पूरा गर्न सक्दिनँ। तर, विदेश जाने ट्रेन्ड बढिरहेको छ। यद्यपि, अवसरहरू सिर्जना गरियो भने विदेश गएका पनि स्वदेश फर्किन सक्छन्। गाउँमा युवा नै छैनन्। खेतबारी बाँझो हुन थालिसक्यो। यही हिसाबमा युवा विदेश जाने हो भने भविष्यमा राम्रो हुँदैन। युवा बाहिर जानुमा आर्थिक अवसर र सामाजिक कारण पनि होला।



● **चेतना कुँवर**
पत्रकारिता विभाग टपर (स्नातकोत्तर)

म यहीं बस्ने र यहीं काम गर्ने योजनामा छु। अहिले पनि नेपालमै मिडिया क्षेत्रमा काम गर्दै आएकाले विदेश जाने सोच बनाएकी छैन। नेपालमा पनि थुप्रै अवसर छन्। आफूले पढेका कुरा व्यवहारमा लागू गर्न सक्नुपर्छ।



● **सिजन बोहरा**
कानुन संकाय टपर (स्नातक)

अधिवक्ताका रूपमा काम गर्दै छु। आगामी सोच पनि स्वदेशमै सरकारी सेवामा लाग्ने र यहीं केही गर्ने छु। आफू जागरुक हुने हो भने नेपालमा पनि अवसर छन्। सिस्टम त बिस्तारै फेरिँदै जाने हो। मिहिनेतीहरू स्वदेशमै बसेर केही गर्नौं भन्न चाहन्छु।



● **सिला क्षत्री**, वनस्पतिशास्त्र
केन्द्रीय विभाग टपर (स्नातकोत्तर)

मेरो योजना रिसर्च र टिचिङ गर्ने छ। यसबाहेक एक्सपोजर लिन र हुन विदेश जानुपर्छजस्तो लाग्छ। विदेश जाने र सिक्ने कुरा पनि सकारात्मक हो। तर, विदेशबाट फर्किएर यहीं केही गर्नुपर्छ भन्ने सोच छ।



● **श्रीज्या काफ्ले**
अर्थशास्त्र विभाग टपर (स्नातकोत्तर)

पिएचडीका लागि विदेश जाने योजना छ, तर विदेशमै बस्ने होइन, पढेर स्वदेशमै फर्किन्छु। विदेशको शिक्षाको सिस्टम कस्तो छ भन्ने जान्न मन लागेको छ। देश र परिवारको मायाले पनि म विदेश बस्दिनँ।



● **रेविका भण्डारी**
एमबिएस टपर

नेपालमै बस्छु, एमफिल गरेर पिएचडी गर्न मन छ। यस मेडलले मलाई गौरव प्रदान गरेको छ। पहिलेभन्दा नेपालको शिक्षा, व्यवसायलगायत क्षेत्रमा राम्रो भइसक्यो। केही कमीकमजोरी पनि होलान्, तर नेपालमै बसेर आफूलाई केही गर्न सक्ने बनाउन सक्छौं। विदेश गएर पढे पनि नेपालमै आउनुपर्छ भन्ने मान्यता राख्छु। अरूलाई पनि यही आग्रह गर्न चाहन्छु।



● **सुशील पोखेल**
रसायनशास्त्र टपर (एमएस्सी)

मेरो पनि मनस्थिति त नेपालमै बस्ने छ, तर यहाँको परिस्थिति त्यति सकारात्मक छैन। यहाँ क्षमताअनुसारको अवसर छैन। सरकारले टपरहरूलाई टिकाउने वातावरण पनि गरेको खासै देख्दिनँ। आफ्नै देशमा क्षमताको कदर होस् र विदेश जान नपरोस् भन्ने त हरेक विद्यार्थी र युवामा हुन्छ। तर, यहाँ सिस्टम अलि बसेको छैन। राजनीतिक पहुँच भएकाले बढी सुविधा पाउँछन्। क्षमताअनुसारको सीप र अवसर पाउने हो भने धेरै युवा विदेश पलायन हुने अवस्था रहँदैन।

दीक्षान्त समारोहमा स्नातक तहबाट नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिल तहका ६३ र विद्यावारिधि (पिएचडी)का १२२ विद्यार्थी सहभागी



● दीक्षितहरूलाई प्रधानमन्त्रीको आग्रह-

प्राप्त ज्ञानलाई देशको समृद्धिका लागि प्रयोग गर्नुस्

आफैंसँग भएको विद्या व्यवहारमा उतार्न सकिएन भने त्यो विद्या काम लाग्दैन। ज्ञानलाई व्यावहारिक रूपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ। हामीले मुलुकलाई २० प्रतिशतमा रहेको निरपेक्ष गरिबीको स्थितिबाट मुक्त गर्ने पहिलो अभिभारा लिनुपर्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको ५०औं दीक्षान्त समारोहमा शनिबार विभिन्न तहका २२ विद्यार्थीले गोल्ड मेडल प्राप्त गरे। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा प्रधानमन्त्री केपी ओलीले 'टपर'हरूलाई प्रमाणपत्र र मेडल प्रदान गरे।

मेडलसहित प्रमाणपत्र प्राप्त गरेका टपरहरूले ठुलो शैक्षिक जनशक्ति बिदेसिने र उते पलायन हुने अवस्थाप्रति चिन्ता जनाएका छन्। टपरमध्ये पनि कोही स्वदेशमै बस्ने र कोही विदेश पढ्न जाने योजनामा छन्। विदेशमा पढेर उक्त ज्ञान सदुपयोग गर्न स्वदेश फर्किने पनि कतिपयको चाहना छ।

» पृष्ठ २ मा क्रमशः

भ्रष्टाचार मुद्दामा काबिल न्यायमूर्तिको देहावसान

शिल्पा कर्ण/नयाँ पत्रिका

प्रकाश वस्ती २२ भदौ ०६५ मा सर्वोच्चको अतिरिक्त न्यायाधीशमा नियुक्त भए। तर, स्थायी हुन नपाई २९ चैत ०७० मा बिदा गरियो। भ्रष्टाचार मुद्दामा काबिल न्यायाधीश मानिने वस्तीलाई स्थायी हुनबाट नियोजित रूपमा रोकिएको भनेर न्यायक्षेत्रमा व्यापक चर्चा चल्यो। उनै पूर्वन्यायाधीश वस्तीको शुक्रबार राति ७१ वर्षको उमेरमा हृदयाघातबाट मृत्यु भएको छ।

पूर्वसभासद् तथा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी वस्तीलाई इमानदार र भरपर्दो न्यायाधीशका रूपमा सम्झिन्छन्। 'उहाँ कर्मक्षेत्रमा अब्बल हुनुहुन्थ्यो। एक इमानदार र भरपर्दो न्यायाधीशको छवि थियो। देवानी मुद्दामा खास दख्खल थियो। प्रकाशजीको इजलासमा परेपछि न्याय मिल्छ भन्नेमा मान्छेहरू ढुक्क हुन्थे।'

सर्वोच्चमा वस्तीलाई स्थायी हुन नपाई हटाएर अन्याय गरिएको पनि अधिकारीको बुझाइ छ। 'उहाँजस्तो न्यायकर्तालाई हटाएर उहाँमाथि अन्याय गरेको अनुभूति भएर होला उहाँलाई पछि मानव अधिकार आयोगको सदस्यका रूपमा नियुक्त गरिएको थियो,' उनले भने।

वस्तीसँगै सर्वोच्चमा नियुक्त भएका न्यायाधीश हुनु गिरीशचन्द्र लाल। वस्तीको न्याय सम्पादनमा आशंकाको ठाउँ नरहने र न्यायाधीशहरूमाझ नै उनको छवि राम्रो रहेको लालको अनुभव छ। 'कानुन र न्यायको मर्म बुझ्ने न्यायाधीश हुनुहुन्थ्यो। उहाँ

» पृष्ठ २ मा क्रमशः



घरमा हृदयाघात भएपछि अस्पताल पुऱ्याउँदा ७१ वर्षीय प्रकाश वस्तीलाई चिकित्सकले मृत घोषणा गरेका थिए। आइतबार अन्तिम संस्कार गरिने परिवारले जनाएको छ।

उहाँको इमानदार र भरपर्दो न्यायाधीशको छवि थियो। देवानी मुद्दामा खास दख्खल थियो। प्रकाशजीको इजलासमा परेपछि न्याय मिल्छ भन्नेमा मान्छेहरू ढुक्क हुन्थे।

- राधेश्याम अधिकारी,
पूर्वसभासद् तथा वरिष्ठ अधिवक्ता

कानुन र न्यायको मर्म बुझ्ने न्यायाधीश हुनुहुन्थ्यो। उहाँ न्यायाधीश मात्र नभई अध्येता पनि हुनुहुन्थ्यो। उहाँले पदमा बसेर सक्दो न्याय गर्नुभयो। यति छिट्टै देहान्त हुँदा न्याय क्षेत्रको इतिहासमा धेरै क्षति भएको छ।

- गिरीशचन्द्र लाल,
सर्वोच्चका पूर्वन्यायाधीश

अछामको कमलबजार विमानस्थलमा दोस्रोपटक सफल परीक्षण उडान



अछाममा **ध्रुव बीसी क्षेत्री**

अछामको कमलबजार विमानस्थलमा परीक्षण उडान सफल भएको छ। तारा एयरलाइन्सको नाइनएन-एइभी जहाजले परीक्षण उडान भरेको हो। ०४९ मा निर्माण गरिएको यस विमानस्थलमा परीक्षण उडान गरिएको यो दोस्रोपटक हो। यसअघि ०६५ मा पनि विमानस्थलमा परीक्षण उडान भएको थियो। त्यसयता गौचरन तथा खेलकुद मैदानमा परिणत कमलबजार विमानस्थलको मर्मतपश्चात् शनिबार तारा एयरका क्याप्टेन टिएस नगरकोटीसहितको चालक दलको समूहले दोस्रोपटक परीक्षणका रूपमा जहाज अवतरण गरेको हो।

०५८ मा तत्कालीन विद्रोही माओवादीले आक्रमण गरेर ध्वस्त पारेको यो विमानस्थल आर्थिक वर्ष ०८०/८१ को विनियोजित बजेटबाट ग्राभेल गरेपछि परीक्षण उडान गरेको कमलबजार नगरपालिकाका प्रमुख यज्ञप्रसाद ढकालले बताए। थप स्तरोन्नतिका लागि पहल गरिने र नगरपालिकामार्फत रकम व्यवस्था गरेर भए पनि नियमित उडान गराइने उनले बताए।

विमानस्थल नियमित सञ्चालनका लागि विभिन्न प्रयास भइरहेको प्रतिनिधिसभा सदस्य पुष्पबहादुर शाहले बताए। ०४८ मा विमानस्थल निर्माणका लागि चार करोड ६३ लाखको इस्टिमेट बने पनि त्यसवेला दुई करोड ५० लाख खर्च भएको थियो। त्यसयता विभिन्न चरणमा विमानस्थल निर्माण गरिएको थियो। अब यसलाई कालोपत्रे गर्ने र अन्य संरचना निर्माण गरेर पूर्वी अछामबाट नियमित उडान गर्ने गरी सरकारलाई दबाब दिइने पूर्वसांसद रामबहादुर विष्टले बताए।

विमानस्थलमा नियमित जहाज उडान गर्न सके यस क्षेत्रमा समृद्धिको ढोका खुल्ने भन्दै कमलबजार नगरपालिकाका निवर्तमान मेयर ओमप्रकाश विष्टले यस विमानस्थलले पर्यटन र व्यापार व्यवसायसमेत बढाउने बताए।

नेपालगन्जको राँभा विमानस्थलबाट उडेको तारा एयरको जहाज कमलबजार पुगेपछि प्रतिनिधिसभा सदस्य पुष्पबहादुर शाह, पूर्वसांसद रामबहादुर विष्ट, अक्कल विष्ट, संविधानसभा सदस्य शरत्सिंह भण्डारी, भरत साउद, जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर कुँवर, कमलबजार नगरपालिकाका प्रमुख यज्ञ ढकाल, उपप्रमुख शारदा विष्ट कुँवर, ढकारी गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउदलगायतले चालक दलका सदस्यलाई फूलमालासहित स्वागत गरेका थिए। कमलबजारमा शनिबार हवाईजहाज हेर्न चार हजारभन्दा बढी स्थानीयको भिड लागेको थियो।

बारामा मृत भेटिएका प्रहरीको गोली हानी हत्या गरिएको पुष्टि

अनुसन्धानका इन्स्पेक्टर नियन्त्रणमा



काठमाडौं/ एक साताअघि बारामा मृत भेटिएका प्रहरीका कर्मचारीको गोली हानेर हत्या गरिएको पुष्टि भएको छ। मृतकको पोस्टमार्टम रिपोर्टका अनुसार उनको टाउकोमा गोली प्रहार भएको हो। गत ६ पुसमा जितपुरसिमरा उपमहानगरपालिका- १ सेन्डिगेट घर भएकाका प्रहरीका कार्यालय सहयोगी राजकुमार रुम्बाको शव जितपुरसिमरा उपमहानगरपालिका- ११ अमाडरस्थित पुलछेउमा निजी कारभित्र फेला परेको थियो। रुम्बा सिमरा विमानस्थलको विमान सुरक्षा प्रहरी गार्ड कार्यालयमा कार्यरत थिए।

मृतकको टाउकोमा चोट थियो। उनको गोली प्रहारबाटै मृत्यु भएको पोस्टमार्टम रिपोर्टबाट पुष्टि भएको बाराका एसपी महेन्द्र खड्काले बताए।

एक साता पुग्दा पनि अनुसन्धान भने अझै निष्कर्षमा पुगेको छैन। स्रोतका अनुसार प्रहरी राष्ट्रिय अनुसन्धान विभागका इन्स्पेक्टर श्रीकान्त तिवारीलाई समेत नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ। रुम्बा मृत भेटिएको बागमती प्रदेश ०१-०२८ च ७६१६ नम्बरको कार उनै तिवारीको हो। घटनामा उनको शंकास्पद भूमिका देखिएको छ। अन्य केही शंकास्पदलाई पनि पक्राउ गरेर प्रहरीले अनुसन्धान अघि बढाएको छ। अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी भन्छन्, 'अनुसन्धानले बाटो लिएको छ, केही दिनमै वास्तविकता बाहिर आउँछ।'

बलेफी हाइड्रोपावर लि.
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा.वडा नं.१, काठमाडौं, फोन नं.०१-५९२१९१२
Web.: www.balephihydro.com, E.: info.balephi@gmail.com, info@balephihydro.com

तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१४)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८१/०९/०५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस बलेफी हाइड्रोपावर लि.को तेह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८१/०९/२८ (तदनुसार Jan 12th, 2025)
समय : विहान ११:०० बजे।
स्थान : होटल क्रिष्टल पशुपती, गौशाला, काठमाडौं।

छलफलका विषयहरू:

क) सामान्य प्रस्तावहरू:
१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने।
३. आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

ख) विशेष प्रस्ताव:
१. कर्जा सुविधा स्विकृत गर्ने सम्बन्धमा।

ग) विविध :

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : अन्य जानकारीका लागि मिति २०८१/०९/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक अथवा यसै बलेफी हाइड्रोपावर लिमिटेडको Website : www.balephihydro.com मा हेर्नुहुन अनुरोध गरीन्छ।

२२ लाख...

« पृष्ठ १ बाट क्रमशः

नसक्दा कार्यसम्पादनमा धेरै समय लाग्ने र कतिपय फाइल त कार्यालयबाटै हराउने समस्या छ। २२ लाख सवारीसाधनका फाइल डिजिटलाइज गर्न बागमती प्रदेश सरकारले सयजना डाटा इन्ट्रीकर्ता भर्ना गरेको छ। १ पुसदेखि डाटा इन्ट्रीकर्तालाई यातायात कार्यालयमा खटाइएको छ। यातायात कार्यालय गुर्जुधारासहित एकान्तकुना, चितवन, हेटौंडा, बनेपा तथा खुर्कोटमा डाटा इन्ट्रीका लागि करारका कर्मचारी खटाइएका छन्। बागमती प्रदेशमा करिब १६ लाख मोटरसाइकल तथा करिब ६ लाख चारपांग्रे सवारीसाधन दर्ता छन्।

दुई वर्षभित्र कामसम्पन्न हुने बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले जनाएको छ। फाइल डिजिटलाइज गर्न करारमा भर्ना गरिएका डाटा इन्ट्रीकर्तालाई विभिन्न यातायात कार्यालयमा खटाइएको मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलले बताए। 'भर्ना भएका कर्मचारीले सबै सवारीसाधनको फाइल स्क्यान गरेर राख्नुका साथै सवारीधनी तथा सवारीसाधनको सफ्टवेयरमा विवरणसमेत इन्ट्री गर्नेछन्,' उनले भने,'डेढदेखि दुई वर्षभित्र सबै फाइल डिजिटलाइजेसन गर्ने लक्ष्य छ। यसले यातायातको डाटा सिस्टममा ठुलो सुधार हुनेछ। यातायातको सेवालाई अटोमेसनमा लैजान खोजेका हौं।'

काठमाडौंको गुर्जुधारास्थित यातायात कार्यालय(मोटरसाइकल)का फाइलमा काम गर्न मात्र ५० जना कर्मचारी खटिएका छन्। 'हाम्रोमा करिब १५ लाख मोटरसाइकल दर्ता छ,' कार्यालयका सूचना अधिकारी गोविन्दराज शिवाकोटी भन्छन्,'कतिपय मोटरसाइकलका फाइल नभेटिने समस्या छ, अब डिजिटल भएसँगै यो समस्या हल हुन्छ, सर्वसाधारणले सहजै सेवा पाउनेछन्।'

फाइलहरूडिजिटलाइज हुँदा यातायात कार्यालयको कार्यबोझ पनि धेरै घट्ने आकलन गरिएको छ। अहिले यातायातमा ठूलो संख्यामा करारका कर्मचारी भर्ना गरेर सेवा दिनुपरेको छ। कार्यालयमा पाँच कर्मचारी फाइल खोज्न मात्र खटिएका छन्। हरेक सवारीसाधनको यातायातमा छुट्टाछुट्टै फाइल बनाएर राखिएको हुन्छ। कतिपय यातायात कार्यालयमा यस्ता फाइल राख्ने ठाउँको समेत अभाव छ। जसकारण कतिपय सवारीधनीलाई नै फाइल बुझाएर पठाउने गरिएको सूचना अधिकारी शिवाकोटी बताउँछन्। व्यवस्थित नहुँदा फाइल चोरीसमेत हुने गरेका छन्।

सामान्य टहरो बनाएर फाइलहरू राखिएका छन्। गत असोजको भारी वर्षापछिको भेल टहरोमा पस्दा कतिपय फाइल भिजेर बिग्रिएका छन्।

सबै रेकर्ड डिजिटलाइज भएपछि कर प्रणाली पनि सुधारिने यातायातका कर्मचारीहरू बताउँछन्। हाल सवारीसाधनको नम्बर राखेपछि मात्र धनी थाहा हुने प्रणाली छ। अब नामका आधारमा उसको नाममा रहेका सबै सवारीसाधन थाहा हुने र यसले यातायातसम्बन्धी कर असुलीलाई समेत सहज र व्यवस्थित बनाउने गुर्जुधारा कार्यालयका अधिकृत शिवाकोटीको भनाइ छ। 'अहिले नामबाट खोज्दा सवारीसाधनको विवरण थाहा हुँदैन,' उनी भन्छन्, 'अब नामबाट नै कसको नाममा कति सवारीसाधन छ, विगतमा कर तिरेको छ कि छैन भन्ने थाहा हुन्छ।'

अब यातायातमा छुट्टै बायोमेट्रिक दिनुनपर्ने

अब लाइसेन्स लिँदा तथा नवीकरण गर्दा यातायात कार्यालयमा बायोमेट्रिक दिने तथा फोटो खिच्नु नपर्ने भएको छ। राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्धता गरी यातायातमा छुट्टै बायोमेट्रिक दिनुनपर्ने व्यवस्था गर्न लागिएको छ। यसका लागि राष्ट्रिय परिचयपत्र नम्बर भने अनिवार्य हुनेछ।

'राष्ट्रिय परिचयपत्र नम्बरबाटै बायोमेट्रिक विवरण लिने गरी तयारी गरिरहेका छौं,' बागमती प्रदेश यातायात कार्यालयका सूचना अधिकारी खगेन्द्र पौडेलले भने,'करिब दुई सातापछि यातायात कार्यालयमा गएर नयाँ बायोमेट्रिक दिइरहनुपर्ने छैन। यसले सेवाग्राहीलाई धेरै सहज हुनेछ।' यो प्रणाली सुरु भएपछि बागमती प्रदेशका जुनसुकै कार्यालयबाट जारी भएका लाइसेन्स भएपनि अर्को कार्यालयबाट नवीकरण गर्न सहज हुने उनी बताउँछन्।

अर्बौं खर्च गरेर बायोमेट्रिकसहितको राष्ट्रिय परिचयपत्र प्रणाली बनाए पनि त्यसको प्रयोग हुन सकेको छैन। सरकारले लाइसेन्सलगायत सेवामा यसको आबद्धता गर्न लागेको हो। यसबाट लाइसेन्समा हुने फर्जी काम पनि धेरै नियन्त्रण हुने राष्ट्रिय परिचयपत्र विभागका अधिकारी बताउँछन्। यसमा अन्य प्रदेशले पनि अझै तयारी गरेका छैनन्। यसअघि नै राष्ट्रियपत्र र यातायात व्यवस्था विभागबिच लाइसेन्सको अनलाइन फारम भर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्ने र परिचयपत्रले नै लाइसेन्सको काम गर्ने गरी मान्यता दिने सझमदारी भइसकेको छ।

पूर्वराष्ट्रपति...

« पृष्ठ १ बाट क्रमशः

एमाले पूर्वउपाध्यक्ष भण्डारीले राष्ट्रपतिबाट अवकाशपछि सुरक्षाकर्मी र डेराभाडाबाहेक राज्यको अन्य सेवा-सुविधा परित्याग गरेर राजनीतिमा पुनरागमनको ढोका खुला राखेकी छिन्। भण्डारी सक्रिय राजनीतिमा फर्कने जनाउमा उनको राजनीतिक र सामाजिक कार्यक्रममा सक्रियता प्रमुख छ। यसबाहेक वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका बहुसंख्यक पदाधिकारीको उनको निवासमा बाक्लो आवतजावत र संवाद तथा जिल्ला नेतृत्व तहका नेताहरूको निरन्तर भेटघाटले भण्डारीको 'वार्मअप'लाई देखाउँछ। पार्टीको आन्तरिक कार्यक्रमदेखि सार्वजनिक कार्यक्रममा भण्डारीको उपस्थितिले पनि उनी छिट्टै सक्रिय राजनीतिमा आउने योजनामा रहेको पार्टीपंक्तिको बुझाइलाई बल पुगेको छ।

पोखरेलले पूर्वगृहमन्त्री भीम रावललाई एमाले सदस्य नभएको जानकारी गराइएको बताए। 'कारबाही गरिएकोभन्दा पनि उहाँलाई तपाईं पार्टीको सदस्य रहनुभएन भने जानकारी गराइएको हो। पार्टी सदस्यको आचरण त उहाँ आफैंले छोड्नुभयो। पार्टीमा रहँदा पार्टीको अनुशासन, विधिविधानमा चल्नुपर्छ। संसद्मा पार्टीको ह्विप मान्नुपर्छ। तर, उहाँ पार्टीको कुनै पनि गतिविधिमा लामो समयदेखि निष्क्रिय हुनुहुन्थ्यो।'

०८४ को चुनावसम्म मात्र कांग्रेससँग सहकार्य रहने उनको भनाइ छ। मुलुकको राजनीतिक अस्थिरता तथा सुस्त रहेको विकास निर्माणलाई गति दिन मात्र कांग्रेससँग सहकार्य भएको उल्लेख गरे। '०८४ मा एमाले र कांग्रेसले अलगअलग चुनाव लड्ने विषयमा सहमति छ। जसको बहुमत आउँछ, उसले सरकारको नेतृत्व गर्नेछ,' उनले भने।

दुई ठुला पार्टीका गठबन्धनको सरकारले संघीयतालाई अझै प्रभावकारी बनाउन आवश्यक ऐन कानुन निर्माणमा लागेको उनले बताए। संघीय, प्रदेश र स्थानीय तह तीनै तहको सरकारको कार्यलाई अझ प्रभावकारी बनाउन प्रधानमन्त्री कार्यालयमा गभर्मेन्ट रिफर्म सेन्टर, विभिन्न निकायमा रिफर्म युनिट बनाउने तयारी भइरहेको उनले बताए। कांग्रेस, एमाले गठबन्धन बनेदेखि मुलुकको अर्थतन्त्रमा निकै

नेपालमै...

« पृष्ठ १ बाट क्रमशः

प्रतीकराज जोशी अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातकोत्तर टपर हुन्। उनले नेपालमै रहेर परराष्ट्र मन्त्रालयमा काम गर्ने योजना बनाएका छन्। 'मैले पढेको विषय नेपालको कूटनीतिक तथा अन्तर्राष्ट्रिय नीतिसँग सम्बन्धित छ। विदेशमा गएर यसलाई पूरा गर्न सक्दिनँ। तर, विदेश जाने ट्रेन्ड बढिरहेको छ। यद्यपि, अवसर सिर्जना गरियो भने विदेश गएका पनि स्वदेश फर्किन सक्छन्,' उनले भने, 'गाउँमा युवा मानिस नै छैन। खेतबारी बाँझो हुन थालिसल्यो। यही हिसाबमा युवा विदेश जाने हो भने भविष्यमा राम्रो हुँदैन। युवा बाहिर जानुको मुख्य कारण आर्थिक अवसर र समाजिक कारण पनि होला।'

चेतना कुँवर पत्रकारिता विभाग स्नातकोत्तर टपर हुन्। उनको योजना पनि नेपालमै बस्ने छ। 'म यहीं बस्ने र यहीं काम गर्ने योजनामा छु। अहिले पनि नेपालमै मिडिया क्षेत्रमा काम गर्दै आएकाले विदेश जाने सोच बनाएकी छैन,' उनले भनिन्, 'नेपालमा पनि थुप्रै अवसर छन्। आफूले पढेका कुरा व्यवहारमा लागू गर्न सक्नुपर्छ।'

कानुन संकायमा स्नातक तह (एलएलबी) टपर सिजन बोहरा अहिले पनि अधिवक्ताको हैसियतमा काम गर्दै छन्। उनी स्वदेशमै सरकारी सेवामा लाग्ने सोचमा छन्। 'अधिवक्ताका रूपमा काम गर्दै छु। आगामी सोच पनि स्वदेशमै सरकारी सेवामा लाग्ने र यहीं के गर्ने छ,' उनले भने, 'आफू जागरुक हुने हो भने नेपालमा पनि अवसर छन्। सिस्टम त बिस्तारै फेरिँदै जाने हो। मिहिनेतीहरू स्वदेशमै बसेर केही गरौं भन्न चाहन्छु।'

सिला क्षेत्रीले वनस्पतिशास्त्र केन्द्रीय विभागबाट स्नातकोत्तरमा गोल्ड मेडल प्राप्त गरिन्। पढ्दा धेरै मिहिनेत गर्दा नै नतिजा सोचेजस्तो आएको उनको अनुभव छ। थप अध्ययनका लागि विदेश जाने सोच रहे पनि फर्किएर स्वदेशमै केही गर्ने उनको चाहना छ। 'मेरो भोलिको योजना रिसर्च र टिचिङ गर्ने छ। यसबाहेक एक्सपोजर लिन र हुन विदेश जानुपर्छ जस्तो लाग्छ। विदेश जाने र सिक्ने कुरा पनि सकारात्मक हो। तर, विदेशबाट फर्किएर यहीं केही गर्नुपर्छ भन्ने सोच छ,' उनले भनिन्।

अर्थशास्त्र विभागमा स्नातकोत्तर टपर श्रीज्या काफ्ले पिएचडीका लागि विदेश जाने सोचमा छिन्। तर, विदेशमा सिकेको ज्ञान स्वदेशमै फर्किएर फैलाउने योजना छ। 'पिएचडीका लागि विदेश जाने मेरो योजना छ। तर, म विदेशमै बस्ने होइन, पढेर स्वदेशमै फर्किन्छु,' उनले भनिन्, 'विदेशको शिक्षाको सिस्टम कस्तो छ भन्ने जान्न मन लागेको छ। देश र परिवारको मायाले पनि म विदेश बस्दिनँ।'

मास्टर अफ बिजनेस स्टडिज (एमबिएस)को गोल्ड मेडल रेविका भण्डारीले हात पारिन्। उनी पनि नेपालमा भविष्य देखेकी एक सफल विद्यार्थी हुन्। 'नेपालमै बस्छु, एमफिल गरेर पिएचडी गर्न मन छ। यस मेडलले मलाई गौरव प्रदान गरेको छ। पहिलेभन्दा नेपालको शिक्षा, व्यवसायलगायत क्षेत्रमा राम्रो भइसक्यो। केही कमीकमजोरी पनि होलान्, तर नेपालमै बसेर आफूलाई केही गर्न सक्ने बनाउन सक्छौं। विदेश गएर पढे पनि नेपालमै आउनुपर्छ भन्ने मान्यता राख्छु। म अरूलाई पनि यही आग्रह गर्न चाहन्छु,' उनले भनिन्।

रसायन शास्त्रमा एमएस्सी टपर सुशील पोखेलले पनि स्वदेशमै बस्न मन छ, तर यहाँको परिस्थितिले मन दोधार पारेको छ। क्षमताअनुसारको अवसर यहाँ नभएको उनको बुझाइ छ। सरकारले क्षमतावान् मानिसलाई देश छाडेर बाहिर जानुपर्ने बाध्यता नपारोस् भन्ने उनको सुझाव छ। 'मेरो पनि मनस्थिति त नेपालमै बस्ने छ, तर यहाँको परिस्थिति त्यति सकारात्मक छैन। यहाँ क्षमताअनुसारको अवसर छैन। सरकारले टपरहरूलाई यहाँ टिकाउने वातावरण पनि गरेको खासै देख्दिनँ। आफ्नै देशमा क्षमताको कदर होस् र विदेश जान नपरोस् भन्ने त हरेक विद्यार्थी र युवाहरूमा हुन्छ, तर यहाँ सिस्टम अलि बसेको छैन। राजनीतिक पहुँच भएकाले बढी सुविधा पाउँछन्,' उनले भने, 'क्षमताअनुसारको सीप र अवसर पाउने हो भने धेरै युवा विदेश पलायन हुने अवस्था रहँदैन। सरकारले क्षमतावान् मानिसलाई देश छाडेर बाहिर जानुपर्ने बाध्यता नल्याओस्।' गोल्ड मेडल प्राप्त गर्नेमा छात्रभन्दा छात्रा धेरै छन्। २२ मध्ये १७ छात्रा र पाँच मात्रै छात्र छन्। संकाय, विषय र विभागबाट उत्कृष्ट स्कोर ल्याउनेलाई मेडल प्रदान गरिएको हो।

दीक्षान्त समारोहमा स्नातक तहबाट नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिल तहका ६३ र विद्यावारिधि (पिएचडी)का १२२ विद्यार्थी सहभागी थिए। यसपटक दीक्षित हुनयोग्य विद्यार्थी (उत्तीर्ण विद्यार्थी) ७४ हजारभन्दा बढी रहे पनि १४ हजार ३०७ विद्यार्थीले मात्र दीक्षान्त समारोहमा सहभागी हुन फारम भरेका थिए। गत वर्ष दशरथ रंगशालामै भएको समारोहमा १२ हजार विद्यार्थी दीक्षित भएका थिए। सहभागी विद्यार्थीले गाउन, टोपी, स्कार्फ लगाएर राखिएका रंगशालाका स्टलबाट सर्टिफिकेट लिए। तर, पिएचडी, एमफिल र संकाय तथा विभाग टपरलाई त्रिवि कुलपतिसमेत रहेका प्रधानमन्त्रीले सर्टिफिकेट र मेडल प्रदान गरे।





तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

प्रधानमन्त्री ओलीले त्रिविबाट दीक्षितहरूलाई आफूले प्राप्त गरेको ज्ञानको प्रयोग स्वदेशमै गर्न आग्रह गरे। उनले समाजलाई लोकतान्त्रिक, सुसंस्कृत र इमानदारपूर्ण बनाउन र विद्वान् हुँ भन्ने कुनै घमन्ड नगरी विनयशील हुन पनि आग्रह गरे।

'आफैंसँग भएको विद्या व्यवहारमा उतार्न सकिएन भने त्यो विद्या काम लाग्दैन। ज्ञानलाई व्यावहारिक रूपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ,' उनले भने, 'हामीले मुलुकलाई २० प्रतिशतमा रहेको निरपेक्ष गरिबीको स्थितिबाट मुक्त गर्ने पहिलो अभिभारा लिनुपर्छ।'

समारोहमा प्रमुख अतिथि अर्थशास्त्री डा. रामप्रकाश यादवले जीवनमा संघर्ष र इमानदारितालाई पछ्याउन सकेमा सफलता हासिल हुने बताए। सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षण सिकाइमा प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिइन्। त्रिवि उपकुलपति प्रा.डा. केशरजंग बरालले विश्वविद्यालयका क्याम्पसहरू एकापसमा गाभ्ने नीति लिइएको बताउँदै त्रिविको शैक्षिक गुणस्तर थप सुधार गरिने बताए।

भ्रष्टाचार...

« पृष्ठ १ बाट क्रमशः

न्यायाधीश मात्र नभई अध्येता पनि हुनुहुन्थ्यो। त्यो माहोलमा जति न्याय गर्न सकिन्थ्यो, उहाँले पदमा बसेर सक्दो गर्नुभयो,' लाल भन्छन्, 'यति छिट्टै देहान्त हुँदा निकै दुःख त लागेको छ नै, न्यायक्षेत्रको इतिहासमा धेरै क्षति भएको छ।'

८ असार ०१० मा जन्मिएका वस्तीले ०३२ मा कानुनमा स्नातक उत्तीर्ण गरेका थिए। ०६५ मा वरिष्ठ अधिवक्ताको उपाधि पाएका थिए। उनले नेपाल ल क्याम्पसका साथै पोखरास्थित पृथ्वीनारायण क्याम्पसमा २० वर्षसम्म प्राध्यापन गरे।

०३३ देखि अधिवक्ताका रूपमा काम गर्न थालेसँगै अधिकारी र वस्तीको राम्रो चिनजान थियो। वस्तीका सुरुवाती दिनबारे अधिकारी भन्छन्, 'उहाँसँग लामो संगत गर्दै। उहाँ नेपाल ल फर्ममा काम गर्दादेखि नै अत्यन्तै मिहिनेत गर्ने र असाधारण रूपमा अनुशासित हुनुहुन्थ्यो। मिलिजुलीकन काम गर्नुहुन्थ्यो। आफ्नो कर्मक्षेत्रमा त्यसैले उहाँको यो नाम भएको हो।'

अधिकारी बारको अध्यक्ष हुँदा वस्ती महासचिवमा निर्विरोध निर्वाचित भएका थिए। बारको हालको भवन बनाउन उनको विशेष योगदान रहेको बताउँदै हालका कानुनमा समेत उनको रुचि र योगदान रहेको अधिकारीले बताए। वस्तीले लिगल एड एक्ट र बार काउन्सिल ऐन बनाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। वस्ती बारको कार्यकारी समितिमा रहेकै वेला काउन्सिल ऐन पारित भएको थियो।

वस्तीले दुई कार्यकाल सर्वोच्च अदालत बार एसोसिएसनको सचिव पदमा रहेर कार्य गरे। उनी विकृतिविहीन न्यायपालिका अभिवृद्धि अध्ययन समितिका सदस्यसमेत थिए। 'समय खेर नफालौं भन्ने, चिन्तन गर्ने खालको हुनुभएकाले उहाँका कानुन विषयका कन्टेम्पोररी मात्र होइन, अध्ययन र अनुसन्धानमूलक कृति प्रकाशित छन्,' अधिकारीले भने। वस्तीले नेपालको कानुनी इतिहास खोतल्न गरेको प्रयासले उनलाई कानुन वृत्तमा उँचो स्थान दिएको अधिकारीको भनाइ छ।

वस्ती कर्मचारी सञ्चय कोष र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कानुनी सल्लाहकारसमेत रहे। साथै, कानुन द्वैमासिक, न्यायदूत, नेपाल कानुन परिचर्चाजस्ता पत्रिका सम्पादनमा समेत उनको भूमिका रह्यो। वस्तीका प्रमाण कानुन, वकिल नभएमा, अंशमा महिलाको अधिकार, हाम्रो कानुनी प्रणालीका केही झाँकीहरू र हाम्रो कानुनी इतिहासको नालीबेली प्रकाशित छन्।

घरमा हृदयाघात भएपछि अस्पताल पुऱ्याउँदा वस्तीलाई चिकित्सकले मृत घोषणा गरेका थिए। आइतबार अन्तिम संस्कार गरिने परिवारले जनाएको छ।

देउवानिकट नेता नै सरकारसँग असन्तुष्ट

प्रधानमन्त्री ओलीको कार्यशैलीप्रति रुष्ट देउवानिकट नेताहरूले पार्टीको आन्तरिक कार्यक्रममा मात्र नभई सार्वजनिक रूपमै गर्न थाले सरकारको आलोचना



● **डा. डिला संग्रौला**
केन्द्रीय सदस्य, कांग्रेस

गठबन्धन सरकारले जनस्तरमा सरकार भएको महसुस गराउन सकेको छैन । विकासको अनुभूति भएको देखिएन । एउटा उद्देश्यअनुसार सरकार बन्यो । तर, सरकार सञ्चालनमा भएकाहरू अलमलमा छन् ।



● **नैनसिंह महर**
केन्द्रीय सदस्य, कांग्रेस

प्रधानमन्त्रीको प्रतिबद्धताअनुसार काम नहुँदा पुनः जनतामा वितृष्णा फैलिने हो कि भन्ने डर बढ्न थालेको छ । सरकार कांग्रेसको तेजोबध हुने गरी अगाडि बढिरहेको आभाससमेत हुन थालेको छ । सरकार कांग्रेसको गरिमा घटाउने गरी अगाडि बढिरहे समीक्षा हुन सक्छ ।



केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

कांग्रेसका संस्थापन समूहकै नेताहरू सरकारको कामकारबाही र प्रधानमन्त्री केपी ओलीको कार्यशैलीप्रति असन्तुष्ट देखिएका छन् । पार्टीको आन्तरिक कार्यक्रममा मात्र होइन, सभापति शेरबहादुर देउवानिकट नेताहरूले सार्वजनिक रूपमै सरकारको आलोचना गर्न थालेका छन् । डा. शेखर कोइरालालगायत इतर समूहका नेताहरूले अपेक्षाअनुसार काम नभएको भन्दै लगातार सरकारको आलोचना गरिरहेका छन् ।

मुलुकका दुई ठुला दल मिलेर सरकार बनाउँदा पनि सातबुँदे सहमति उद्देश्यअनुसार जनस्तरमा महसुस हुने गरी काम हुन नसकेको भन्दै नेताहरूले शृंखलाबद्ध प्रश्न उठाएका छन् । डा. कोइराला, महामन्त्री गगन थापा, डा. डिला संग्रौला र नैनसिंह महरलगायत नेताहरूले सरकारको कामप्रति सार्वजनिक रूपमै आलोचना गरेका छन् ।

डा. कोइरालाले सरकारको सय दिनको समयावधि पूरा गर्नु अगावैबाट सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका छन् । प्रतिशोध साधेर रवि लामिछानेको पत्राउ गरिएको, सहकारी समस्या समाधानमा सरकार उदासीन भएको, जिल्ला तहसम्म सत्तागठबन्धनको संयन्त्र बनाउनेलगायतका विषयमा उनको असन्तुष्टि छ ।

ग्त शनिबार धनगढीमा प्रजातान्त्रिक सेनानी संघको सुदूरपश्चिम प्रदेशको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै कोइरालाले सरकार उद्देश्यअनुसार चल्न नसकेकाले यसले आफूलाई निराशा भएको बताए । 'छिटोछिटो सरकार परिवर्तन हुने कार्य रोकेर देशमा स्थिरता कायम गर्न दुई ठुला दलको सरकार बनाएका हौं । तर, सरकारले उद्देश्यअनुसार परिणाम दिन सकेन,' उनले भनेका थिए, 'एमालेसँग कांग्रेसले सहकार्य र प्रतिस्पर्धा सँगसँगै गर्नुपर्नेछ । सरकारमा सहकार्य र राजनीतिमा प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता रहेकाले कांग्रेस चनाखो हुनुपर्छ ।'

५ पुसमा महामन्त्री थापाले राजधानीमा सञ्चारमाध्यमलाई प्रतिक्रिया दिँदै सरकारले गति लिन नसकेको, तर तत्काल सरकारमा हेरफेर नहुने बताएका थिए । 'सरकार बनिसकेपछि जुन खालको आशा थियो त्योअनुसार डेलिभरी भइरहेको छैन,' उनको भनाइ थियो, 'सरकारको कामका विषयमा सबैभन्दा बढी सचेत प्रधानमन्त्री आफैं रहनुपर्छ, उहाँ हुनुहुन्छ ।'

त्यस्तै, संस्थापननिकट कांग्रेस केन्द्रीय सदस्य तथा कांग्रेस शिक्षा विभाग प्रमुख नैनसिंह महर सरकार सातबुँदे सहमतिअनुसार चल्न नसकेको बताउँछन् । कांग्रेसको जारी सयदिने विशेष अभियानअन्तर्गत मंगलबार कांग्रेस सूर्योदय नगर कार्यसमिति इलामले आयोजना गरेको कार्यक्रममा महरले दुई ठुला शक्ति एक ठाउँमा आउँदा सुरुमा जनतामा ठुलो आशा रहे पनि निराशा देखिएको बताएका थिए । 'सरकार गठन भएको पाँच महिना बित्दा पनि गठबन्धनको स्पिडअनुसार चल्न सकेको छैन । यसले कांग्रेसको घोषणापत्रलाई पनि धेरै ध्यान दिएको देखिँदैन । जनतामाझ व्याप्त निराशा आशामा परिणत गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता थियो,' उनले भने, 'प्रतिबद्धताअनुसार काम नहुँदा पुनः जनतामा वितृष्णा फैलिने हो कि भन्ने डर बढ्न थालेको छ । सरकार कांग्रेसको तेजोबध हुने गरी अगाडि बढिरहेको आभाससमेत हुन थालेको छ । सरकार कांग्रेसको गरिमा घटाउने गरी अगाडि बढिरहे समीक्षा हुन सक्छ ।'

महर पार्टीको समूह विशेष फाइदा र बेफाइदाका लागि आफ्नो अभिव्यक्ति नभएको दाबी गर्छन् । उनले तल्लो तहसम्म पुगेर जनता र कांग्रेसजनको भावना अनुभूत गरेको तथ्यका आधारमा सरकारबारे आफ्नो व्यक्तिगत धारणा राखेको बताउँछन् ।

संस्थापननिकट केन्द्रीय सदस्य डा. डिला संग्रौलाको पनि सरकारको कार्यशैली सन्तोषजनक नरहेको टिप्पणी छ । मंगलबार राजधानीमा आयोजित एक साक्षात्कार कार्यक्रममा संग्रौलाले उद्देश्यअनुसार सरकार अगाडि बढ्न नसकेको बताएकी थिइन् । 'गठबन्धन सरकारले जनस्तरमा सरकार भएको महसुस गराउन सकेको छैन । विकासको अनुभूति भएको देखिएन । एउटा उद्देश्यअनुसार सरकार बन्यो । तर, सरकार सञ्चालनमा भएकाहरू अलमलमा छन्,' उनले भनिन् ।

विश्लेषक पुरञ्जन आचार्य सरकार दुई दलबिचको सातबुँदे सहमति पूरा गर्नेतर्फ नभई अन्य विषयमा अल्झँदा कांग्रेसमा बेचैनी सुरु भएको र यसको असर भावी राजनीतिमा देखिन सक्ने बताउँछन् । 'सरकार बनाउँदा संविधान संशोधन गर्न राष्ट्रिय सहमति जुटाउन छलफल गर्ने, आर्थिक गतिविधि बढाउने र सुशासन कायम गर्ने भन्ने थियो । तर, यी कुनै पनि कामले गति नलिँदा कांग्रेसभित्र व्यापक छटपटी सुरु भएको छ,' उनी भन्छन्, 'सरकारको काम प्रभावकारी नभएपछि यसको अपजस कांग्रेसमा आएको छ । अन्तर्राष्ट्रिय राजनीतिको आयाममा पनि सरकार फितलो देखियो । सबैले आ-आफ्नो राजनीतिक भविष्य हेरेका छन् ।'

■ सरकारको काम प्रभावकारी बनाउने गृहकार्य

सरकारको काम अपेक्षाकृत नदेखिएपछि कांग्रेस र एमालेले कार्यदलमार्फत काम प्रभावकारी बनाउने गृहकार्य गरेका छन् । दुई दलले सरकारले सोचेअनुसार गति लिन नसकेको निष्कर्षसहित तीनवटा कार्यदल गठन गरेका छन् । संविधान संशोधन, संसद्मा विचाराधीन विधेयकलाई अघि बढाउन र सरकारको सेवाप्रवाहसँग सम्बन्धित रहेर सुझाव पेस गर्ने गरी छुट्टाछुट्टै कार्यदल बनाइएको छ । बुधबार बसेको एमाले सचिवालय बैठकले सरकारले पाँच महिनाको अवधिमा महत्त्वपूर्ण काम अगाडि बढाएको भन्दै सन्तुष्टि व्यक्त गरे पनि थप सुधारको खाँचो रहेको औंल्याएको छ । 'पाँच महिनामा केही महत्त्वपूर्ण काम अगाडि बढेकोमा बैठकले सन्तुष्टि व्यक्त गरेको छ । सँगसँगै सरकारको कामलाई गति दिनुपर्ने र अझ धेरै सुधारको काम गर्नुपर्ने आवश्यकताबोध पनि गरेको छ,' बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भनेका थिए ।

कांग्रेसमा निर्देशक समिति बने, तर विधानको टुंगो छैन

नयाँ पत्रिका

लामो समयदेखि विभिन्न बहानामा अलमल हुँदै आएको कांग्रेसका भ्रातृसंस्थाको महाधिवेशनमा फेरि अलमल देखिएको छ । पार्टी नेतृत्वको निरन्तर बेवास्तामा पर्दै आएको महाधिवेशनका लागि ढिलो गरी निर्देशक समिति बनाएर समन्वय थाले पनि समयमा विधान तयार नहुँदा तदर्थ समितिलाई तयारीमा समस्या देखिएको हो ।

शनिबार कांग्रेस सहमहामन्त्री एवं तरुण दल महाधिवेशन निर्देशन समितिकी संयोजक महालक्ष्मी उपाध्याय डिनाले तरुण दलको संशोधित विधान अध्यक्ष विद्वान गुरुङलाई हस्तान्तरण गरिन् । यससँगै विधान तयार हुने भ्रातृसंस्थाको संख्या दुई पुगेको छ । कांग्रेस सहमहामन्त्री महेन्द्र यादवका अनुसार आगामी चैत मसान्तसम्म अनिवार्य रूपमा महाधिवेशन सम्पन्न गर्न संशोधित विधान तयार गरेको हो । उनी विधान बन्न बाँकी अन्य आठ भ्रातृ संस्थाको विधान पनि छिट्टै हस्तान्तरण हुने दाबी गर्छन् । विधान बन्न ढिलाइ भए पनि निर्धारित मितिमा महाधिवेशन हुने उनले दाबी गरे ।



● **महेन्द्र यादव**
सहमहामन्त्री, कांग्रेस

पार्टीले तदर्थ समितिहरूलाई नयाँ विधानअनुसार चैतभित्र महाधिवशेन सम्पन्न गर्न विधान अनुमोदन गरेर हस्तान्तरण गरिरहेको छ । हालसम्म किसान महासंघ र तरुण दलको विधान हस्तान्तरण भएको छ । बाँकीको प्रक्रियामा छ, छिट्टै हस्तान्तरण हुनेछ ।

'पार्टीले तदर्थ समितिहरूलाई नयाँ विधानअनुसार चैतभित्र महाधिवशेन सम्पन्न गर्न विधान अनुमोदन गरेर हस्तान्तरण गरिरहेको छ । हालसम्म किसान महासंघ र तरुण दलको विधान हस्तान्तरण भएको छ । बाँकीको प्रक्रियामा छ, छिट्टै हस्तान्तरण हुनेछ,' उनले भने, 'अरू तयारी पनि भइरहेको छ । अधिकांशमा निर्देशक समितिमा सहमहामन्त्रीहरू संयोजक हुनुहुन्छ । निर्देशक समितिहरूले भ्रातृ संगठनहरूलाई निर्देशित गरिरहेका छन् । चैतभित्रै महाधिवेशन सम्पन्न हुन्छ ।'

गत १९ असारमा बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठकले कार्यादेशसमेत तय गरेर १० वटा भ्रातृसंस्थाका निर्देशन समिति बनाउने निर्णय गरेको थियो । तर, निर्णयको पाँच महिनापछि मात्रै निर्देशन समितिहरूको टुंगो लागेको थियो । निर्देशन समिति नबन्दा भ्रातृसंस्थाले पार्टीसँग समन्वयको समस्या भेलिरहेका थिए । जसकारण महाधिवेशनको तयारी अगाडि बढाउन सकेका थिएनन् । महाधिवेशनका लागि मार्गनिर्देशन गर्ने विधानमा ढिलाइ हुँदा भ्रातृसंस्थाले एकपछि अर्को ढिलाइको बहाना भेल्नुपरेको छ । कांग्रेस शीर्ष तहको छलफलले चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्न फरक-फरक निर्देशन समिति बनाउनुपर्ने निष्कर्ष निकालेको थियो । सोही आधारमा गत १६ असोजमा सहमहामन्त्री उमाकान्त चौधरीको संयोजकत्वमा महिला संघ (२६ मंसिरमा संयोजकको जिम्मेवारी हेरफेर गरी प्रवक्ता डा. प्रकाशशरण महतलाई जिम्मेवारी), सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाको संयोजकत्वमा तरुण दल र सहमहामन्त्री किशोरसिंह राठौरलाई नेविसंघको निर्देशन समिति संयोजक तोकिएको थियो ।

बाँकी निर्देशक समिति २६ मंसिरमा बने । यसरी बनेका निर्देशक समितिमा सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा दलित संघको निर्देशन समिति, किसान महासंघको निर्देशन समिति केन्द्रीय सदस्य रमेश रिजालको संयोजकत्वमा, केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा भूतपूर्व सैनिक संघको निर्देशन समिति, केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतको संयोजकत्वमा लोकतान्त्रिक खेलकुद संघको निर्देशन समिति, मधु आचार्यको संयोजकत्वमा लोकतान्त्रिक अपांग संघको निर्देशन समिति छन् । थारू संघको निर्देशन समिति संयोजकमा केन्द्रीय सदस्य उदयशमशेर राणा र प्रजातन्त्र सेनानी संघको निर्देशन समिति संयोजकमा केन्द्रीय सदस्य प्रा.डा. गोविन्दराज पोखरेललाई जिम्मेवारी दिइएको छ ।

केन्द्रीय कार्यसम्पादन समितिले कार्यादेशसमेत तय गरेर निर्देशन समिति बनाउने निर्णय लिएको थियो ।

'महाधिवेशन सम्पन्न नगरेका नेपाली कांग्रेसका भ्रातृसंघहरूको महाधिवेशन सम्पन्न गर्न-गराउन फरक भ्रातृसंघका लागि अधिकारसम्पन्न फरक-फरक निर्देशन समिति गठन गर्ने,' कांग्रेसको निर्णयमा भनिएको छ । महाधिवेशन हुन नसकेर नेतृत्व हस्तान्तरण हुन नपाएका र तदर्थ समिति बनाएर पटक-पटक म्याद थप मात्र भएका भ्रातृ संस्था प्रभावहीन छन् । भद्रगोल अवस्थामा रहेका कांग्रेसका १३ मध्ये जनजाति महासंघ र मुस्लिम संघको मात्र महाधिवेशन भएको छ । ठाकुर समाजको विवादका कारण बनेको तदर्थ समिति पनि खारेज गरिएको छ । लामो समयसम्म महाधिवेशन नहुँदा नेतृत्वले अनुकूलको तदर्थ समिति बनाउने र पटक-पटक म्याद थप गर्ने प्रवृत्ति देखिँदै आएको छ ।

संक्षेप

सरकार भ्रष्टाचारी जोगाउन उद्यत छ : प्रचण्ड

कञ्चनपुर / माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस-एमाले नेतृत्वको सरकार सुशासनको पक्षमा नभएको बताएका छन् । शनिबार कञ्चनपुरको पुनर्वासमा माओवादीले आयोजना गरेको भ्रष्टाचारविरुद्धको खबरदारी सभामा उनले आफू नेतृत्वको सरकारले सुशासन र भ्रष्टाचारविरुद्ध गतिविधि अघि बढाएपछि अत्तालिएर सरकार ढालिएको दाबी गरे । 'यो सरकार सुशासनको पक्षमा छैन, आफ्ना भ्रष्टाचारी मान्छे जोगाउन उद्यत छ,' उनले भने, 'बिचौलियाको पक्षमा मात्रै काम गरिरहेको छ, जनता सरकारप्रति निराश छन् । मैले नेतृत्व गरेको सरकारले राष्ट्रिय रूपमा भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गरेपछि सरकार ढालियो ।' माओवादीले अघि सारेको सुशासनको अभियान सञ्चालन गरेको देखाएर बिचौलिया अत्तालिएको बताए । माओवादीले फेरि पनि सरकारको नेतृत्व गरेर गिरीबन्धु, वाइडबडी, ओम्नी सबै भ्रष्टाचार काण्डका फाइल खोल्ने उनले चेतावनी दिए । वर्तमान सरकार भ्रष्टाचारमा लिप्त भएकाले देशभर माओवादीप्रति जनलहर बढेको उनले बताए । प्रचण्डले आफूले तीनपटक सरकारको नेतृत्व गर्दा सुदूरपश्चिम प्रदेशमा गौरवका आयोजना सञ्चालन गरेको बताए ।

डेढ अर्ब लागतमा अत्याधुनिक क्यान्सर अस्पताल बन्ने

भैरहवा / डेढ अर्ब लागतमा भैरहवामा अत्याधुनिक क्यान्सर अस्पताल निर्माण हुने भएको छ । ०८३ वैशाखमा सञ्चालनमा ल्याउने गरी दुई बिघा पाँच कट्ठा क्षेत्रफलमा एक सय बेड क्षमताको सुमित्रा मेमोरियल क्यान्सर अस्पताल निर्माण गर्न लागेको अस्पतालका सञ्चालक अर्जुन पौडेलले बताए । आफ्नो देश फर्की केही गरौं भन्ने भावनाका साथ अमेरिकाको नर्थ क्यारोलिनामा कार्यरत क्यान्सर प्राविधिक विशेषज्ञ डा. सागर पोखरेल, युरोपका युवा व्यवसायी हरि खत्री, बेलायतमा रहेका गोकर्ण खड्का र रुपन्देहीमा १० वर्षदेखि सिद्धार्थनगर सिटी अस्पताल सञ्चालन गरिरहेका अर्जुन पौडेललगायतको टिमले क्यान्सर अस्पताल निर्माण गर्न लागेको हो । क्यान्सर रोग उपचारका लागि अत्याधुनिक उपकरण लिनियर एक्सिलेटरको सुविधासहित सञ्चालन हुने अस्पतालको नाम सुमित्रा मेमोरियल क्यान्सर अस्पताल रहेको छ । अस्पतालका प्रमुख संरक्षक पौडेलका अनुसार अस्पताल भवन निर्माणका लागि नक्सांकन र वातावरणीय प्रभाव मूल्यांकनको काम भइसकेको छ । अहिले पनि क्यान्सर रोगको उपचारका लागि नेपालका पश्चिम क्षेत्रका नागरिक काठमाडौं, चितवन, भारत पुग्नुपर्ने बाध्यता छ ।

अखिल क्रान्तिकारीले निर्वाचनबाट टुंग्यायो उमेरहदको विषय

काठमाडौं / माओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीले उमेरहदको विषय निर्वाचनबाट टुंगो लगाएको छ । ३२ वर्षे उमेरहद वा खुला भन्ने विषय देशभरका भूगोल र गैरभूगोल गरी ८६ वटा मतदान केन्द्रबाट मतदान गरी टुंग्याइएको अखिल क्रान्तिकारीले जनाएको छ । २३ सय ९८ प्रतिनिधिले शनिबार बिहान १० देखि दिउँसो ४ बजेसम्म मतदानमा सहभागिता जनाएका थिए । उमेरहद टुंगो लागेसँगै अब नेतृत्व चयनका लागि १७ पुसमा निर्वाचन हुनेछ । गत १० असोजमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन उद्घाटन गरेका थिए । तर, उमेरहदको विवाद देखिएपछि सम्मेलन प्रभावित बनेको थियो । त्यतिबेलै निर्वाचनको माध्यमबाट उमेरहदबन्दीको विषय टुंगो लगाउने प्रयास भए पनि प्रतिनिधि नै टुंगो नलाग्दा निर्वाचन कार्यक्रम अघि बढेको थिएन । प्रतिनिधि संख्या नै यकिन नहुँदा निर्वाचन प्रक्रिया अघि बढाउन नसकिएको सम्मेलन आयोजक समितिले जनाएको छ ।

गत ९ पुसमा माओवादी केन्द्रीय कार्यालय कोटेश्वरमा बसेको निवर्तमान अध्यक्ष, संगठन इन्चार्ज र आयोगका प्रतिनिधिको संयुक्त बैठकले दुई चरणमा २३औं राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको थियो । अखिल क्रान्तिकारीका इन्चार्ज हिमाल शर्माले २३औं राष्ट्रिय सम्मेलनको बाँकी काम पूरा गरी संगठन थप रफ्तारमा अघि बढ्ने बताए । प्रतिनिधिले विवेक प्रयोग गरी फैसला गर्ने र १७ पुसमा संगठनले निर्वाचनबाट नेतृत्व पाउने शर्माले बताए ।

■ अन्तिम चरणमा बलम्बु ओभरपास



नागढुंगा-सिस्नेखोला सुरुङको पूर्वी प्रवेशद्वारलाई पृथ्वी राजमार्गसँग जोड्न बलम्बुमा निर्माण भइरहेको १२८ मिटर लामो ओभरपास । १२ मध्ये ११ संरचना निर्माण सम्पन्न भइसकेको सुरुङमार्गमा अब ओभरपास मात्र बन्न बाँकी छ । ओभरपासको भौतिक प्रगति ८२.७० प्रतिशत छ । ओभरपास र पूर्वी प्रवेशद्वारको बिचमा आवश्यकताअनुसार सडक पनि निर्माण भइसकेको छ । आगामी कात्तिकभित्र सुरुङमार्ग सम्पन्न हुने बताइएको छ । **तस्बिर : अमुल थापा** / नयाँ पत्रिका

श्रीलंकाका पूर्वराष्ट्रपति विक्रमासिंघेले गरे लुम्बिनी भ्रमण



भैरहवा / श्रीलंकाका पूर्वराष्ट्रपति रनिल विक्रमासिंघेले बुद्धजन्मस्थल लुम्बिनी भ्रमण गरेका छन् । उनले लुम्बिनीस्थित शान्तिदीप, मायादेवी मन्दिरको दर्शनसँगै पुष्करणी पोखरी, अशोक स्तम्भको शनिबार भ्रमण गरेका हुन् । विक्रमासिंघेलाई लुम्बिनी विकास कोषका सुरक्षा प्रमुख खगेन्द्र काफ्ले, सूचना अधिकृत राजन बस्नेत, सूचना शाखाका दिलीपसिंह राई, विकास लामाले स्वागत गरेका थिए । परिवारसहित लुम्बिनी भ्रमणमा आएका विक्रमासिंघेले मायादेवी मन्दिरको दर्शनसँगै पूजाआजा र परित्राण पाठ गरेका थिए । उनले लुम्बिनीको पछिल्लो अवस्थाबारे चासो राख्दै बुद्धजन्मस्थल लुम्बिनी भ्रमण गर्न पाएकोमा खुसी व्यक्त गरे । श्रीलंका बुद्धिस्ट देश भएकाले पूर्वराष्ट्रपतिले लुम्बिनीको रुचिपूर्वक भ्रमण गरेको कोषका सूचना अधिकृत राजन बस्नेतले बताए । सो अवसरमा कोषका तर्फबाट विक्रमासिंघेलाई मायाको चिनोसमेत प्रदान गरिएको थियो । निजी भ्रमणमा आएका उनले बुद्धजन्मस्थल लुम्बिनीसँगै बृहत्तर लुम्बिनीका अन्य क्षेत्रको समेत भ्रमण गर्नेछन् ।

लुम्बिनी जग्गा एकीकरण आयोजनामा दुई अध्यक्ष

दुई वर्ष कार्यकाल बाँकी छँदै सरकारले चौधरीलाई अध्यक्षबाट हटाएकोमा अदालतद्वारा बदर

दाङमा **दीपक बोहरा**

लुम्बिनी प्रदेशको राजधानी देउखुरी उपत्यकाको व्यवस्थापनका लागि तत्कालीन मुख्यमन्त्री कुलप्रसाद केसीको पालामा जग्गा एकीकरण आयोजना कार्यालय स्थापना गरियो । प्रदेश पूर्वाधार विकास प्राधिकरणमातहत रहने गरी खोलिएको कार्यालयमा एकजना अध्यक्ष रहने व्यवस्था गरियो ।

१ असोज ०७९ मा प्रदेश सरकारले चार वर्षका लागि देउखुरीका श्यामेस चौधरीलाई अध्यक्ष नियुक्त गऱ्यो । तर, उनको कार्यकाल बाँकी रहँदै गत १३ कात्तिकमा मुख्यमन्त्री चेतनारायण आचार्यले देउखुरीकै सुशीलकुमार बस्नेतलाई अध्यक्ष नियुक्त गरे । चारवर्षे कार्यकाल बाँकी रहँदै आफूलाई अध्यक्षबाट हटाएर बस्नेतलाई नियुक्त गरिएपछि चौधरीले उच्च अदालत तुलसीपुरमा रिट निवेदन दिए । गत ५ मंसिरमा चौधरीलाई अध्यक्षबाट नहटाउन उच्च अदालतले अन्तरिम आदेश दियो ।

अदालतका न्यायाधीश अर्जुनप्रसाद कोइरालाको एकल इजलासले समितिका अध्यक्ष चौधरी चार वर्षका लागि नियुक्ति भएको र अझै कार्यकाल बाँकी रहेको भन्दै पदबाट नहटाउन विपक्षका नाममा अन्तरिम आदेश जारी गरेको हो । लुम्बिनीमा एमाले नेतृत्वको सरकारले माओवादीनिकट चौधरीलाई हटाएर अध्यक्षमा बस्नेतलाई नियुक्त गरेको हो ।

अदालतको आदेशपछि चौधरी नियमित कार्यालयमा हाजिर भइरहेका छन् । बस्नेतले पनि अध्यक्षको जिम्मेवारी सम्हालिरहेकाले अहिले जग्गा एकीकरण आयोजना कार्यालयमा दुईवटा अध्यक्ष बहाल छन् । 'कार्यालय गएर नियमित हाजिर गरिरहेको छु, मलाई हाजिर गर्न एउटा रजिस्ट्रर दिइएको छ,' चौधरीले भने, 'न त बस्ने कोठा छ, न त कुर्सी नै ।'

जग्गा एकीकरण आयोजना कार्यालयको मुख्य जिम्मेवारी सम्हाल्दै आएका बस्नेतले अध्यक्षले पाउने सेवा-सुविधा लिइरहेका छन् । अर्का अध्यक्ष चौधरीलाई भने कुनै सेवा-सुविधा दिइएको छैन । कार्यालयमा दुई अध्यक्ष हुँदा जग्गा एकीकरणको काम ठप्पजस्तै छ । डिपिआर बने पनि त्यसअनुसार काम हुन सकेको छैन । प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत आयोजनाको काम हुने गर्छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखरेलले अध्यक्षमा विवाद देखिए पनि काम अघि बढ्न सक्ने बताए । 'पहिले सहमतिअनुसार नै नयाँ अध्यक्षलाई नियुक्ति गरियो, पछि मुद्दा पऱ्यो,' उनले भने, 'अब हामीले अदालतले जे भन्छ, त्यहीअनुसार गर्छौं ।' उनका अनुसार चालू वर्षमा शीतगंगा नगरपालिका र गढवा गाउँपालिका क्षेत्रमा जग्गा जग्गा व्यवस्थापनको काम गर्ने तयारी छ ।



श्यामेश चौधरी



सुशीलकुमार बस्नेत

जग्गा व्यवस्थापनको काम नहुँदा जग्गा कित्ताकाट रोकिएको छ । लामो समय जग्गा फुकुवा नहुँदा समस्या थियो । जग्गा किनबेच रोकिएको थियो भने बैंकबाट ऋण झिक्न समस्या हुने गरेको थियो । तर, अहिले जग्गा फुकुवा भए पनि कित्ताकाट भने रोकिएको छ । कित्ताकाट रोकिँदा निकै समस्या भएको जग्गा एकीकरण परियोजनाका अध्यक्ष चौधरीले बताए । 'हाम्रो पालामा डिपिआर बनायौं,' उनले भने, 'तर, त्यसअनुसार काम हुन सकेको छैन, काम नहुँदा जनता मारमा छन्, जग्गा कित्ताकाट गर्न सकिएको छैन ।'

लुम्बिनी प्रदेश राजधानीमा आधुनिक सहर निर्माणका लागि पाँच वर्षमा २५ अर्बको परियोजना तयार पारिएको हो । पूर्वाधार विकास प्राधिकरण प्रमुख अधिकृत पोखरेलका अनुसार विभिन्न चरणमा काम हुनेछन् । त्यसमध्ये पहिलो चरणमा पाँच वर्षभित्र २५ अर्बमा काम सक्ने गरी डिपिआर तयार भएको हो । डिपिआरअनुसार राप्ती नदीको वारिपारि कंक्रिट वालसहितको तटबन्ध र राप्ती वारपार जोड्ने तीनवटा पुल निर्माण गर्ने, खानेपानी, विद्युत्, सडक विस्तारको समेत काम हुनेछ । राप्ती नदीको वारि र पारि पक्की तटबन्धसहितको ५०-५० मिटरको कालोपत्रे सडक निर्माण गरी राप्ती, गढवा, राजपुर र शीतगंगा अर्थात् राजधानी क्षेत्रको राप्ती उपत्यकालाई बृहत् सडक सञ्जालमार्फत जोडिने योजना रहेको उनले बताए ।

आधुनिक सहर निर्माणको काम अहिले प्रदेश पूर्वाधार विकास प्राधिकरणले गरिरहेको छ । त्यसमा मुख्यमन्त्री पूर्वाधार विकास समितिको अध्यक्ष रहने व्यवस्था छ । सञ्चालक समितिले राजधानीका लागि जग्गा मिलाउन सघाउने, स्थानीयसँग छलफल र समन्वय गर्नेबारे प्रदेश सरकार र प्राधिकरणलाई सहयोग गर्ने काम गर्नेछ । एक खर्ब लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण गर्ने लक्ष्य लुम्बिनी सरकारले लिएको छ ।

प्लास्टिकजन्य फोहोरको भयावहता

वार्षिक ६० हजार टन प्लास्टिकजन्य फोहोर उत्पादन हुने नेपालमा २० हजार टन त्यस्तो फोहोर नदीमा मिसिनु चिन्ताको विषय हो



● उज्ज्वल उपाध्याय

अग्रलेख


गत १६ सेप्टेम्बरमा एनबिसी न्युजमा प्रकाशित काइट्लिन सुलिभानको लेखले वैज्ञानिक, चिकित्सा, जनस्वास्थ्य तथा वातावरण क्षेत्रका विज्ञलाई मज्जाले तरंगित बनाइदियो, जसमा ब्राजिलका विज्ञानिकले मानव शवमा गरेका परीक्षणमा मानव मस्तिष्क र त्यसवरपर उल्लेख्य मात्रामा 'माइक्रोप्लास्टिक' भेटिएको कुरा उल्लेख थियो । मानव शरीरमा अब प्रशस्त मात्रामा माइक्रोप्लास्टिकले स्थान लिइरहेकोमा कुनै आशंका रहेन । माइक्रोप्लास्टिक कुन स्रोतबाट आएर मानव शरीरमा कुन माध्यमबाट प्रवेश गऱ्यो भन्ने मात्र मूल प्रश्न हो । 'जामा नेटवर्क' नामक वैज्ञानिक जर्नलको हवाला दिँदै एनबिसी न्युजमा प्रकाशित सो लेखले उल्लेख गरेअनुसार ३३-१०० वर्षको उमेरमा निधन भएका १५ वटा शवको परीक्षण गर्दा तिनको शरीरमा उल्लेख्य मात्रामा माइक्रोप्लास्टिक भेटिएको हो र सबभन्दा धेरै घ्राण प्रणालीको बल्बमा अर्थात् नाकभन्दा माथि गन्ध पहिचान गर्ने (ओल्फ्याक्टरी बल्ब) तन्तुमा भेटियो । यसको कारक वायुमा माइक्रोप्लास्टिकको उपस्थिति धेरै हुन सक्ने अनुमान वैज्ञानिकहरूले गरेका छन् ।

हामीले सास फेर्ने वायुमा बढ्दो प्रदूषण र त्यसमा पनि प्लास्टिकको मात्रा धेरै हुनाले घ्राणतन्तुमा माइक्रोप्लास्टिक धेरै भेटिएको हुन सक्ने वैज्ञानीकहरूको आकलन छ । किनकि, नाक र यसको माथिल्लो तन्तुले कुनै पनि प्रदूषणलाई फिल्टर अर्थात् छान्ने काम गर्छ, ताकि फोक्सोमा स्वच्छ वायु मात्रै जान सकोस् । यसर्थ, त्यही फिल्टर गर्ने तन्तुमा माइक्रोप्लास्टिकको मात्रा शरीरको अन्य अंगहरूमा भन्दा अत्यधिक देखिनु स्वाभाविक हो । तर, त्योभन्दा ठुलो चिन्ताको विषय के छ भने यो तन्तु मस्तिष्कसँग जोडिएको हुन्छ, जसका कारण मस्तिष्कलाई पनि यसले प्रत्यक्ष असर गर्न सक्छ । मानव शरीरमा अहिले उल्लेख्य परिमाणमा माइक्रोप्लास्टिक छन् । त्यसैगरी, टर्कीको सुप्रसिद्ध सुकुरोभा विश्वविद्यालयमा भएको अध्ययनले पनि मानव मस्तिष्कको कुल वजनको ०.५ प्रतिशत माइक्रोप्लास्टिक रहेको पुष्टि गरेको छ । यससम्बन्धी लेख गत २७ अगस्टमा गार्जियनलगायत धेरै अन्तर्राष्ट्रिय छापामा प्रकाशित भएको थियो ।

कुनै समय प्लास्टिकलाई 'वन्डर अब्जेक्ट अर्थात् गज्जबको वस्तु' भनी भरमार प्रयोग गर्न थालियो । किनकि, यो उत्पादन गर्न निकै सस्तो, हलुका, घामपानीले नबिग्रिने भएकाले धातु र काठको उत्तम विकल्प मानियो । हामीले प्रयोग गर्ने हरेक वस्तुमा प्लास्टिक उपयोग गर्न थालियो । यस लेखका लेखकले पनि प्लास्टिककै स्क्रिन र बडी भएको ल्यापटपमा यो लेख लेख्दै छ भने ऊ बसेको टेबल र कुर्सी पनि प्लास्टिककै छन् । कार्यालयबाट घर फर्किंदा प्रयोग गर्ने वाहनको पनि आधाभन्दा बढी हिस्सा प्लास्टिकले नै ढाकेको छ । घर पुग्दा ढोका, फर्निचर, पंखा, ओभन, सोफालगायत सबैजसो सरसामानमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुबाट बनाइएका रुवो (फाइबर) जडित वस्तु छन् । प्लास्टिकमा आज मानवजीवन यतिविधि आश्रित भइसकेको छ कि यसको विकल्प भेटिन गाह्रो प्रतीत हुन्छ । तर, मानव तथा पर्यावरणलाई मध्यनजर गर्ने हो भने यसको व्यवस्थापन हुनु अति नै जरुरी छ ।

अहिले खासगरी सामुद्रिक जीवजन्तुमा प्लास्टिकका मिहिन टुक्राहरू अत्यधिकै भेटिन्छन्, जसका कारण समुद्री जीवजन्तुमा आधारित आहार खानेहरूको शरीरमा पनि प्लास्टिकको मात्रा बढ्दै गएको छ । प्लास्टिक सयौं वर्षसम्म नगल्ने र नकुहिने तर अत्यन्त मिहिन टुक्रामा क्षयीकरण हुँदै जाने हुँदा पानीमार्फत यो सजिलै जीवजन्तुको शरीरमा प्रवेश गर्छ । फेरि मानवलगायत कुनै पनि जीवमा प्लास्टिक पचाउन सक्ने क्षमता नभएकाले यो शरीरमा प्रवेश गरिसकेपछि त्यहीं अड्केर बस्छ । सामान्यतः खाना र पानीमार्फत प्लास्टिक मानव शरीरमा प्रवेश गर्ने भएकाले सबैभन्दा पहिले यो पाचन प्रणाली अर्थात् पेटमा पुग्छ । अन्य खानेकुरा पचेर सानो तथा ठुलो आन्द्राको भित्तामार्फत पौष्टिक तत्त्वहरू रगतमा सोसिने वेला यो पनि सोसिन्छ र रक्तप्रवाहसँगै दौडिन थाल्छ र शरीरका अन्य मुख्य अंगहरू जस्तै- मुटु, मिर्गौला, फोक्सो तथा मस्तिष्कसम्म पुग्छ र त्यही थुप्रिन थाल्छ ।

आइयुसिएनको एक अध्ययनअनुसार विश्वमा प्रत्येक वर्ष ४६ करोड मेट्रिक टनभन्दा बढी प्लास्टिक उत्पादन गरिन्छ । यसमध्ये अनुमानित दुई करोड मेट्रिक



> बढ्दो प्लास्टिकजन्य समस्या र यसको विकराल अवस्थालाई हेर्दा तत्काल प्लास्टिकलाई निषेध गर्नुपर्ने देखिए पनि यो उपाय व्यावहारिक देखिँदैन । एकपटक प्रयोग गरेपछि काम नलाग्ने अर्थात् 'सिंगल युज' प्लास्टिकलाई त रोक्न सकिएला, तर समस्त प्लास्टिक जगत्लाई बदल्न भने निकै चुनौतीपूर्ण छ ।

टन प्लास्टिक फोहोरका रूपमा प्रत्येक वर्ष खुला बातावरणमा विसर्जित गरिन्छ, जसको अधिकांशजसो हिस्सा पानीमा मिसिन्छ । विश्वबैंकको सन् २०२० को अध्ययनअनुसार नेपालमा वार्षिक ६० हजार टन प्लास्टिकजन्य फोहोर उत्पादन हुन्छ । त्यसमध्ये २० हजार टन नदीमा मिसिन्छ ।

नेपालका नदीमा मिसिएको यो प्लास्टिकजन्य फोहोर अन्ततः भारतको गंगानदी हुँदै बंगालको खाडीमा पुग्छ र समुद्रलाई थप प्रदूषित बनाउन सघाउँछ । समुन्द्रसँग जोडिएका अन्य थुप्रै देश तथा टापुमा पनि प्लास्टिकको प्रयोग अत्यधिक भइरहेकै छ । यसबाट उत्पादित फोहोर र तिनको समुद्रमा मिसावट पनि अत्यधिक छ ।

> खाना र पानीमार्फत प्लास्टिक मानव शरीरमा प्रवेश गरी सीधै पाचन प्रणाली अर्थात् पेटमा पुग्छ । अन्य खानेकुरा पचेर सानो तथा ठुलो आन्द्राको भित्तामार्फत पौष्टिक तत्त्वहरू रगतमा सोसिने वेला यो पनि सोसिन्छ र रक्तप्रवाहमा मिसिन्छ । यसबाट मुटु, मिर्गौला, फोक्सो तथा मस्तिष्कलगायत शरीरका अन्य मुख्य अंगसम्म पुग्छ र त्यहीं थुप्रिन्छ ।

यो समस्या आर्थिक रूपमा विकसित मुलुकमा भन्दा विकासोन्मुख र अल्पविकसित देशमा अझै धेरै छ । नकुहिने तर मिहिन चम्किला टुक्रामा क्षयीकरण हुने प्लास्टिक मसिना र चम्किला हुन्छन् र भट्ट हेर्दा यी खाने धुलो नुनजस्तो देखिन्छन् । समुद्रबाट निकालिने नुनमा पनि प्लास्टिकको मात्रा भेटिएको छ । यसैगरी हिलियोन नामक अनलाइन जर्नलमा प्रकाशित ढुंगेल तथा महर्जनद्वारा गरिएको एक अध्ययनमा नेपालमा प्रयोग गरिने एक किलोग्राम धुलो नुनमा ८० देखि १०४० टुक्रासम्म मिहिन प्लास्टिक भेटिएको तथ्य उल्लेख छ ।

समाधानका उपाय : बढ्दो प्लास्टिकजन्य समस्या र यसको विकराल अवस्थालाई हेर्दा तत्काल प्लास्टिकलाई निषेध गर्नुपर्ने देखिन्छ । तर, यो उपाय व्यावहारिक देखिँदैन । एकपटक प्रयोग गरेपछि काम नलाग्ने अर्थात् 'सिंगल युज' प्लास्टिकलाई त निमिट्यान्न पार्न सकिएला । तर, समस्त प्लास्टिक जगत्लाई बदल्न भने धेरै चुनौतीपूर्ण छ । यसर्थ, प्लास्टिकको न्यून प्रयोग तथा यसबाट उत्पादित फोहोरको उचित व्यवस्थापनबारे जनचेतना र रिसाइक्लिङको माध्यमद्वारा प्लास्टिकजन्य फोहोरको पुनः प्रयोगमार्फत प्लास्टिकजन्य प्रदूषणलाई उल्लेख्य रूपमा घटाउन सकिन्छ । यसको लाभ वायु र नदी दुवैलाई हुँदै पारिस्थितिकीय प्रणाली र मानव स्वास्थ्यलाई पनि हुनेछ ।

पहलकदमी : पछिल्ला दिनमा नेपालका प्रमुख नदीहरू सरसफाइका लागि केही पहलकदमी भएका छन् । जल तथा वायुमा माइक्रोप्लास्टिकको प्रदूषण कम गर्न बहुआयामिक दृष्टिकोण चाहिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीमार्फत प्लास्टिकको प्रयोग र यसको व्यवस्थापनबारे ज्ञान दिन सकिन्छ । जनचेतना र पैरवीका लागि प्रत्येक पालिकाका युवासँग साझेदारी गर्न सकिन्छ । त्यसैगरी, नदीसँगै जिउने समुदाय माझी, बोटेहरूलाई पनि नदी सरसफाइ अभियानको मूलधारमा सहभागी बनाउनुपर्छ । विभिन्न श्रम तथा आयमूलक स्वरोजगार, पेसागत र स्वास्थ्यलगायत तालिमसँगसँगै माछा मार्ने तथा प्लास्टिकका बोतल संकलन गर्ने जालीलगायत थुप्रै बहुउपादेयतामूलक सामग्रीको वितरण गर्नु उचित हुन्छ, जसले यी समुदायलाई आफ्नो आय बढाउन र नदीमा रहेका प्लास्टिकजन्य फोहोर संकलन गर्न सहज हुन्छ । यस दृष्टिमा सबैभन्दा महत्त्वपूर्ण वर्ग भनेको सरसफाइकर्मी हुन्, जसले फोहोर टिप्ने तथा संकलन गर्ने कार्य गर्छन् । यस्ता समुदायलाई पनि पेसागत सुरक्षा, तालिम, आवश्यक सुरक्षित वस्त्र तथा उपकरणद्वारा सुसज्जित गरिनुपर्छ । यसले उनीहरूको कार्य क्षमता र आम्दानी दुवै बढाउन सघाउँछ । थप प्लास्टिकजन्य फोहोरको संकलन र त्यसपछिको रिसाइक्लिङ कार्यमा पनि वृद्धि भई नदी सफाइमा थप लाभ पुग्नेछ । यसरी संकलित प्लास्टिक रिसाइक्लिङ उद्योगमार्फत पुनः बजारमा फर्किई परिचक्रीय आर्थिक व्यवस्थालाई सुधार गर्न मद्दत मिल्छ ।

प्लास्टिकजन्य फोहोरलाई ल्यान्डफिल साइट र नदीबाट उत्पादन मूल्य शृंखलामा परिणत गर्न, प्लास्टिकजन्य फोहोर संकलन संयन्त्रलाई मजबुत पारेर प्रविधिगत नवप्रवर्तनको उपायमार्फत चक्रीय आर्थिक व्यवस्थालाई बलियो बनाउन ध्यान दिनुपर्छ । सबल प्लास्टिक फोहोर मूल्य शृंखला स्थापना गर्न सबै प्रमुख सरोकारवालालाई संलग्न गराउने सहयोगात्मक मोडेल विकास गर्नुपर्छ ।

(वातावरणविज्ञ उपाध्याय 'क्याप परियोजना'का प्रमुख हुन्)

३ प्रश्न

कृषि तथा पशुपन्छी विकासमन्त्री **रामनाथ अधिकारी**लाई



हरेक वर्ष किसानलाई रासायनिक मलको अभाव किन हुन्छ ?

पहिलेपहिलेजस्तो हाहाकार यसपालि देखिएको छैन । तैपनि, यो प्रदेशको यो पालिकाको यो वडामा मलको अभाव भयो भनेर हामीलाई सूचना दिइयो भने हामी तत्काल त्यहाँ मल पठाउने व्यवस्था मिलाउँछौं । हामीसित गोदाममा पर्याप्त मलको मौज्दात छ । हामीले प्रदेशले माग गरेबमोजिम कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङमार्फत मल पठाइसकेका छौं । त्यसैले, किसानलाई मलको अभाव हुँदैन । वितरणमा देखिएको समस्याका कारण कतै अभाव छ भने पनि त्यहाँ उपलब्ध गराउन मन्त्रालय तयारी अवस्थामा छ ।

वितरणमा कस्ता समस्या देखिएका छन् त ?

स्थानीय पालिकाका वडाले माग गरेबमोजिम प्रदेशमार्फत पालिकामा मल जान्छ । पालिकाले वडालाई पठाउँछ र वडाले सहकारीमार्फत किसानसम्म वितरण गर्छ । वडाले माग गरेको मल सहकारीले समयमै लगिदिएन भने किसानले मल नपाउन सक्छन् । त्यसैले, किसानले मल पाउनु र नपाउनुमा स्थानीय सहकारीहरूको ठुलो भूमिका छ । उनीहरू सक्रिय भइदिने हो समयमै मल ढुवानी गरिदिने हो भने किसानलाई मल अभाव हुँदैन ।

भविष्यमा यस्तो समस्या दोहोरिनै नदिने अवस्था सिर्जना गर्न सकिन्न ?

हाम्रो नेपाली कृषि क्षेत्रका मागअनुसार पर्याप्त मल आयात गर्न हामीसित बजेटको अभाव छ । हामीसित भएको अनुदानको बजेटले करिब चार लाख मेट्रिक टन मल मात्र खरिद गर्न सकिन्छ । करिब साढे सात लाख मेट्रिक टन मल खरिद गर्न सकियो भने हाम्रो बजारको माग लगभग सम्बोधन गर्न सकिन्छ । त्यस्तोमा मल अभाव भयो भन्ने सुन्नुपर्दैन । अन्यथा, बजेट अभावकै कारण कुनै न कुनै समयमा मलको अभाव देखिन सक्छ ।

प्रेरक प्रसंग

भगवान् र साधु

एउटा गाउँमा एक साधु बस्थे । उनी दिनरात कडा तपस्या गर्थे । उनमा भगवान्प्रति अटुट विश्वास थियो । एकपटक गाउँमा घनघोर वर्षा भयो । आसपासका नदीमा पानीको सतह बढ्दै गयो । सारा गाउँले गाउँ छाडेर सुरक्षित स्थानतिर जान थाले ।

गाउँलेले साधुलाई पनि आफूहरूसितै सुरक्षित स्थानमा जान अनुरोध गरे । तर, उनले गाउँलेको प्रस्ताव ठाडै अस्वीकार गर्दै भने- तपाईंहरू जानुहोस्, मलाई मेरा भगवान्प्रति पूरापूर भरोसा छ । उहाँ मलाई बचाउन अवश्यै आउनुहुनेछ । बिस्तारै गाउँमा पानी भरिँदै गयो । साधुको कुटी पनि पानीले भरियो । हुँदाहुँदा साधुको पनि घुँडाघुँडासम्म पानी पुग्यो । त्यति नै वेला त्यहाँ एउटा गाडी आइपुग्यो । गाडीमा सवार व्यक्तिले साधुलाई गाडी चढेर सुरक्षित स्थानतर्फ जान अनुरोध गरे । तर, फेरि पनि साधुले अस्वीकार गर्दै भने- मलाई तपाईंहरूको सहायताको कुनै आवश्यकता छैन । मलाई बचाउन मेरा भगवान् अवश्यै आउनुहुनेछ । त्यसैले, अरू गाउँलेलाई लिएर तपाईंहरू जानुहोस् । साधु आँखा चिम्लेर भगवान्को स्मरण गरिरहे । गाउँलेको उद्धारका लागि त्यहाँ एक डुंगा आइपुग्यो । उद्धार दलका सदस्यहरूले साधुलाई भने- छिटो गर्नुहोस् साधु महाराज, हामी तपाईंलाई सुरक्षित स्थानमा पुऱ्याइदिन्छौं । छिटो डुंगामा आउनुहोस् । अरूलाई पनि सुरक्षित स्थानमा छाड्नु छ । समय बर्बाद नगर्नुहोस् ।



तर, उद्धारकर्ताको अनुरोधपछि पनि साधुले आफ्नो जिद्दी छाडेनन् । उनले डुंगा चढ्न अस्वीकार गरे । डुंगा बाँकी गाउँलेको उद्धार गरेर सुरक्षित स्थानतिर लाग्यो । केही समयमै उर्लंदो बाढीले साधुलाई उनको कुटीसहित बगाएर बेपत्ता पाऱ्यो । साधुको मृत्यु भयो ।

मृत्युपछि जब साधु स्वर्ग पुगे, तब उनले भगवान्सित दुःखी हुँदै प्रश्न गरे- हे भगवान्, मैले कैयौं वर्षसम्म कडा तपस्या गरें । हजुरमाथि असीम विश्वास गरें । तर, संकटको समयमा मलाई बचाउन हजुर किन आउनुभएन ? भगवान्ले मुसुक्क मुस्कुराउँदै प्रश्न गरे- मैले तिमीलाई बचाउन एकपटक होइन, तीन-तीनपटक प्रयास गरें । तर, तिमीले मेरो अनुरोध मान्दै मानेनौ । तिम्रा सामु गाउँले, गाडी र डुंगालाई कसले पठाएको थियो त ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेमा प्रश्न गर्ने नपाइने हो ?

केही दिनअघि एमालेले नेतृत्वसित प्रश्न गरेको या पार्टी नेतृत्वका गलत क्रियाकलापविरुद्ध सार्वजनिक मञ्चमा प्रश्न गरेको 'अभियोग'मा पार्टीका नेता भीम रावललाई संगठित सदस्यबाट हटाएको तथा विन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई ६ महिनाका लागि पार्टी जिम्मेवारीबाट निलम्बन गर्ने निर्णय गरेको सुनियो । आजको लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जनताले ठुलो बलिदान गरेका छन् । यो सब यही नेतृत्वले गरेको गलत कामविरुद्ध प्रश्न गर्न पाइन्छ भनेर गरिएको संघर्षको परिणाम हो । तर, यहाँ एमाले नेतृत्वले प्रश्न नै वर्जित गरेर कस्तो पार्टी बनाउन खोजिरहेको छ ? के एमाले प्रश्न गर्ने मुख थुन्न चाहन्छ हो ?

● **विनोद त्रिपाठी**, सतुंगल, काठमाडौं

किसानलाई मल खोइ सरकार ?

नेपाल कृषिप्रधान देश हो भनेर धेरै पढियो । तर, कृषिप्रधान देश नेपालको सरकारले हरेक वर्ष बालीनाली लगाउने समयमा किसानलाई मल दिन सक्दैन । किसान आवश्यक मल अभावमा विनामल नै बालीनाली लगाउन बाध्य छन् । के कृषिप्रधान देशको सरकारले किसानलाई पर्याप्त मल उपलब्ध गराउन पनि सक्दैन हो ? के किसानले पैसा तिरेर पनि मल नपाउने नै हो ? सरकारबाट जवाफ चाहियो ।

● **गौरव पुलामी मगर**
ठेचो, ललितपुर

महिलाको सुरक्षामा प्रश्न

घरबाट शौच गर्न निस्किएकी दलित समुदायकी एक महिला अपहरणपछि सामूहिक बलात्कारको सिकार भएको समाचार पढियो । हाम्रो समाजमा पुरुषलाई बढी महत्त्व दिने र महिलालाई खासै नगन्ने पुरुषप्रधान सोचले बलात्कारलाई बढावा दिइरहेको छ । हाम्रो समाजमा बलात्कृतलाई नै दोषी देखाएर समाजमा बस्नलायकसमेत नछाड्ने र बलात्कारीलाई चाहिँ चोख्याएर समाजमा स्थापित गराउने अत्यन्त घृणित व्यवहार हाबी छ । यसले आममहिलाको सुरक्षामा प्रश्न उठाएको छ ।

● **भूमिका स्याङ्तान**
गढ्ठाघर, भक्तपुर

हिरासतभित्रको सुरक्षामा लापरबाही

केही दिनअघि हिरासतमा सुतिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेको तस्बिर एकाएक बाहिरियो । सो तस्बिर कसले कुन उद्देश्यले बाहिर ल्यायो भनेर चौतर्फी प्रश्न उठ्यो । हिरासतमा सुतिरहेको व्यक्तिको तस्बिर बाहिर आउनु सामान्य विषय होइन । प्रहरी हिरासतमा मान्छे कति सुरक्षित रहन सक्छ भन्ने उदाहरण यसले देखाएको छ । यसलाई हल्का रूपमा लिने गल्ती प्रहरी संगठनले नगरोस् ।

हिरासतमा थुनुवालाई भेट्न जाँदा प्रहरीले खानतलासी गरेर कुनै पनि वस्तु लिएर जान दिँदैन । लामिछानेलाई को त्यस्तो महत्त्वपूर्ण व्यक्ति भेट्न गयो र उनको तस्बिर बाहिर आयो ? हिरासतभित्र यस्तो लापरबाही किन गरिन्छ ? यस विषयमा प्रहरीले छानबिन समिति बनाएको थियो क्यार ! तर, त्यस्तो समिति बनाउनुको अर्थ ने के छ र ? छानबिन समिति बनाएर दोष कसमाथि थोपर्ने ? तल्ला दर्जाका प्रहरीलाई कारबाही गर्ने अनि माथिल्ला दर्जाका हाकिमले मनलागी गर्दै हिँड्ने गर्दा प्रहरी संगठनकै साख गिर्दै छ । यस घटनाको जिम्मा त्यहाँका हाकिमले लिनुपर्छ, तल्ला दर्जाका प्रहरीलाई कारबाही गरेर आँखामा छारो हाल्ने काम नहोस् । हिरासतभित्रको सुरक्षाको विषय रविको मात्र नभएर सारा थुनुवाको हो । प्रहरी हिरासत कति असुरक्षित रहेछ भन्ने यो ज्वलन्त उदाहरण हो ।

हिरासतमा राखेको थुनुवाको ज्यानको सुरक्षा कसले लिने ? भोलिका दिनमा रिस उठेको मान्छेले हिरासतमै गएर कसैको हत्या गर्न पनि सक्छ, अवस्था यस्तै रहने हो भने । सरोकारवाला निकायका जिम्मेवार अधिकारीको समयमै आँखा खुलोस् ।

● **पुरुषोत्तम धिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

आलोचना ग्रहण गर्ने दुर्लभ नेता मनमोहन सिंह

डा. सिंहले विभिन्न लोकतान्त्रिक संस्थालाई सुदृढ बनाउन र सरकारमाथि नियन्त्रण एवं सन्तुलन लागू गर्न प्रयास गरेका थिए



देश / विदेश

● रघुराम राजन

मैले डा. मनमोहन सिंहलाई पहिलोपटक प्रधानमन्त्रीकै रूपमा उनको पहिलो कार्यकालमा चिनेको थिएँ । त्यसवेला उनले मोन्टेक सिंह अहलुवालियाको सल्लाहमा मलाई आर्थिक सल्लाहकारका रूपमा नियुक्त गरेका थिए । रिजर्भ बैंक अफ इन्डिया (आरबिआई) को गभर्नर हुँदाका वर्षमा मैले उहाँसँग वेला-वेला भेटघाट गर्ने अवसर पाएको थिएँ । एक उत्कृष्ट अर्थशास्त्रीका रूपमा डा. सिंहले प्रगतिशील भारतका लागि साहसी दृष्टिकोणलाई राजनीतिक व्यावहारिकतासँग मिलाउनुभएको थियो । उहाँको नम्र र शालीन स्वभावले मोन्टेक अहलुवालिया र सि. रंगराजनजस्ता प्रतिभावान् व्यक्तिलाई आफ्नो टोलीमा ल्याउन सहयोग गऱ्यो । प्रधानमन्त्री नरसिंह रावसँगको सहकार्यमा उहाँले अघि सारेका उदारीकरण र सुधारले आधुनिक भारतीय अर्थतन्त्रको जग बसाल्यो र दशकौंसम्मको द्रुत आर्थिक वृद्धिको आधार तयार गऱ्यो ।

यद्यपि प्रधानमन्त्रीका रूपमा डा. सिंहका आर्थिक सुधार प्रयास गठबन्धन राजनीतिले र पछि विपक्षी असहयोगले सीमित रहे । तथापि, उनको सरकारले राष्ट्रिय खाद्य सुरक्षा ऐन र राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐनजस्ता ऐतिहासिक कानुन पारित गऱ्यो, जसले प्रायः उपेक्षित वर्गलाई फाइदा पुऱ्यायो । उनले विभिन्न लोकतान्त्रिक संस्थालाई सुदृढ बनाउन र सरकारमाथि नियन्त्रण एवं सन्तुलन लागू गर्न प्रयास गरेका थिए, जसमा सूचनाको हक ऐनलाई एक उल्लेखनीय उदाहरणका रूपमा लिन सकिन्छ । उनको सरकारले प्रस्ताव गरेका तर लागू गर्न नसकेका केही सुधार जस्तै- वस्तु तथा सेवा कर (जिएसटी) पछि एनडिए सरकारले कार्यान्वयन गरेको थियो ।

प्रधानमन्त्रीका रूपमा डा. सिंहले उल्लेखनीय प्रशासनिक उपलब्धि हासिल गरेका थिए । पहिलो कार्यकालमा उनले भारत-अमेरिका सम्बन्धलाई सुदृढ गर्दै नागरिक परमाणु सम्झौता सम्भव बनाए । जसले २१औं शताब्दीको एक महत्त्वपूर्ण सम्बन्धलाई स्थिर आधार प्रदान गऱ्यो । दोस्रो कार्यकालमा उनले नन्दन निलेकानीलाई अद्वितीय पहिचान (आधार) परियोजनाको नेतृत्वमा नियुक्त गरे, जसले इन्डिया स्ट्याक र युपिआईजस्ता नवप्रवर्तनका लागि आधार तयार गरेको थियो । यी वर्ष वास्तवमा असाधारण आर्थिक वृद्धिका थिए । विश्वव्यापी आर्थिक संकटपछि उनले अत्यधिक खर्चबाट उत्पन्न जोखिम पहिचान गरी पि. चिदम्बरमलाई अर्थमन्त्रीका रूपमा पुनः ल्याएर आर्थिक स्थिरता पुनर्स्थापित गराए । 'टेपर ट्यान्ट्रम' अर्थात् अत्यधिक ब्याजदरले निम्त्याएको कोलाहलपूर्ण समयमा भारतले पनि अस्थिरता अनुभव गरेको थियो । तर, डा. सिंहको दूरदृष्टिले अवस्थालाई थप बिग्रनबाट जोगायो । हाम्रो भेटघाटमा डा. सिंहको जिज्ञासा विशेष रूपमा झल्किन्थ्यो । उनी सधैं हाम्रो कुराकानी विश्व र मेरो चिन्ताबारे प्रश्न सोधेर सुरु गर्थे, जहाँ उनले आफ्ना विचार नथोपरी अरूका कुरा ध्यानपूर्वक सुन्थे । मैले अध्यक्षता गरेको वित्तीय क्षेत्र सुधारसम्बन्धी प्रतिवेदनमाथि छलफल गर्न आयोजित एक कार्यक्रम मेरा लागि स्मरणीय छ । अरू बहसमा व्यस्त रहँदा उनी मौन रहन्थे र खुला छलफलको वातावरण सिर्जना गर्थे । यस किसिमको नम्रता उनीजस्तो ज्ञान, अनुभव र पद भएका व्यक्तिमा निकै दुर्लभ हुने गर्थ्यो । कार्यक्रमको अन्त्यमा उनले सबैलाई धन्यवाद दिएर प्रतिवेदनका कार्यान्वयनयोग्य बुँदाका बौद्धिक सारांश प्रस्तुत गरेका थिए ।

डा. सिंहले कहिल्यै आलोचना वा आलोचकलाई अस्वीकार गर्नुभएन । सन् २०१२ मा इसर अहलुवालियाले आयोजना गरेको एउटा प्यानलको सम्झना अझै छ, जहाँ उनले अर्थमन्त्रीका रूपमा



चित्र : सिआर शशीकुमार

गरिएको सुधारलाई पुनः प्रकाशित पुस्तकमार्फत सम्मान गरिएको थियो । इसरले सन् १९९० को सुधारको प्रशंसा गरेपछि सरकार र अर्थतन्त्रको हालको अवस्थालाई सुधार गर्न आवश्यकताबारे निर्भीक रूपमा आलोचना गरेकी थिइन् । इसरको शैलीलाई पछ्याउँदै टि. एन. निनन र मैले पनि आलोचनात्मक धारणा राखेका थियौं । जबकि तत्कालीन आरबिआईका गभर्नर सुब्बा रावले सन्तुलित धारणा व्यक्त गरेका थिए । अन्त्यमा डा. सिंहले बोले । उनले कुनै आक्रोश वा रक्षात्मक प्रतिक्रिया दिएनन्, बरु आफूले धेरै मननीय सामग्री पाएको बताउँदै त्यसबारे विचार गर्ने बताए । त्यो विचार-विमर्शबाट वित्त मन्त्रालयलगायत केही सरकारी परिवर्तन प्रेरित भएका थिए भन्नेमा मलाई विश्वास छ ।

त्यो विचार विमर्शले इसर अहलुवालिया र डा. सिंह दुवैबारे धेरै कुरा बताएको थियो र त्यो समय अहिले निकै पुरानो समयजस्तो लाग्छ । इसरले भन्नुपर्ने कुरा भनेकी थिइन् र यसलाई सार्वजनिक रूपमा भनिँदा यसले थप प्रभाव पारेको थियो । डा. सिंहले यसको महत्त्व बुझेका थिए । जबकि डा. सिंहका लागि प्रशंसा मात्र अपेक्षित थियो, उनले आलोचना पनि स्विकारे र यसलाई शत्रुताको संकेतका रूपमा लिएनन् ।

डा. सिंहको व्यक्तित्वमा अटुट इमानदारी थियो । उनले कहिल्यै आफ्ना कुनै पदको उपयोग व्यक्तिगत फाइदाका लागि वा आफ्नो परिवारलाई लाभ पुऱ्याउन गरेनन् । यद्यपि उनको दोस्रो कार्यकालमा केही सरकारी मन्त्रालय र गठबन्धन साझेदार भ्रष्टाचार काण्डको घेरामा परे । तर, यसले कदापि उनलाई छुन सक्नेछैनन् । त्यसताका यी घटनाले उनको छविलाई केही धुमिल बनाएको पनि हो । समयसँगै उनीमाथि लागेका आरोप न्यायिक जाँचका लागि पनि उपयुक्त देखिएनन्, जबकि उनका आर्थिक सुधार थप दूरदृष्टिपूर्ण र महत्त्वपूर्ण देखिन थालेका छन् । पदबाट अवकाश प्राप्त गरेपछि मैले डा. सिंहसँग आफ्नो जीवन र अनुभवबारे पुस्तक किन नलेखेको ? यसले आंशिक रूपमा भए पनि राष्ट्रलाई एक महत्त्वपूर्ण अभिलेख उपलब्ध गराउँथ्यो कि भनेर बारम्बार प्रश्न गर्थें । उनले सधैंझैं आफ्नो इतिहास लेख्ने काम मेरो होइन भनेर टार्थे । अहिले अब यो सम्भव पनि छैन, तर मलाई विश्वास छ, इतिहासले उनलाई भारतको एक महान् सन्तानका रूपमा मूल्यांकन गर्नेछ ।

(राजन भारतको रिजर्भ बैंकका पूर्वगभर्नर हुन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सुखद छैन अफगान तालिबानसँग पाकिस्तानको सम्बन्ध

दुई दशकसम्म घनिष्ठ मित्र रहेका पाकिस्तान र अफगान तालिबानबिचको सम्बन्ध अहिले आएर तनावपूर्ण बनेको राजनीतिक वृत्तमा विश्लेषण हुँदै छ



● हमिद हाकिमी

च्याथम हाउसका एसोसिएट फेलो हाकिमी एट्लान्टिक काउन्सिलका गैरआवासीय फेलो हुन्।

तालिबानले अगस्ट २०२१ मा काबुल कब्जा गरेपछि पाकिस्तानका तत्कालीन गृहमन्त्री शेख रसिद अहमदले एक पत्रकार सम्मेलन आयोजना गरेका थिए। अफगान-पाकिस्तान सिमानाको तोर्खाममा आयोजना गरिएको उक्त पत्रकार सम्मेलनमा अहमदले विजयीभावमा तालिबानको पुनरागमनले 'नयाँ गुट' निर्माण भएको घोषणा गरे। अब यस क्षेत्रले ठुलो वैश्विक महत्त्व पाउने उनको दाबी थियो। तत्कालीन पाकिस्तानका प्रधानमन्त्री इमरान खानले तालिबानको सत्ताफिर्तीलाई अफगानहरूको 'दासत्वको बन्धनबाट उन्मुक्ति'को संज्ञा दिए।

तालिबान ४० भन्दा बढी देश सम्मिलित अमेरिका नेतृत्वको गठबन्धन फौजसँग झन्डै २० वर्षसम्म लडेर सत्तामा फर्किएका थिए। यस अवधिमा धेरै तालिबान नेता र लडाकु पाकिस्तानका सीमावर्ती क्षेत्रमा शरण लिएर बसे। पाकिस्तानका प्रमुख सहर क्वेटा, पेसावर र पछि कराँचीसमेत तालिबान नेताहरूको मुख्य आश्रयस्थल थिए। ती ठाउँमा तालिबानको बलियो सञ्जाल थियो। धेरै तालिबान नेता तथा लडाकु पाकिस्तानस्थित इस्लामिक धार्मिक विद्यालयका पूर्वविद्यार्थी हुन्। पाकिस्तानको दारुल उलुम हक्कनियामा त तालिबान आन्दोलनका संस्थापक मुल्लाह मुहम्मद ओमर आफैंले अध्ययन गरेका थिए।

तालिबान समूह पाकिस्तानमा आश्रय लिँदा पाकिस्तानी समाजको हरेक क्षेत्र र तप्कामा जैविक सम्बन्ध विकास गर्न सफल भएका थिए। सन् २००३ को वरपरबाट आफूलाई त्यही भूमिबाट संगठित गर्दै पुनर्गठित गर्न सक्षम भए। पाकिस्तान सरकारको समर्थन र आश्रयविना तालिबानहरूको सफल उदय धेरै हदसम्म सम्भव हुने थिएन। तर, यो सौहार्द सम्बन्ध अहिले विगतको कुरा बनेको छ। पाकिस्तानी सेनाले यसै साता अफगानिस्तानभित्र व्यापक हवाई आक्रमण गऱ्यो। यसले द्विपक्षीय सम्बन्ध कुन हदसम्म बिग्रिसक्यो भन्ने पछिल्लो प्रमाण प्रस्तुत गर्छ।

■ जटिल इतिहास

अफगानिस्तान र पाकिस्तानबिचको इतिहास जटिल छ। हुन त पाकिस्तानले काबुलमा तालिबानको पुनरागमनलाई प्राकृतिक सहयोगीको फिर्तीको रूपमा स्वागत गरेको थियो। तर, तालिबान समूह भने सुरुदेखि नै पाकिस्तानले अपेक्षा गरेअनुरूप सहयोगी देखिएको थिएन। समूहले अफगान समाजको व्यापक तप्काको समर्थन हासिल गर्न राष्ट्रवादी बयानबाजीको सहारा लिएको थियो, जुन कतिपय अवस्थामा पाकिस्तानविरोधीसमेत थिए। त्यसबाहेक तालिबान नेताहरू आफूलाई एक लडाकु समूहबाट सत्तारुढ दलमा रूपान्तरणको चरणमा छन्। उनीहरू अब पाकिस्तानमाथिको उच्च निर्भरता कम गरेर अन्य देश तथा समूहसँग पनि सम्बन्ध स्थापित गर्न चाहन्छन्।

पाकिस्तानसमेत सम्मिलित ब्रिटिस इन्डिया सरकारले अफगानिस्तान र अहिलेको पाकिस्तानबिचको सीमारेखा कोरेको थियो। 'डुरान्ड लाइन(रेखा)' भनिने यस सीमारेखाले अफगानिस्तानको मुख्य जाति पस्तुनलाई दुई देशमा विभाजित गरेको छ। त्यसैले अफगानिस्तानमा बनेका हरेक सरकारले हालसम्म यस औपनिवेशिककालीन सिमानालाई औपचारिक रूपमा मान्यता दिएका छैनन्। अन्तर्राष्ट्रियस्तरमा दुई देशबिचको सिमानाको मान्यता पाएको 'डुरान्ड रेखा'को लगभग पूरै क्षेत्रमा पाकिस्तानले पछिल्लो केही वर्षभित्र तारजाली लगाउने काम सकेको छ। यद्यपि, अफगानिस्तानमा 'डुरान्ड रेखा' अझै एक भावनात्मक मुद्दा रहेको छ।

सन् १९९० को दशकमा सरकार चलाउँदा तालिबानले 'डुरान्ड रेखा'लाई मान्यता दिएको थिएन। र, वर्तमान तालिबान शासन आफ्नो पूर्ववर्ती अडानमा कायम देखिन्छ। पाकिस्तानमा भने डुरान्ड रेखा सम्बन्धमा अफगान अडानलाई सो देशभित्रको उसको 'रणनीतिक गहिराइ'विरुद्धको चुनौती र हचुवा नीतिको रूपमा हेरिन्छ।

अफगानिस्तानमा तालिबानको सफलतासँगै, सशस्त्र विद्रोह पाकिस्तानतर्फ सरेको देखिन्छ। सन् २०२२ देखि पाकिस्तानी सुरक्षा तथा प्रहरी बलविरुद्ध (विशेषगरी खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तहरूमा) उग्रवादी आक्रमण उल्लेख्य रूपले बढेको छ। अधिकांश आक्रमणको जिम्मा 'तेहरिक-ए-तालिबान-पाकिस्तान (टिपिपी)'ले



> पाकिस्तान सरकारको समर्थन र आश्रयविना तालिबान उदय धेरै हदसम्म असम्भव थियो। तर, यो सौहार्द सम्बन्ध अहिले विगतको कुरा बनेको छ। पाकिस्तानी सेनाले यसै साता अफगानिस्तानभित्र व्यापक हवाई आक्रमण गऱ्यो। यसले द्विपक्षीय सम्बन्ध कुन हदसम्म बिग्रिसक्यो भन्ने पछिल्लो प्रमाण प्रस्तुत गर्छ।

लिएको छ। पाकिस्तानी तालिबान पनि भनिने टिटिपी र अफगान तालिबानबिच वर्षौंदेखि अन्योन्याश्रित सम्बन्ध रहँदै आएको छ। विगतमा बजिरिस्तान र अन्य पाकिस्तानी सीमावर्ती क्षेत्रमा दुई समूह एउटै आश्रयस्थल र स्रोत प्रयोग गरेर बस्थे। उनीहरूका धेरै रणनीति पनि समान छन्।

पाकिस्तानले सन् २००१ पछि अफगान तालिबानलाई 'मित्र'को रूपमा व्यवहार गरिरह्यो। यसका लागि आंशिक रूपमा सीमापार 'पस्तुन' राष्ट्रवादको भावनालाई कमजोर बनाउन सकिने उसको सोचले काम गरेको थियो। साथै तालिबानको सम्बन्धमार्फत अफगानिस्तानभित्रका घटनाक्रम र अमेरिकासँगको सम्बन्धलाई उपभोग गर्ने उसको रणनीति थियो। तालिबान र पाकिस्तानी संस्थापनको सम्बन्धले आलोचना पनि निम्त्यायो। सन् २०११ मा तत्कालीन अमेरिकी सेना प्रमुख माइकल मुलेनले अफगान तालिबानको मुख्य हिस्सा 'हक्कानी नेटवर्क' पाकिस्तानको शक्तिशाली गुप्तचर निकाय 'इन्टर-सर्भिसेस इन्टेलिजेन्स एजेन्सी (आइएसआई)' को 'शाखा' भएकोसम्म आरोप लगाएका थिए। तालिबानलाई अफगानिस्तानको सत्तामा फर्काउन पाकिस्तानले साथ-सहयोगपछि पाकिस्तानकै लागि हानिकारक हुने केही विज्ञले चेतावनी दिएका थिए। विशेषतः तालिबानको जितले पाकिस्तानका लडाकु समूह र अन्य हिंसात्मक गैरराज्यीय पक्ष कमजोर नभएर थप प्रेरित हुने तिनको भविष्यवाणी थियो।

■ तनावको प्रभाव

अफगान तालिबानले सीमावर्ती क्षेत्रका टिटिपी नेताविरुद्ध कारबाही गर्नुपर्ने पाकिस्तानी मागलाई स्विकार्ने सम्भावना छैन। यस्तो कारबाहीले टिटिपीसँगको तालिबान सन्तुलन बिथोलिन्छ। त्यसबाहेक टिटिपी कमजोर हुँदा उत्पन्न हुने रिक्ततामा 'इस्लामिक स्टेट- खोरासान प्रोभिन्स (आइएसकेपी)' जस्ता तालिबानका लागि समेत चरमपन्थी लाग्ने समूहले खेल्न सक्छन्। तालिबान नेताहरू अहिले पाकिस्तानले पहिले प्रयोग गर्ने तर्क प्रयोग गर्न थालेका छन्। विगतमा अमेरिका र अमेरिका समर्थित अफगान सरकारले पाकिस्तानलाई तालिबानको गतिविधि रोक्न माग गर्दा ऊ त्यो अफगानिस्तानको आन्तरिक मामिला भनेर पन्छिन्थ्यो। अहिले तालिबानले टिटिपी पाकिस्तानको आन्तरिक मामिला भएको र इस्लामाबादले आफ्नो समस्या घरेलु रूपमा समाधान गर्नुपर्छ भन्न थालेको छ।

पाकिस्तानको सेनाले सम्भवतः विनाजवाफदेहिताका साथ अफगानिस्तानभित्र बमबारी जारी राख्नेछ। यस कदमका लागि उसले ठुलो अन्तर्राष्ट्रिय आलोचना सामना गर्नुपर्नेछैन। दुर्भाग्यवश यसमा अर्को एक देशको कदमको झल्को देखिन्छ। इजरायलले आत्मरक्षाको दाबी गर्दै सीमापार हवाई हमला गर्ने गरेको लामो अभ्यास छ। उता पाकिस्तानको संरक्षक ठान्ने पाकिस्तानी सेना देशभित्र बढ्दो विद्रोही आक्रमण निस्तेज पार्ने दबाबमा छ। पछिल्लो समय बलुचिस्तानलगायत क्षेत्रमा चिनियाँ लगानीका पूर्वाधार परियोजनाले आतंकवादी आक्रमण सामना गरिरहेको छ।

अफगान तालिबान पाकिस्तान आक्रामकताविरुद्ध असहाय छ। ऊसँग पाकिस्तानविरुद्ध प्रयोग गर्न सकिने स्रोतसाधन, संगठित सेना र अन्तर्राष्ट्रिय साझेदारीको अभाव छ। यो कुरा मार्च २०२४ मा एक वरिष्ठ तालिबान सैन्य नेताको अभिव्यक्तिले नै संकेत गर्छ। तिनले अफगान हवाई क्षेत्रमाथि अमेरिकाको नियन्त्रण रहेको बताउँदै समय-समय आकाशमा अमेरिकी ड्रोनले चक्कर लगाउने भनेका थिए। तालिबान नेताहरूले अफगान हवाई आक्रमणको 'बदला' लिने वाचा गरेका छन्। तर, तिनले सैन्य रूपमा शक्तिशाली तथा लामो समयका आफ्नो रणनीतिक सहयोगी पाकिस्तानविरुद्ध कस्तो कदम उठाउने हो स्पष्ट गरेका छैनन्। पाकिस्तानले तालिबानविरुद्ध अन्य अस्त्र पनि प्रयोगमा ल्याउन सक्छ। त्यस्ता मुख्य दुई क्षेत्र व्यापार र आप्रवासन हुन्। भूपरिवेष्टित अफगानिस्तानको अधिकांश व्यापार पाकिस्तान हुँदै हुन्छ। त्यसबाहेक पाकिस्तानमा अझै दसौं लाख अफगान नागरिक शरणार्थीका रूपमा बसिरहेका छन्।

अफगानिस्तानभित्र पाकिस्तानी सैन्य कारबाहीले अफगान जनतामाझ पाकिस्तानविरोधी भावना बढाउनेछ। यी कदमले पाकिस्तानी पस्तुनलाई पनि सरकारप्रति रुष्ट बनाउनेछ। अफगानिस्तानको इतिहासले देखाएझैं सामाजिक असन्तुष्टि, वञ्चितता र युवाहरूको मोहभंगले विद्रोह निम्त्याउन सक्छ। समाधानका लागि नेताहरूले दीर्घकालीन गुनासाहरू सम्बोधन गर्न साहस देखाउनुपर्छ। बल प्रदर्शनले क्षणिक समाचारको खुराक त देला, तर शान्ति स्थापनाका लागि बुद्धि र धैर्य आवश्यक पर्छ। दुःखको कुरा, एक पुस्ताका नेताको राजनीतिक इच्छाशक्ति र दूरदृष्टिको अभावको परिणाम र द्विपक्षीय सम्बन्धको सैन्यकरणले दुवै देशका ३० करोडभन्दा बढी जनताको समृद्धिमा बाधा पुगेको छ।

- अल जजिराबाट

इतिहासमा आज



सन् २०१५ : अफ्रिकी मुलुक गिनीलाई सताइरहेको इबोलालाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले महामारी घोषणा गऱ्यो।

सन् १८३५ : अमेरिकी सरकार र आदिवासी समुदाय चेरोकीको राजनीतिक समूहबिच 'ट्रिटी अफ न्यु इकोटा'मा हस्ताक्षर भयो। यस सम्झौताअनुरूप चेरोकी आदिवासी मिसिसिपी नदीपूर्वको उनीहरू बसोवास गरिरहेको भूमि अमेरिकी सरकारलाई छाड्न बाध्य भए।

सन् १८४५ : टेक्सस २८औं राज्यका रूपमा अमेरिकामा गाभियो।

सन् १९०३ : भूमध्यसागर क्षेत्रवरपर रहेका एकीकृत फ्रेन्च उपनिवेश 'फ्रेन्च इक्वेटोरियल अफ्रिका'लाई शासनको सहजताका लागि ग्याबोन, चाड र उबाङी-सारीमा विभाजित गरियो।

सन् १९११ : मंगोलिया छिङ वंश शासित चिनियाँ साम्राज्यबाट स्वतन्त्र भयो।

सन् १९२० : युगोस्लाभियाले देशको कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगायो।

सन् १९५२ : कम आवाज सुन्ने व्यक्तिलाई सुन्न सघाउने ट्रान्जिस्टरयुक्त उपकरण पहिलोपटक व्यावसायिक बिक्रीमा राखियो।

सन् १९८९ : चेकोस्लोभाकियाको कम्युनिस्ट शासन अन्त्यलगत्तै संघीय सभाले भ्याक्लाभ हाभेललाई देशको पहिलो राष्ट्रपतिका रूपमा चुन्यो।

सन् २०१६ : अमेरिकी राष्ट्रपति बाराक ओबामाले देशका कम्प्युटर प्रणाली ह्याक गरेको र सोही वर्ष सम्पन्न राष्ट्रपतीय निर्वाचन प्रभावित गर्ने प्रयास गरेको आरोपमा ३५ रुसी गुप्तचरलाई देशनिकाला गर्दै प्रतिबन्ध लगाए।

विश्व संक्षेप

टर्किएको 'सञ्चार उपग्रह' सफलतापूर्वक पुग्यो आफ्नो कक्षमा

अंकारा/ टर्किएको पहिलो घरेलु 'सञ्चार उपग्रह' सफलतापूर्वक आफ्नो कक्षमा पुगेको छ। यस सफलतालाई देशको अन्तरिक्ष कार्यक्रममा महत्त्वपूर्ण कोसेढुंगा भएको यातायात तथा पूर्वाधार मन्त्री अब्दुल कादिर उरालोग्लुले बताए। 'टर्कस्याट ६ ए' ४२ डिग्री पूर्वी कक्षमा पुगेको मन्त्रीले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा उल्लेख गरे। 'हाम्रो राष्ट्रिय गौरवले टर्किएलाई अन्तरिक्ष गतिविधिमा अन्तर्राष्ट्रिय खेलाडीको रूपमा उचाल्ने र हाम्रो सञ्चार पूर्वाधारलाई बलियो बनाउनेछ,' उनले भने। स्थानीय समयअनुसार शनिबार बिहान ५ बजे अन्तिम प्रज्ज्वलनपछि उपग्रह ३५ हजार ७८६ किलोमिटरमा आफ्नो अन्तिम 'जियोसिंक्रोनस अर्बिट'मा पुगेको थियो। कक्षमा थप परीक्षण गरिसकेपछि टर्कस्याट ६ए सन् २०२५ को पहिलो त्रैमासिकसम्म सञ्चालन हुने अपेक्षा गरिएको छ। टर्कस्याट ६ए लाई जुलाई ९ मा फ्लोरिडामा स्पेस एक्स केप क्यानाभेरलबाट प्रक्षेपण गरिएको थियो।

पूर्वप्रधानमन्त्री सिंहको राजकीय सम्मानसहित अन्त्येष्टि

नयाँदिल्ली/ भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको शनिबार दिल्लीको कस्मिरी गेटस्थित निगमबोध घाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ। उनको अन्त्येष्टि परिवार, साथीभाइ, सहकर्मी र सरकारी विशिष्ट व्यक्तिको उपस्थितिमा भएको थियो। उनको पार्थिव शरीरमा राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले माल्यार्पण गरी श्रद्धाञ्जलि अर्पण गरेका थिए। सिख रीतिरिवाजअनुसार सिंहको अन्त्येष्टि गरिएको हो। कंग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, सोनिया गान्धी, राहुल गान्धी पनि आफ्ना पूर्वनेता तथा पूर्वप्रधानमन्त्रीप्रति श्रद्धाञ्जलि सभा तथा अन्तिम संस्कारको कार्यक्रममा सहभागी भए।

पूर्वप्रधानमन्त्री सिंहको पार्थिव शरीरलाई शनिबार बिहान उनको निवासबाट श्रद्धाञ्जलिका लागि दिल्लीस्थित अल इन्डिया कंग्रेस कमिटी (एआइसिसी) को मुख्यालयमा लगिएको थियो। स्वर्गीय सिंह लामो समय भारतीय राजनीतिमा सक्रिय थिए। विशेषगरी आर्थिक संकटको समयमा स्थिर नेतृत्व र भारतको अर्थव्यवस्थाको आधुनिकीकरणमा उनको योगदानका लागि स्मरण गरिन्छ।

टिकटकमाथि प्रतिबन्ध लगाउने कानुन रोक्न ट्रम्पको आग्रह

न्युयोर्क/ अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटकलाई प्रतिबन्ध लगाउने कानुन रोक्न सर्वोच्च अदालतलाई आग्रह गर्दै एक संक्षिप्त निवेदन दर्ता गरेका छन्। आफ्नो जनवरी २० को शपथअघि चिनियाँ मालिक बाइटडान्सले टिकटकलाई बिक्री नगरे प्रतिबन्ध लगाउने कानुन रोक्न ट्रम्पले आग्रह गरेका हुन्। ट्रम्पको कानुनी टोलीले लेखेको छ, 'यस मुद्दाको नवीनता र कठिनाइलाई ध्यानमा राख्दै अदालतले यी मुद्दा सम्बोधन गर्न थप समय प्रदान गर्न हालको वैधानिक समयसीमालाई स्थगन गर्न विचार गर्नुपर्छ।' ट्रम्पले सन् ०१७/०२१ को पहिलो कार्यकालमा टिकटकको चर्को विरोध गरेका थिए र राष्ट्रिय सुरक्षाको कारण देखाउँदै भिडियो एपमाथि प्रतिबन्ध लगाउने असफल प्रयास गरेका थिए।

चिनियाँ सरकारले अमेरिकी टिकटक प्रयोगकर्ताको तथ्यांक चोर्न सक्ने वा प्लेटफर्ममा जे देखिन्छ, त्यसमा हेरफेर गर्न सक्ने भन्दै रिपब्लिकनले चिन्ता व्यक्त गर्दै प्लेटफर्ममाथि प्रतिबन्ध लगाउन माग गरेको थियो। अन्य अमेरिकी अधिकारीले पनि युवामाझ भिडियो सेयरिङ एपको लोकप्रियतामा चिन्ता व्यक्त गरेका थिए। उनीहरूले यसको मूल कम्पनी चीनको अधीनमा रहेको र एपको प्रयोग प्रोपोगान्डा फैलाउन गरिएको आरोप लगाएका थिए।

निलम्बित राष्ट्रपति युनको पक्ष र विपक्षमा देशव्यापी प्रदर्शन

सोल/ दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक येओलमाथि महाभियोग लगाइएको दुई सातापछि उनका समर्थक र विरोधीले शनिबार प्रदर्शन गरेका छन्। गत डिसेम्बरको सुरुमा सैनिक शासन लागू गर्न खोजेपछि युनको पक्ष र विपक्षमा व्यापक प्रदर्शन भएको हो। यसले देशलाई दशकौंयताकै सबैभन्दा खराब राजनीतिक संकटमा धकेलेको छ। युनको महाभियोग प्रक्रिया पूरा गर्न र उनलाई न्यायको कठघरामा ल्याउन माग गर्न अस्वीकार गरेपछि सांसदहरूले शुक्रबार युनको स्थानमा कार्यवाहक राष्ट्रपति बनको हान डक-सोमाथि महाभियोग लगाएका थिए। युन र हानको भाग्यको फैसला संवैधानिक अदालतले गर्नेछ। तर, दुवै खेमाका प्रदर्शनकारीले यसबिच दबाब जारी राख्ने प्रतिबद्धता जनाएका छन्। 'राष्ट्रपति युनको रक्षाका लागि करिब २० लाख मानिस एकजुट हुनेछन्,' सियोलमा आयोजित ञ्चालीका आयोजकमध्ये एक युनका समर्थक री काङ सानले बताए।

चिनियाँ सामग्रीमा नयाँ शुल्क ट्रम्पकै लागि प्रत्युत्पादक

ट्रम्पले लगाउने शुल्कको प्रभाव मध्य र पूर्वी युरोपेली देशसहित चीनले महत्त्वपूर्ण साझेदारी गरेका क्षेत्रमा पनि महसुस हुनेछ

अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको जित र चिनियाँ आयातमा नयाँ शुल्क लगाउने उनको घोषणाले विश्वव्यापी व्यापार र राजनीतिमा तत्काल परिणाम निम्त्याउँछ। शुल्क लगाउने यी उपाय चीनलाई आर्थिक रूपमा अलग गर्न डिजाइन गरिएको हो। तर, त्यसको प्रभाव मध्य र पूर्वी युरोपेली देशसहित चीनले महत्त्वपूर्ण साझेदारी स्थापना गरेको क्षेत्रहरूमा पनि अवश्य महसुस हुनेछ।

चाइना इनर्जी इन्जिनियरिङ कर्पोरेसन (सिइइसी) का लागि यो न अमूर्त भूराजनीतिक विकास हो, न त सामान्य सरोकार। चिनियाँ लगानी यस क्षेत्रको पूर्वाधार र आर्थिक वृद्धि रणनीतिको अभिन्न अंग बनेको छ। बेलग्रेड-बुडापेस्ट रेलवे र मोन्टेनेग्रोको राजमार्गजस्ता परियोजना कनेक्टिभिटी र दक्षताका उपलब्धि मात्र होइनन्, बरु चीन र मध्य तथा पूर्वीयुरोपबिच बढ्दो आर्थिक सम्बन्धका प्रतीकसमेत हुन्। तथापि, ट्रम्पका प्रस्तावित नीतिले यी सम्बन्धमा नयाँ तनाव ल्याउने खतरा छ, किनकि विशेषगरी वासिंटनले आफ्ना नेटो सहयोगी र युरोपेली संघका सदस्य राष्ट्रलाई चीनसँगको आफ्नो संलग्नताको पुनर्मूल्यांकन गर्न दबाब दिइरहेको छ।

मध्य र पूर्वीयुरोपले विश्वव्यापी शक्तिहरूबाट प्रतिस्पर्धात्मक मागको सामना गरेको यो पहिलोपटक होइन। ऐतिहासिक रूपमा यस क्षेत्रले अवरोधभित्र अवसर खोज्दै त्यस्ता प्रतिद्वन्द्वीलाई निर्देशित गरेको छ। आज, त्यही व्यावहारिक दृष्टिकोणले सिइइसीले युरोप र संयुक्त राज्य अमेरिकासँगको आफ्नो बृहत्तर गठबन्धन प्रबन्ध गर्दै चीनसँगको साझेदारीलाई कायम राख्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्नेछ। मध्य र पूर्वीयुरोपको राजनीतिक इतिहास अनुकूलनको एउटा उदाहरण हो।

शीतयुद्धका दौरान यी राष्ट्रले सार्वभौमसत्ता र विकासका लागि आफ्नै आवश्यकतासँग वैचारिक थोपालाई सन्तुलित गरे। आज, चीनसँगको उनीहरूको संलग्नताले त्यस्तै व्यावहारिकता झल्काउँछ। सर्बियाजस्ता देशका लागि चिनियाँ लगानीले महत्त्वपूर्ण पूर्वाधारको खाडल पुर्छ भने हंगेरीजस्ता इयू सदस्यले यी साझेदारीलाई फराकिलो युरोपेली ढाँचाभित्र आर्थिक स्वतन्त्रता सुनिश्चित गर्ने तरिकाको रूपमा हेर्छन्।

ट्रम्पको आर्थिक राष्ट्रवाद, विशेषगरी शुल्कहरूमा उनको ध्यानाकर्षणले सिइइसी-चीन सम्बन्धमा प्रत्यक्ष चुनौती दिएको छ। ट्रम्प प्रशासनले नेटो सहयोगीलाई चिनियाँ पुँजीमाथिको आफ्नो निर्भरता कम गर्न, सुरक्षा जोखिमको रूपमा त्यस्ता साझेदारी फ्रेम गर्नका लागि बढ्दो दबाब दिनेछ। इयू सदस्य राष्ट्रहरूका लागि यसले दोहोरो चुनौती सिर्जना गर्छ : अमेरिकी नीतिहरूसँग पंक्तिबद्धताका अपेक्षाहरूलाई सम्बोधन गर्दै चीनसँग आफ्नो आर्थिक हितहरू मिलाउने। उही समयमा ट्रम्पको शुल्कले युरोपमा चिनियाँ लगानीलाई गति दिन सक्छ, किनभने चीनले अमेरिकी बजारको विकल्प खोजिरहेको छ। यसले सिइइसीका लागि नयाँ अवसर ल्याउन सक्छ। यी गतिशीलतालाई सन्तुलनमा राख्न सावधानीपूर्वक कूटनीति र स्पष्ट प्राथमिकता आवश्यक पर्छ।



> ट्रम्पका प्रस्तावित नीतिले सम्बन्धमा तनाव ल्याउने खतरा छ, किनकि वासिंटनले नेटो सहयोगी र युरोपेली संघका सदस्य राष्ट्रलाई चीनसँगको संलग्नताको पुनर्मूल्यांकन गर्न दबाब दिइरहेको छ

सिइइसीले चिनियाँ साझेदारीमा एकीकृत दृष्टिकोण प्रस्तुत गर्न चीन-सिइइसी सहयोग ढाँचा र बेल्ट एन्ड रोड इनिसिएटिभजस्ता प्लेटफर्म प्रयोग गर्नुपर्छ। आफ्नो प्रयासलाई समन्वय गरेर तिनीहरूले राम्रो वार्तालाप गर्न सक्छन् र लगानी क्षेत्रीय प्राथमिकतासँग पंक्तिबद्ध छन् भनेर सुनिश्चित गर्न सक्छन्। चिनियाँ लगानीमा सञ्चालित परियोजनाले स्थानीय अर्थतन्त्रलाई रोजगारी सिर्जना र प्रविधि हस्तान्तरणलगायत ठोस लाभ प्रदान गर्न सक्छन्। यसबाहेक, पारदर्शी बोलपत्र प्रक्रिया र नियमित लेखापरीक्षणले जनताको विश्वास बलियो बनाउन र राजनीतिक आलोचनालाई कम गर्न सक्छ। यसबाहेक सिइइसीले आफ्नो हित झल्काउने सर्तहरूमा चीनसँग संलग्न हुँदा तिनीहरूको ट्रान्सएट्लान्टिक र युरोपेली साझेदारीप्रति प्रतिबद्ध रहनुपर्छ। यसको अर्थ इयू मापदण्डहरूसँग परियोजनाहरू पंक्तिबद्ध गर्ने र तिनीहरूले व्यापक सुरक्षा वा राजनीतिक प्रतिबद्धतालाई कमजोर गर्दैनन् भन्ने सुनिश्चित गर्नु हो।

ट्रम्पका नीतिले नयाँ चुनौती सिर्जना गर्दा तिनीहरूले चीन र सिइइसी दुवैका लागि विविधीकरणको महत्त्वलाई पनि प्रकाश पार्छन्। चीनका लागि सिइइसीले फराकिलो युरोपेली बजारका लागि महत्त्वपूर्ण प्रवेशद्वार प्रदान गर्छ। सिइइसीका लागि चीनसँगको गहिरो संलग्नताले युरोपेली युनियन र अमेरिकासँगको सम्बन्धलाई पूरक बनाउन सक्छ, जसले कुनै पनि एकल साझेदारमा अति निर्भरतालाई प्रतिसन्तुलन प्रदान गर्छ। सिइइसीले आर्थिक स्थायित्व कायम गर्दै चीनसँग आफ्नो व्यापार विस्तार गर्न सक्ने क्षेत्रमध्ये कृत्रिम बुद्धिमत्ता प्रविधि, रसद, उन्नत उत्पादन र कृषि समावेश छन्। त्यसैगरी, सांस्कृतिक आदानप्रदान र शैक्षिक पहलले आपसी समझदारीलाई बलियो बनाउन र दीर्घकालीन सहयोगको जग निर्माण गर्न सक्छन्।

सहयोगका लागि चीनको दृष्टिकोण राजनीतिक मागभन्दा आर्थिक पहलमा जरा गाडिएको छ, सिइइसीलाई बिआरआईजस्ता पहलमार्फत उनीहरूको विकास बढाउन एक अद्वितीय अवसर प्रदान गर्छ। यो व्यावहारिक रूपरेखाले सिइइसीलाई आफ्नो राजनीतिक स्वतन्त्रता कायम राख्दै महत्त्वपूर्ण लगानीमा पहुँच राख्न अनुमति दिन्छ। चीनका लागि सिइइसीले युरोपको मुख्य प्रवेशद्वारको प्रतिनिधित्व गर्छ, यो क्षेत्र आवश्यक रहनेछ, किनकि चीनले विश्वव्यापी व्यापार गतिशीलता परिवर्तन गर्न अनुकूलन गर्छ। यस सम्बन्धको भविष्य विश्वास बढाउन, पारस्परिक लाभ सुनिश्चित गर्न र बढ्दो बहुध्रुवीय संसारको बढ्दो दबाबलाई निर्देशित गर्न दुवै पक्षको क्षमतामा निर्भर हुनेछ।

सिइइसीका लागि महत्त्वपूर्ण कुरा भनेको यी साझेदारीलाई उनीहरूको आफ्नै रणनीतिक हितहरूलाई प्राथमिकता दिने तरिकामा निर्देशित गर्ने बुद्धि हो। चिनियाँ लगानीलाई राष्ट्रिय र क्षेत्रीय लक्ष्यसँग सावधानीपूर्वक पंक्तिबद्ध गरेर यी राष्ट्रहरूले आफ्नो बृहत्तर गठबन्धनसँग सम्झौता नगरी आर्थिक वृद्धि सुरक्षित गर्न सक्छन्।

- चाइना डेलीबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १४ पुस ०८१

बक्यौता जाँचबुझ समितिको आर्थिक बोझ व्यहोर्न प्राधिकरणलाई ऊर्जा मन्त्रालयको दबाब

आगामी बुधबार बस्ने प्राधिकरण सञ्चालक समितिको बैठकमा आर्थिक दायित्व व्यहोर्ने प्रस्ताव लैजाँदै ऊर्जामन्त्री खड्का

मिलन विश्वकर्मा/नयाँ पत्रिका

उद्योगीको विद्युत महसुल बक्यौता जाँच गर्न कानुनी आधारविना नै जाँचबुझ समिति बनाएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उक्त समितिको आर्थिक दायित्व पनि नेपाल विद्युत् प्राधिकरणलाई व्यहोर्न दबाब दिएका छन् ।

उद्योगीलाई बक्यौता तिर्न १२ मंसिरसम्मको अल्टिमेटम दिएको अवधिमा ऊर्जा मन्त्रालयले ३ मंसिरमा बक्यौताको आवश्यक सत्यतथ्य विवरण तथा प्रमाण संकलन गरी प्रमाणीकरण गर्ने भन्दै प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्य समिति गठन गरिएको छ । समितिको सदस्यमा प्राधिकरणकै पूर्वकर्मचारी श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले छन् । समिति गठनसँगै अहिले बक्यौता उठाउने प्रक्रिया अघि बढ्न सकेको छैन ।

आगामी बुधबार प्राधिकरण सञ्चालक समितिको बैठक बस्दै छ, त्यो बैठकमा समितिको आर्थिक दायित्व प्राधिकरणले व्यहोर्ने प्रस्ताव प्राधिकरणका अध्यक्ष रहेका ऊर्जामन्त्री खड्काले लैजाँदै छन् ।

मन्त्रालयमा गठन गरेको उक्त समितिको आर्थिक दायित्व पनि प्राधिकरणबाट पूर्ति गराउन अहिले दबाब दिइएको प्राधिकरण स्रोतको भनाइ छ । सरकारी स्वामित्वको प्राधिकरणमा ऊर्जामन्त्री अध्यक्ष हुने व्यवस्था छ । सोहीअनुसार प्राधिकरणको अध्यक्ष बनेका मन्त्रीले १९ मंसिरमा प्राधिकरणमा आफ्नो छुट्टै कार्यकक्षसमेत स्थापना गरेका छन् ।

स्रोतका अनुसार ४ पुसको प्राधिकरणको सञ्चालक समितिको बैठकमा मन्त्री खड्काले जाँचबुझ समितिको आर्थिक दायित्व प्राधिकरणबाट व्यहोर्नुपर्ने प्रस्ताव पेस गरेका थिए । जाँचबुझ समितिको कार्यालय बबरमहलस्थित जल तथा मौसम विभागको भवनमा राखिएको छ । त्यो कार्यालयका लागि आवश्यक कर्मचारी र सञ्चालन खर्च प्राधिकरणले दिनुपर्ने प्रस्ताव मन्त्री खड्काको छ । यसैगरी, समितिको संयोजक र सदस्यको तलब-भत्ता पनि प्राधिकरणबाटै दिनुपर्ने प्रस्ताव उनको छ । साथै, उनीहरूलाई गाडी उपलब्ध गराउनुपर्ने प्रस्ताव पनि उनले गरेका थिए । त्यो बैठकमा विविधअन्तर्गत मन्त्री खड्काले जाँचबुझ समितिको आर्थिक दायित्व प्राधिकरणमार्फत व्यहोर्नुपर्ने प्रस्ताव पेस गरेका थिए ।

तर, त्यसमा अधिकांश सञ्चालकले असहमति जनाएका थिए । यद्यपि, मन्त्री खड्काले माइन्युट बनाएर हस्ताक्षर गर्न सञ्चालकलाई दबाब दिइरहेका छन् । त्यसमा प्राधिकरणका कार्यकारी निर्देशक तथा सञ्चालक समितिका सदस्यसचिव कुलमान घिसिङलगायतले असहमति जनाउँदै आएका छन् । आगामी बुधबारको सञ्चालक समितिको बैठकमा यो प्रस्ताव पारित गर्ने मन्त्री खड्काको तयारी छ । तर, मन्त्रालयले बनाएको जाँचबुझ समितिको आर्थिक दायित्व पनि मन्त्रालय आफैंले व्यहोर्नुपर्ने एक सञ्चालकले बताए । 'मन्त्रालयले आफ्नो ढंगले समिति बनाएर काम अघि बढाउने, त्यसमा एक महिनापछि आएर आर्थिक दायित्व प्राधिकरणलाई दिन मिल्दैन,' एक सञ्चालकले भने, 'सैद्धान्तिक रूपमै मन्त्रालयले बनाएको समितिको आर्थिक दायित्व प्राधिकरणले लिने कुरा आउँदैन ।' प्राधिकरणको छानबिन गर्न बनेको समितिको आर्थिक दायित्व प्राधिकरणले नै लिन नमिल्ने उनको तर्क छ । 'प्राधिकरणले उद्योगीलाई पठाएको बिल र टिओडी मिटरको जाँचबुझ गर्न उक्त समिति बनेको हो,'



उनले भने, 'प्राधिकरणमाथि छानबिन गर्न बनाइएको समितिको आर्थिक दायित्व कसरी लिन मिल्छ ?'

त्यस्तो समितिको आर्थिक दायित्व प्राधिकरणमाथि आउन नहुने प्राधिकरणका पूर्वसञ्चालक कपिल आचार्यले पनि बताए । 'यसै पनि उक्त समितिको कानुनी आधारमाथि प्रश्न उठिरहेको छ । त्यो अवस्थामा प्राधिकरणले उक्त समितिको आर्थिक दायित्व लिने कुरा आउँदैन,' उनले बताए ।

प्राधिकरणले उक्त समितिको कानुनी आधारबारे सुरुदेखि नै प्रश्न गरिरहेको छ । प्राधिकरणको बिल चित्त नबुझे उद्योगीहरू प्राधिकरणकै प्रशासनिक पुनरावलोकनमा आउन सकछन्, विद्युत् महसुल संकलन नियमावली, २०७८ मा यस्तो व्यवस्था गरिएको छ । यसैगरी, विद्युत् नियमन आयोगबाट पनि बक्यौता पुनरावलोकन गर्न सकिन्छ । यहाँको निर्णय चित्त नबुझेमा उच्च अदालत, पाटनमा जान सकिन्छ । तर, उद्योगीहरू त्यसअनुसार अघि बढेका छैनन् । सरकारले पनि उद्योगीलाई त्यो प्रक्रियामा ल्याउन चाहेन ।

त्यो अवस्थामा मन्त्रालयले जाँचबुझका लागि भन्दै आफैं समिति बनाएको थियो । विद्युत् नियमन आयोग ऐन, २०७४ ले जाँचबुझ तथा निरीक्षण गर्ने अधिकार स्पष्ट रूपमा आयोगलाई दिएको छ ।

उच्च आय भएको देश बनाउने सरकारको दीर्घकालीन लक्ष्यलाई चुनौती

आइआइडिएस अध्ययन प्रतिवेदन भन्छ- नेपाललाई विसं २१०० मा प्रतिव्यक्ति आय १४ हजार २ सय अमेरिकी डलरसहित उच्च आय भएको देश बनाउन सकिँदैन, प्रतिव्यक्ति आय ६ हजार २ सय अमेरिकी डलरसहित उच्च-मध्यम आय भएको देश भने बन्न सक्छ

कृष्ण रिजाल/नयाँ पत्रिका

सर्वांगीण विकास अध्ययन केन्द्र (आइआइडिएस)ले नेपाल सरकारको दीर्घकालीन सोचले लिएका लक्ष्यहरू पूरा हुन नसक्ने भन्दै चुनौती दिएको छ । आइआइडिएसले दीर्घकालीन सोचका लक्ष्य अति महत्त्वाकांक्षी र अवास्तविक देखिएको भन्दै त्यसलाई परिमार्जन गर्न सरकारलाई सुझावसमेत दिएको छ ।

सरकारको १५औं योजनाअन्तर्गत दीर्घकालीन सोचमा विसं २१०० सम्ममा प्रतिव्यक्ति आय १२ हजार १ सय अमेरिकी डलरबराबर पुग्ने गरी नेपाललाई उच्च आय भएको देश बनाउने लक्ष्य राखिएको छ । तर, आइआइडिएसले त्यसलाई 'आदर्श स्वप्न चित्र' भन्दै परिमार्जन गरेर वास्तविक र सम्भवयोग्य बनाउन सुझाव दिएको हो ।

आइआइडिएसका कार्यकारी निर्देशक डा. विश्वास गौचनले सही नीति तथा योजना नहुँदा विनियोजन कुशलता नहुने र त्यसले समग्र विकासमै असर गर्ने भन्दै दीर्घकालीन सोचलाई परिमार्जन गर्नुपर्ने बताए । 'कुनै पनि नीतिले स्रोत विनियोजनको कुशलतालाई निर्देशित गर्छ । नीति सही छ भने विनियोजन कुशलता हुन्छ, तर नीति नै सही छैन भने विनियोजन कुशलता सम्भव हुँदैन,' उनले भने, 'पन्ध्रौं योजनाअन्तर्गतका दीर्घकालीन सोचका लक्ष्य सही छैनन्, कतिपय हास्यास्पद देखिन्छन्, त्यसलाई व्यावहारिक नबनाइए स्रोतको विनियोजन सही ठाउमा नहुन सक्छ ।'

तत्कालीन सरकारले फागुन ०७६ मा पारित गरेको १५औं योजनामा सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न २५ वर्षका लागि दीर्घकालीन सोच २१०० समेत राखिएको छ । विसं २१०० सम्म नेपालाई 'समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोवास गर्ने मुलुक' बनाइने दीर्घकालीन लक्ष्य राखिएको छ । तर, आइआइडिएसले तुलनात्मक अध्ययन तथा विश्लेषण गरी तयार पारेको प्रारम्भिक प्रतिवेदनले दीर्घकालीन सोचका अधिकांश लक्ष्य पूरा हुने नसक्ने देखाएको हो । 'त्यत्रा अनुभवी र विज्ञहरूको संलग्नतामा तयार भएको दीर्घकालीन सोच केवल राजनीतिक घोषणापत्रजस्तो मात्रै रहेछ,' उनले भने, 'हामीले अहिले प्रारम्भिक प्रतिवेदन तयार पारेर छलफल सुरु गरेका छौं, तीन महिनाभित्र प्रतिवेदनलाई पूर्णता दिएर सरकारलाई सुझाव दिनेछौं ।'

दीर्घकालीन सोचमा प्रतिव्यक्ति आय १२ हजार एक सय अमेरिकी डलरबराबर पुग्ने गरी नेपाललाई उच्च आय भएको देश बनाउने लक्ष्य राखिएको छ । आइआइडिएसले त्यसलाई परिमार्जन गरेर प्रतिव्यक्ति आय ६ हजार दुई सय अमेरिकी डलरबराबर भएको उच्च-मध्यम आय भएको मुलुक बनाउन प्रस्ताव गरेको हो । त्यस्तै, दीर्घकालीन सोचले विसं २१०० सम्म औसत १०.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ । उक्त आर्थिक वृद्धिदर सम्भव नहुने भन्दै आइआइडिएसले ६.६ प्रतिशतको वृद्धिदरको लक्ष्य राख्न सुझाएको हो ।

■ 'दीर्घकालीन सोच'लाई कुनै सरकारले अपनत्व लिएनन्



● प्रा.डा. पुष्पराज कँडेल
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

जतिवेला दीर्घकालीन सोच बनाइयो, त्यतिवेला अनुकूल समय थियो । त्यसले लिएका लक्ष्य महत्त्वाकांक्षी भए पनि असम्भव थिएनन् । तर, दीर्घकालीन सोच पास भएको ११ दिनपछि कोभिड सुरु भयो । कोभिडले दुई वर्षजति नै प्रभावित पाऱ्यो । त्यसपछि दीर्घकालीन सोचको समीक्षा गरेर अघि बढ्नुपर्ने थियो । तर, पछिल्ला कुनै पनि सरकारले त्यसको अपनत्व नै लिएनन् । नीति तथा योजना सही हुँदा पनि कार्यान्वयन गर्नेले नगरिँदिंदा गलतजस्तो देखिन्छ । यदि सरकार बलियो हुने र प्रभावकारी काम गर्ने हो भने अहिले पनि लक्ष्य असम्भव छैन । तर, परिस्थितिअनुसार समीक्षा गरेर अघि बढ्दा पनि हुन्छ ।

■ चीनले ४० वर्षमा हासिल नगरेको विकास हामीले २४ वर्षमा कसरी गर्न सक्छौं ?



● डा. विश्वास गौचन
कार्यकारी निर्देशक, आइआइडिएस

हामीले तुलनात्मक अध्ययन तथा विश्लेषण गरी तयार पारेको प्रारम्भिक प्रतिवेदनले दीर्घकालीन सोचका अधिकांश लक्ष्य पूरा हुने नसक्ने देखाएको छ । त्यत्रा अनुभवी र विज्ञहरूको संलग्नतामा तयार भएको दीर्घकालीन सोच केवल राजनीतिक घोषणापत्रजस्तो मात्रै रहेछ, यसलाई 'आदर्श स्वप्न चित्र' भन्न सकिन्छ । पन्ध्रौं योजनाअन्तर्गतका दीर्घकालीन सोचका लक्ष्य वास्तविक छैनन् । कतिपय लक्ष्य हास्यास्पद देखिन्छन्, त्यसलाई व्यावहारिक नबनाइए स्रोतको विनियोजन सही ठाउँमा नहुन सक्छ । चीनले चार दशकमा गर्न नसकेको विकास हामीले २४ वर्षमा गर्छौं भनेर नीति तथा योजना बन्नु त्यो अति नै महत्त्वाकांक्षी हो ।

■ दीर्घकालीन सोचका लक्ष्य र आइआइडिएसले प्रस्ताव गरेको लक्ष्य

सूचक	आधार वर्ष २०७६	दीर्घकालीन सोच (२१०० सम्मको लक्ष्य)	आइआइडिएसको प्रस्ताव (नेपाल भिजन २१००)
प्रतिव्यक्ति आय युएस डलर	१०४७	१२,१००	६,२००
औसत आर्थिक वृद्धिदर प्रतिशत	६.८	१०.५	६.६
जिडिपीमा कृषिको हिस्सा	२६.९	९	१५
जिडिपीमा उद्योगको हिस्सा	१५.२	३०	१५
जिडिपीमा सेवाको हिस्सा	५७.८	६१	७०
विद्युत् उत्पादन मेगावाट	१२५०	४०,०००	१५,०००
पुँजी निर्माण प्रतिशत	३६.९	४६	३६

हाल विश्वमा २६ वटा न्यून आय भएका देश छन्, जसको प्रतिव्यक्ति आय एक हजार एक सय ४५ अमेरिकी डलर वा सोभन्दा कम रहेको छ । त्यस्तै, न्यून मध्यम आय भएका देश ५१ वटा छन् जसको प्रतिव्यक्ति आय एक हजार एक सय ४६ देखि चार हजार पाँच सय १५ अमेरिकी डलर रहेको छ । विश्वमा उच्च-मध्यम आय भएका देश ५४ वटा रहेका छन् । यस्ता देशमा प्रतिव्यक्ति आय चार हजार पाँच सय १६ देखि १४ हजार पाँच सय अमेरिकी डलरसम्म रहेको छ । त्यस्तै, उच्च आय भएका देश ८६ वटा छन् जसको प्रतिव्यक्ति आय १६ हजार ६ अमेरिकी डलर वा सोभन्दा बढी रहेका छन् । 'आइआइडिएसले सुझाव गरेको लक्ष्य पनि महत्त्वाकांक्षी नै हुन्, तर सुधारका काम गरेमा त्यो सम्भव छ,' उनले भने, 'सरकारले २१०० मा मलेसियाजस्तो हुने लक्ष्य राखेको छ, जुन सम्भव छैन, हामी हंगेरीजतिको चाहिँ बन्न सक्छौं ।'

आइआइडिएसका अनुसार सन् २००१ मा चीनको प्रतिव्यक्ति आय एक हजार ४५ अमेरिकी डलरबराबर थियो । दुई दशकपछि २०२१ मा चीनको प्रतिव्यक्ति आय १२ हजार ५ सय ६२ अमेरिकी डलरबराबर पुग्यो । उक्त अवधिमा चीनको औसत आथिक वृद्धिदर ८.७ प्रतिशत भयो भने चिनियाँ मुद्राको भाउसमेत २२ प्रतिशतले बढेको थियो । त्यस्तै, सन् २००८ मा भारतको प्रतिव्यक्ति आय एक हजार २० अमेरिकी डलरबराबर थियो । डेढ दशकपछि भारतको प्रतिव्यक्ति आय दुई हजार चार सय ६६ अमेरिकी डलरबराबर पुग्यो । यस अवधिमा भारतको औसत आर्थिक वृद्धिदर ६.२ प्रतिशत थियो भने भारतीय मुद्राको भाउ ६९ प्रतिशतले घटेको थियो । 'चीनले चार दशकमा गर्न नसेको विकास हमीले २४ वर्षमा गर्छौं भनेर नीति तथा योजना बन्नु त्यो अति नै महत्त्वाकांक्षी भयो ।

आइआइडिएसले नीति तथा योजनालाई वास्तविक बनाउनुपर्ने विषयलाई अघि सारेको अनुसन्धान सहायक आरएन रिजालले बताए । 'हामीले तुलनात्मक अध्ययन र विश्लेषण गर्‍यौं, नेपालको अहिलेको अवस्था, दीर्घकालीन सोचका लक्ष्य, अन्य मुलुकले हासिल गरेका प्रगतिलगायतलाई अध्ययन गर्‍यौं,' उनले भने, 'लामो समयको अध्ययनबाट हाम्रो देशले लिएको दीर्घकालीन सोचका लक्ष्यहरू अवास्तविक भएको पायौं ।' आइआइडिएसले ६० पेजको भिजन २१०० पेपर तयार पारिरहेको उनले जानकारी दिए । आर्थिक मात्र नभई सामाजिक क्षेत्रका लक्ष्यसमेत अवास्तविक देखिएको आइआइडिएसको पेपरमा उल्लेख छ । 'दीर्घकालीन सोचले औसत आयु ८० वर्ष पुऱ्याउने लक्ष्य राखेको छ, जबकि मलेसिया र ब्राजिलजस्ता देशको औसत आयु ७३.४ वर्ष हाराहारी मात्रै छ,' उनले भने ।

आइआइडिएसले शुक्रबार काठमाडौंमा 'भिजन २१००' कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा आइआइडिएसका कार्यकारी निर्देशक डा. गौचनले पेपर प्रस्तुत गरेका थिए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले अर्थतन्त्र र यससम्बन्धी नीति तथा योजनामाथि छलफल हुँदै प्रश्नसमेत उठ्नु सकारात्मक भएको बताए ।

फास्ट ट्र्याकको समस्या चाँडै समाधान गरिन्छ : मन्त्री दाहाल

नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणमा देखिएका समस्या लम्बिन नदिने बताएका छन् । शनिबार द्रुतमार्गको प्रस्थान विन्दु मानिएको खोकनादेखि बुङमती हुँदै फसिडोलसम्मको अवलोकन एवं निरीक्षण गर्दै देखिएका समस्या समाधानतर्फ लाग्ने बताएका हुन् । 'यो फास्ट ट्र्याक तराई र काठमाडौं जोड्ने लाइफलाइन हो,' मन्त्री दाहालले भने, 'यसको प्रस्थान विन्दु कायम गर्ने विषयमा केही चुनौती देखिएका छन्, तर यी विषयलाई लम्बिन दिनुहुँदैन, सबैले समाधानको विकल्प खोजी गर्नुपर्छ ।'

सडक निर्माण एवं विस्तार गर्दा कसैको पनि आस्थामाथि प्रहार गर्न नहुनेमा सरकार सजग रहेको भन्दै मन्त्री दाहालले धार्मिक, सांस्कृतिक एवं परम्परागत मान्यता र अस्थाहरूको संरक्षण गर्दै निकास निकाल्नुपर्नेमा जोड दिए ।

फास्ट ट्र्याकले सर्वसाधारणको आवतजावत सहज पार्ने मात्र नभई नेपालको वैदेशिक व्यापारलाई समेत प्रवर्द्धन गर्ने भन्दै उनले समृद्ध नेपाल निर्माणको एउटा आधारका रूपमा यसलाई लिइएको बताए । मुआब्जा वितरण, क्षतिपूर्ति, मोही तथा गुठी आदिका विषयलाई निराकरण गरी यसको निर्माण कार्यलाई गति दिन जरुरी रहेको उनको जोड थियो । त्यस क्रममा उनले फास्ट ट्र्याक निर्माणको जिम्मा पाएको नेपाली सेनाप्रति सरकारको उच्च भरोसा रहेको बताउनुहुँदै विकास निर्माणमा सेनाको योगदान सराहनीय रहेको बताए । मन्त्री दाहाललाई नेपाली सेनाका मेजर रमेश आचार्यले फास्ट ट्र्याक निर्माणको अवस्था, चुनौती एवं विकल्पबारे ब्रिफिङ गरेका थिए ।

पाँच अर्बको लगानीमा चिसापानीमा केबुलकार निर्माण गर्दै आइएमई समूह

धनगढीमा तेजराज भट्ट



आइएमई समूहको लगानीमा कैलाली, चिसापानीमा केबुलकार निर्माण हुने भएको छ । चिसापानीमा निर्माण हुने जालपादेवी केबुलकारको शनिबार परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले शिलान्यास गरेकी हुन् ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री डा. देउवाले जालपादेवी केबुलकारको निर्माणले समग्र सुदूरपश्चिम प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा उल्लेख्य भूमिका खेल्ने बताइन् । उनले भनिन्, 'सुदूरपश्चिम पर्यटन, संस्कृति, परम्परा र जैविक विविधतामा धनी छ । यहाँ बन्ने केबुलकार, होटेलसहितको भव्य पर्यटकीय पूर्वाधारले सुदूरपश्चिम र मुलुककै समृद्धिका लागि पनि धेरै ठुलो उपलब्धि हुनेछ ।'

त्यस्तै, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले आज निर्माण हुने केबुलकार तथा अन्य पूर्वाधारले सुदूरपश्चिम प्रदेशको विकासमा उल्लेखनीय भूमिका खेल्ने बताए ।

जालपादेवी केबुलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटनले मात्र नेपालको आर्थिक, सांस्कृतिक र सामाजिक रूपमा मुलुकको कायापलट गर्न सम्भव रहेको बताए । उनले भने, 'पर्यटन पूर्वाधारमा लगानी गरे मात्र लक्ष्यअनुसार पर्यटक भित्र्याई पर्यटकको बसाइ लम्ब्याएर थप विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । थप रोजगारी सिर्जना गर्न सकिन्छ । थप राजस्व उठाउन सकिन्छ र हामीले अपेक्षा गरेको आर्थिक विकास र सम्मृद्धि हासिल गर्न सकिन्छ ।'

लम्कीचुहा नगरपालिका वडा नं ३ को चिसापानीदेखि मोहन्याल गाउँपालिका वडा नं ७ राजकाँडासम्म पुग्ने ३.१ किलोमिटर लामो केबुलकारमा ३४ वटा गोन्डोला हुनेछन् । कुल पाँच अर्ब रुपैयाँ लगानी हुने केबुलकारको बटम स्टेसनमा केबुलकार, होटेल, क्यासिनो, ब्यांक्वेट हल निर्माण हुनेछन् ।

अब जीवन बिमा कम्पनीले दाबी रकमबाट अर्को बिमा गराउन नपाउने

काठमाडौं/ अब जीवन बिमा कम्पनीले दाबी भुक्तानीबापत बिमित तथा हकवालालाई भुक्तानी गर्नुपर्ने रकमबाट अर्को बिमा गराउन नपाउने भएका छन् । नेपाल बिमा प्राधिकरणले शुक्रबार एक परिपत्र जारी गर्दै त्यसमा रोक लगाएको हो ।

बिमा कम्पनीहरूले दाबी भुक्तानीबापत दिनुपर्ने रकमबाट अर्को बिमा गराउँदै आएको गुनासो आएपछि प्राधिकरणले यस्तो व्यवस्था गरेको हो । त्यसबापतको शुल्क दाबी रकमबाट कटाएर बाँकी रकम बिमित तथा हकवालालाई भुक्तानी दिने गरेका थिए । तर, अब दाबी भुक्तानी रकम अर्को बिमालेखको शुल्कमा समायोजन गर्न नपाउने प्राधिकरणको निर्देशन छ ।

कम्पनीले बिमित तथा हकवालालाई छुट्टै बिमा गराउन पाउनेछन् । तर, त्यसबापतको शुल्क छुट्टै प्राप्ति गर्नुपर्ने बताइएको छ । भुक्तानीबापतको रकमबाट समायोजन गर्न नपाइने प्राधिकरणको भनाइ छ । त्यसबापतको सबै रकम सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा गर्नुपर्ने निर्देशनमा उल्लेख छ । 'जीवन बिमकले दाबी भुक्तानीबापत बिमित वा हकवालालाई कानुनबमोजिम भुक्तानी गर्नुपर्ने रकम बिमित वा हकवालाको बैंक खातामा दाखिला नगरी अन्य बिमालेख जारी गरी रकम समायोजन गर्न पाइनेछैन,' निर्देशनमा भनिएको छ ।

यस्तै, कम्पनीले बिमा दाबी निवेदन प्राप्त भएपश्चात् सोको दर्ता गरी, यथाशीघ्र बिमितलाई एसएमएसमार्फत जानकारी दिनुपर्ने व्यवस्था पनि गरिएको छ । निर्जीवन बिमाको क्षति मूल्यांकन गर्न सर्भेयर खटाँउदा सोको जानकारी पनि एसएमएसमार्फत बिमितलाई गराउनुपर्ने बताइएको छ । कम्पनीले सर्भे प्रतिवेदन प्राप्त भएपश्चात् पनि एसएमएसमार्फत बिमितलाई जानकारी गराउनुपर्ने प्राधिकरणको भनाइ छ ।

साथै, यसको दाबी भुक्तानी पनि सम्बन्धित पक्षको बैंक खातामै गर्नुपर्ने निर्देशनमा उल्लेख छ । त्यसमा डिजिटल माध्यम प्रयोग गरेरसमेत भुक्तानी गर्न सकिने प्राधिकरणको भनाइ छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction Chitwan

Invitation for Bids (IFB)

Notice No: 06/081/82, First Date of Publication: B.S. 2081/09/14 (29th December, 2024)

1. **Project Office of Urban Development and Building Construction, Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding (NCB). Bidding is open to all eligible Nepalese Bidders.

Contract No	Description of Works	Estimated Amount (Excluding VAT & Contingencies)	Bid Security Amount (Nrs)	Bid document Price (Nrs)
PUDBC/CHITWAN/NCB/WORKS/48/081/082	Construction of Administration Building of Bhuwani Shanker College, Khairahani, Chitwan	8,552,541.83	2,60,000	3,000
PUDBC/CHITWAN/NCB/WORKS/49/081/082	Upgradation of Ring road at Hetauda-(15,17), Makawanpur under upgradation of ring road at Hetauda 15,16,17 program.	8,548,963.99	2,60,000	3,000
PUDBC/CHITWAN/NCB/WORKS/50/081/082	Upgradation of Ring road at Hetauda-16, Makawanpur under program of ring road upgradation Hetauda-15,16,17	8,547,412.20	2,60,000	3,000
PUDBC/CHITWAN/NCB/WORKS/51/081/082	Upgradation of road at from Dobanchaur, Hetauda-18, to Danda Gaun Makwanpur.	8,552,008.41	2,60,000	3,000
PUDBC/CHITWAN/NCB/WORKS/52/081/082	Infrastructure Development Works at Jhamkeswori Mabi, Thaha 01, Makawanpur	8,554,702.64	2,60,000	3,000

2. Complete Set of Bidding Documents with detailed information may be downloaded from the PPMO's E-Portal - www.bolpatra.gov.np/egp (e GP II). **Information to deposit the cost of bidding document in Bank**: **a.** Name of Bank: Rastriya Banijjya Bank, Bharatpur, Chitwan **b**. Name of Office: PUDBC, Chitwan **c.** Office Code: 347013101 **d.** Office Revenue Account No: 1000200010000 **e.** Revenue Head No: 14229. Electronic Bid must be submitted on or before 12:00 hours on 2081/10/15 (28th January, 2025). The Bids will be electronically opened at 13:00 hours on 2081/10/15 (28th January 2025).

Project Chief

हुन्डाई आयोनिक–५ ले बनायो विश्व रेकर्ड

काठमाडौं/ कार निर्माता कम्पनी हुन्डाईको इभी क्रसओभर एसयुभी आयोनिक-५ ले विश्वकै सबैभन्दा अग्लो स्थानमा पुगेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाएको छ। यसको आयोजना हुन्डाई इन्डिया र ड्राइभिङ प्रोफेसनल टिम 'इभो इन्डिया'ले आयोजना गरेका थिए।

आयोनिक-५ ले मिलेर पाँच हजार सात सय ९९ मिटर अग्लो स्थानमा पुगेर रेकर्ड बनाएको हो। लद्दाखबाट सुरु भएको उक्त यात्रा केरलाको कुट्टान्डामा पुगेर समाप्त भएको थियो। अहिलेसम्म विद्युतीय कारहरूले गरेको यात्रामा सबैभन्दा माथिल्लो उचाइ पुगेर आयोनिक-५ ले विश्व रेकर्ड



बनाएको कम्पनीको दाबी छ।

यो यात्रा पूरा गर्न आयोनिकलाई १४ दिन लागेको थियो। यस अवधिमा गाडीले चार हजार नौ सय किलोमिटर दूरी तय गरेको हुन्डाई इन्डियाले जनाएको छ। निकै कठिन, चिसो र हिमाली बाटोमा पनि आयोनिक-५ ले उत्कृष्ट यात्रा प्रदान गरेको कम्पनीको भनाइ छ।

हुन्डाई मोटर इन्डिया लिमिटेडका प्रबन्ध निर्देशक अन्सु किमले भने, 'हुन्डाई आयोनिक-५ ले सबैभन्दा ठूलो उचाइ परिवर्तनका लागि गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाएर इतिहास रचिएको देख्न पाउँदा हामी खुसी छौं। यो उपलब्धि हुन्डाईको नवप्रवर्तन, प्राविधिक उत्कृष्टता र दिगोपनप्रतिको अटल प्रतिबद्धताको प्रमाण हो।' अत्याधुनिक इलेक्ट्रिक-ग्लोबल मोड्युलर प्लेटफर्म (इ-जिएमपी)मा विकसित हुन्डाई आयोनिक-५, स्मार्ट मोबिलिटी अनुभवलाई पुनः परिभाषित गर्न डिजाइन गरिएको हो।

फिदिम र फुङलिङमा एभरेष्ट बैंकका दुई शाखा

काठमाडौं/ एभरेष्ट बैंकले कोशी प्रदेशका पूर्वी पहाडी जिल्लामा सेवा सुरुवात गरेको छ। बैंकले फिदिम नगरपालिका वडा नं १, पाँचथरमा १३०औं शाखा र फुङलिङ नगरपालिका वडा नं ४, ताप्लेजुङमा १३१औं शाखाको सुरुवात गरेको हो।

यी दुई शाखाको सञ्चालनपश्चात् कोशी प्रदेशमा बैंकको शाखा संख्या २० पुगेको छ। यससँगै देशभर छरिएर रहेका बैंकका सम्पूर्ण शाखा सञ्जालमार्फत आफ्नो सेवा विस्तार गर्न सम्पूर्ण ग्राहक महानुभावलाई सहज हुने विश्वास बैंकले लिएको छ।

हिमालयन क्यापिटलले गच्यो पुँजी बजारसम्बन्धी कार्यक्रम



काठमाडौं/ हिमालयन क्यापिटलले पुँजी बजार तथा लगानी व्यवस्थापन साक्षरतासम्बन्धी कार्यक्रम गरेको छ। कम्पनीले २३ देखि २८ मंसिरसम्म कर्णाली प्रदेशका भैरवी गाउँपालिका दैलेख, कुमाख गाउँपालिका सल्यान र भेरीगंगा नगरपालिका सुर्खेतका विभिन्न विद्यालयका विद्यार्थीलाई पुँजी बजार तथा लगानी व्यवस्थापन साक्षरतासम्बन्धी कार्यक्रम सम्पन्न गरेको हो।

कम्पनीका प्रमुख, अनुपालन विभागका निमेषप्रसाद अधिकारीबाट उक्त कार्यक्रममा सहभागी विद्यार्थीलाई लगानी गर्नुको आवश्यकता, लगानीका साधन, पुँजी बजार, हितग्राही खाताको आवश्यकता, धितोपत्रको प्राथमिक निष्कासनको प्रक्रिया आदिबारे जानकारी दिइएको थियो। साथै, धितोपत्रको दोस्रो बजारको प्रकृति र सामूहिक लगानी कोषसम्बन्धी जानकारी प्रदान गर्दै छलफल गरिएको थियो। साथै, पुँजी बजारको निरन्तर विकासका निम्ति भावी पुस्तालाई पुँजी बजार र यसको प्रकृतिको सम्बन्धमा जानकार बनाउन सहयोग गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको कम्पनीले जनाएको छ।

कार्यक्रमका सहभागी विद्यार्थीले यस वित्तीय प्रशिक्षण तथा सचेतना कार्यक्रम निकै प्रभावकारी भएको बताए। हिमालयन क्यापिटलले सेयर लगानीमा सचेतना अभिवृद्धिका लागि समय-समयमा सेयर तथा पुँजी बजारसँग सम्बन्धित कार्यक्रम, विविध वर्कसप तथा सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

आनको वार्षिक साधारणसभा



काठमाडौं/ नेपाल विज्ञापन संघ (आन)को २५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। कार्यक्रममा विज्ञापनदाता, मिडिया, नियामक निकाय तथा विज्ञापन एजेन्सीहरूलगायत विज्ञापन चक्रका सम्बद्ध सबै पक्षलाई संलग्न गराई 'स्टेइङ रेलिभेन्ट : रिसेपिङ नेपाल्स एडभरटाइजिङ ल्यान्डस्केप' शीर्षकमा अन्तर्क्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो। कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, नेपाल उद्योग परिसंघका उपाध्यक्ष रोहित गुप्ता, नेपाल चेम्बर अफ कमर्सका कमलेश अग्रवाल, नेपाल विज्ञापन संघका अध्यक्ष सुदीप थापालगायतले धारणा राखेका थिए।

त्यसैगरी, विज्ञानपन उद्योगमा सहयोग पुऱ्याउने यादव खरेल, भारती सिलवाल गिरी, इमेज च्यानलका अध्यक्ष आरके मानन्धर, कामना प्रकाशन समूहका संस्थापक अध्यक्ष स्व. पुष्करलाल श्रेष्ठ तथा कृष्ण पाउरोटीका घनश्याम राजकर्णिकारलाई आन सम्मान प्रदान गरिएको छ।

सिटिजन लाइफद्वारा न्यानो लुगा वितरण

काठमाडौं/ सिटिजन लाइफले काभ्रे रोशीका चार सय ४७ विद्यार्थीलाई न्यानो लुगा वितरण गरेको छ। कम्पनीले रोशी गाउँपालिकामा अवस्थित श्री शान्ति बुद्ध प्राथमिक विद्यालयका ४७ जना विद्यार्थी तथा श्री मंगलजन विजय माध्यमिक विद्यालयका चार सयजना विद्यार्थीलाई ट्र्याकसुट वितरण गरेको हो।

असोज १२ गते देशका विभिन्न भागमा परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट रोशी गाउँपालिका प्रभावित भएको थियो। बाढी प्रभावित क्षेत्रका बालबालिकाको शैक्षिक गतिविधिमा समेत असर परेकाले जाडो मौसममा न्यानो लुगा वितरण गरेको कम्पनीले जनाएको छ।

कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत दीपबहादुर बिसी, प्रमुख बजार व्यवस्थापन अधिकृत भूषण रिमाल, प्रमुख व्यवसाय अधिकृत सुनील पोखरेल, स्थानीय तहका पदाधिकारी, विद्यालयका शिक्षक, विद्यार्थी साथै अभिभावकको उपस्थिति थियो। कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत बिसीले यस कार्यले विद्यार्थीको पढाइमा सहज हुने विश्वास व्यक्त गरे।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाण्डौं

फोन नं. ०१-४२५३३९५
०१-४२५३३९६

बिद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१४ गते)

चालु आ.ब. २०८१/०८२ मा यस अस्पतालमा भर्ना भएका बिरामीहरूलाई निःशुल्क खाना/खाजा खुवाउनको लागि आवश्यक पर्ने राशन विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	बोलपत्र नं.	विवरण	फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	कैफियत
1.	STIDH/GOODS/ NCB/07-081/082	Supply & Delivery of Rasan Goods	3,000/-	1,06,000/-	Single Stage Single Envelope

विस्तृत जानकारीको लागि : Visit Website : www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं.०१-४२५३३९५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

निर्देशक

Invitation for Bids

Madhesh Province Government
Ministry of Health and Population
Province Health Logistic Management Center
Janakpurdham, Dhanusha
Date of Publication: 29 December 2024

1. The **Ministry of Health and population, Province Health logistic Management Center, Janakpurdham** invites **electronic** bids from eligible bidders for the procurement of below mentioned commodities under National competitive bidding – Single Stage Two Envelope (IS2E) procedures.
2. Eligible Bidders may obtain further information from PPMO eGP system www.bolpatra.gov.np/egp
3. A Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Limited
   Name of Office: Province Health Logistic Management Center
   Office Code no.: 3500717012
   Revenue Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no.: 14229
   Dharauti A/C no.: 1220100202030000
4. Pre-bid meeting shall be held at **Province Health Logistic Management Center** at **01:00PM, 16 January 2025**
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 noon** on **28 January 2025**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **01:00PM on 28 January 2025** at the office of **Province Health Logistic Management Center**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of below amounts, which shall be valid for **30** days beyond the validity period of the bid (i.e. **120 days**)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

IFB No.	IFB Name	Bid Fee	Bid Security
MP/PHLMC/NCB/GOODS-12/2081-082	The Procurement and Delivery of Semi-automated Fluorometer (Prenatal and New Born Baby Screening System)	5000/-	25,00,000/-

(Director)

Biruwa Rural Municipality
Office of The Rural Municipal Executive
Biruwa, Syangja
Gandaki Province, Nepal

Notice for Expression of Interest (EOI)

First Date of publication: 29th December, 2024

1. Biruwa Rural Municipality invites Expression of Interest (EOI) from eligible Consulting Firm for the following project. EOI shall be delivered online only through e-GP system -www.bolpatra.gov.np/egp before the deadline mentioned below.

SN	Contract Identification No.	Name of Project	
1.	BRM/EOI/001/081/82	Development of Digital Citizen Charter, Agricultural and Livestock Information and Integrated Android App, Information Portal and Android App	
Activity		**Date**	**Time**
Submission of EOI		13th - January -2025	On or Before 12:00 Hrs.
Opening of EOI		13th - January -2025	14:00 Hrs.

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations. For further details regarding the notice for EOI, interested consultants are requested to visit PPMO website- www.bolpatra. gov. np/egp.

Chief Administrative Officer

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८१/०९/१४ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नु होला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण

१. ऋणीको नामः मेडलिज ट्रेडर्स एण्ड स्टोर प्रा.लि. **कर्जा शिर्षकः** क्यास क्रेडिट र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २५७५४०/०७७/०७८, दर्ता मितिः २०७७/११/१८, स्थायी लेखा नं.: ६०९९५२६२७, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५।
शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः
भगवती सिग्देलः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ४४९८२/४०९६६ (२०४९/१०/०९/काठमाडौं), बाबुको नामः तोप प्रसाद न्यौपाने, ससुराको नामः जानकी प्रसाद सिग्देल, पतिको नामः सुदर्शन सिग्देल, ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल।
व्यक्तिगत जमानतकर्ताहरुः
क. सुदर्शन सिग्देलः ना.प्र.प.नं. (जारी मिति/स्थानः) १९९७२ (२०४२/१२/३१/काभ्रेपलाञ्चोक), बाजेको नामः बलभद्र सिग्देल, बाबुको नामः जानकी प्रसाद सिग्देल, ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल।
ख. सुमित सिग्देलः ना.प्र.प.नं. (जारी मिति/स्थानः) १४१०७७ (२०६२/०४/०३/काभ्रेपलाञ्चोक), बाजेको नामः जानकी प्रसाद सिग्देल, बाबुको नामः सुदर्शन सिग्देल, ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी नाला गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल।
धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः
तोप प्रसाद न्यौपानेको छोरी, जानकी प्रसाद सिग्देलको बुहारी, सुदर्शन सिग्देको पत्नी, काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल बस्ने **भगवती सिग्देल**को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ३ स्थित कि.नं. २११४, २११६ र २१०७ को क्षेत्रफल क्रमशः ९७.६२, ५.५८ र १३.६७ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको नामः कार्की पशुपंक्षी तथा कृषि फर्म **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, धादिङ प्रदेश नं. ३ धादिङबेसी, धादिङ नेपालमा दर्ता रहेको), दर्ता नं.: ६०८७/०७५/०७६, दर्ता मितिः २०७५/११/२१, स्थायी लेखा नं.: ६०९२४४८३८, ठेगानाः धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
प्रोप्राईटरः
नेत्र कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) १/४३१३१ (२०६७/१२/२७/धादिङ), बाजेको नामः पूर्ण बहादुर कार्की, बाबुको नामः रेवती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
व्यक्तिगत जमानतकर्ताहरूः
क. राधिका थापा कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) २६-०१-७७-०५७७२ (२०७७/१०/१४/धादिङ), बाबुको नामः राज कुमार थापा, ससुराको नामः रेवती बहादुर कार्की, पतिको नामः नेत्र कार्की, ठेगानाः धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
ख. विदुर कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) २६१/६४७४९ (२०७०/०१/१९/धादिङ), बाजेको नामः पूर्ण बहादुर कार्की, बाबुको नामः रेपती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
ग. पार्वती कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ५४२३ (२०६०/०८/२६/धादिङ), बाबुको नामः जित बहादुर गिरी, ससुराको नामः पूर्ण बहादुर कार्की, पतिको नामः रेपती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
३. ऋणीको नामः नेत्र कार्की **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थानः) १/४३१३१ (२०६७/१२/२७/धादिङ), बाजेको नामः पूर्ण बहादुर कार्की, बाबुको नामः रेवती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं . २।
व्यक्तिगत जमानतकर्ताहरूः
क. राधिका थापा कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) २६-०१-७७-०५७७२ (२०७७/१०/१४/धादिङ), बाबुको नामः राज कुमार थापा, ससुराको नामः रेवती बहादुर कार्की, पतिको नामः नेत्र कार्की, ठेगानाः धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
ख. विदुर कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) २६१/६४७४९ (२०७०/०१/१९/धादिङ), बाजेको नामः पूर्ण बहादुर कार्की, बाबुको नामः रेपती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
ग. पार्वती कार्कीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ५४२३ (२०६०/०८/२६/धादिङ), बाबुको नामः जित बहादुर गिरी, ससुराको नामः पूर्ण बहादुर कार्की, पतिको नामः रेपती बहादुर कार्की, ठेगानाः धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २।
माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरूको विवरणः
जित बहादुर गिरीको छोरी, पूर्ण बहादुर कार्कीको बुहारी, रेपती बहादुर कार्कीको पत्नी, धादिङ जिल्ला, भुमेस्थान गा.वि.स., वडा नं. ६ परिवर्तित धादिङ जिल्ला, थाक्रे गा.पा., वडा नं. २ बस्ने **पार्वती कार्की**को नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला, भुमेस्थान गा.वि.स./न.पा., वडा नं. ६/ख स्थित कि.नं. ३८८ को क्षेत्रफल १४८७.३९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

४. ऋणीको नामः जय माँ काली राइस मिल **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा दर्ता रहेको), दर्ता नं.: २९४८/७०६६, दर्ता मितिः २०७३/०३/०५, स्थायी लेखा नं.: ६०४७८६६७२, ठेगानाः नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९।
प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
विरबल प्रसाद चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ६८११८ (२०६०/०२/०७/नवलपरासी), बाजेको नामः गर्भु थारू, बाबुको नामः माधौ प्रसाद थारू, ठेगानाः नवलपरासी जिल्ला, स्वाठी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९।
व्यक्तिगत जमानतकर्ताः
उर्मिला चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ८३३२९ (२०६२/०७/२०/नवलपरासी), बाबुको नामः मुन्लिलाल थारू, ससुराको नामः माधौ प्रसाद थारू, पतिको नामः विरबल प्रसाद चौधरी, ठेगानाः नवलपरासी जिल्ला, स्वाठी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९।
५. ऋणीको नामः विरबल प्रसाद चौधरी **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थानः) ६८११८ (२०६०/०२/०७/नवलपरासी), बाजेको नामः गर्भु थारू, बाबुको नामः माधौ प्रसाद थारू, ठेगानाः नवलपरासी जिल्ला, स्वाठी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९।
व्यक्तिगत जमानतकर्ताहरुः
क. उर्मिला चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ८३३२९ (२०६२/०७/२०/नवलपरासी), बाबुको नामः मुन्लिलाल थारू, ससुराको नामः माधौ प्रसाद थारू, पतिको नामः विरबल प्रसाद चौधरी, ठेगानाः नवलपरासी जिल्ला, स्वाठी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९।
ख. निशा चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थानः) ३६-०१-७६-०५४१४ (२०७६/०९/०७/नवलपरासी, बर्दघाट सुस्ता पश्चिम), बाजेको नामः माधौ प्रसाद थारू, बाबुको नामः विरबल प्रसाद चौधरी, ठेगानाः नवलपरासी(ब.सु.प) जिल्ला, सुनवल न.पा., वडा नं. ९।
माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः
गर्भु थारूको नाति, माधौ प्रसाद थारूको छोरा, नवलपरासी जिल्ला, स्वाठी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ९ बस्ने **विरबल प्रसाद चौधरी**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पतिहरू:
क. नवलपरासी जिल्ला, स्वाठी गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.नं. ७८६ र ७९२ को क्षेत्रफल ०-२-५-० र ०-२-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. नवलपरासी जिल्ला, स्वाठी गा.वि.स./न.पा., वडा नं. ८/ख स्थित कि.नं. ३७६ को क्षेत्रफल ०-१-४-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६५५४, ०१-४५३८६४७, ९८५१९३९४१९

अदालतको निर्देशन र प्रशासनको हस्तक्षेपले पनि रोक्न सकेन जीवनरामलाई

खेलकुद मन्त्रालय र राखेपले निर्वाचन रोक्ने प्रयास गरेपछि अनलाइनमार्फत उम्मेदवारी दर्ता र भोटिङ गराएर तेस्रोपटक बने एनओसी अध्यक्ष

सबैको मायाले तेस्रोपटक अध्यक्ष भएँ

जीवनराम श्रेष्ठ, अध्यक्ष, एनओसी

सबैको मायाले तेस्रोपटक अध्यक्षमा निर्वाचित भएको छु। यो समय सहयोग गर्ने सबैलाई धन्यवाद। हामीले ओसिए र आइओसीकै प्रतिनिधिको रोहवरमा निर्वाचन सम्पन्न गरेका छौं। यसका बिच पनि राज्यले हस्तक्षेप गर्ने कार्य भयो। अब, आगामी घटना हेरेर अगाडि बढ्छौं।



जीवनराम श्रेष्ठ
अध्यक्ष



ज्योति राणा
उपाध्यक्ष



अशोकरत्न बज्राचार्य
उपाध्यक्ष



चतुरानन्द राजवैद्य
उपाध्यक्ष



प्रकाशशमशेर राणा
उपाध्यक्ष



अनिल शर्मा
उपाध्यक्ष



दावा गुरुङ
उपाध्यक्ष



गोपाल सुन्दरलाल कक्षपति, उपाध्यक्ष



राजीव श्रेष्ठ
महासचिव



रामजीबहादुर श्रेष्ठ
सहमहासचिव



टासी घले
कोषाध्यक्ष



रमेश शिवाकोटी
सचिव



भीमसिंह गुरुङ
सचिव



रामकृष्ण श्रेष्ठ (बोस)
सचिव



गीता राणा
सदस्य



मनीष जोशी
सदस्य



लाक्पा शेर्पा
सदस्य



जितेन्द्रबहादुर चन्द
सदस्य



राम अवाले
सदस्य

रमेश सुवेदी/नयाँ पत्रिका

अदालतको निर्देशन र प्रशासनको हस्तक्षेपबिच जीवनराम श्रेष्ठ लगातार तेस्रो कार्यकाल नेपाल ओलम्पिक कमिटी (एनओसी)को अध्यक्षमा निर्वाचित भएका छन्। उम्मेदवारी दर्ता प्रक्रियादेखि निर्वाचनसम्म नै अदालतले स्टे अर्डर दिएपनि श्रेष्ठ रोकिएनन्। शनिबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) र खेलकुद मन्त्रालयले गृह प्रशासन लगाउँदै निर्वाचन रोक्ने कार्यक्रम अगाडि बढाएका थिए। सातदोबाटोस्थित एनओसी मुख्यालमा प्रहरी तैनाथ भए पनि श्रेष्ठले अनलाइनबाटै निर्वाचन गराउन सफल भए। एनओसीको विधान संशोधन गर्दै तेस्रोपटक अध्यक्ष चुनिँदा श्रेष्ठले २० मध्ये २० भोट नै प्राप्त गरे। 'सबैको मायाले तेस्रोपटक अध्यक्ष चुनिएको छु। निर्वाचनमा खटिने सबैलाई धन्यवाद,' श्रेष्ठले नयाँ पत्रिकासँग भने। श्रेष्ठ २०५३ र २०६३ मा दुईपटक राखेपको सदस्यसचिव बनिसकेका छन्। सन् २००७ बाट भने लगातार एनओसीको कार्यकारी पदमा छन्।

अध्यक्षका अर्का प्रत्याशी तेज गुरुङले अन्तिममा श्रेष्ठलाई नै भोट खसालेका थिए। जम्मा २७ मध्येका सात सदस्य अध्यक्षका अर्का उम्मेदवार निलेन्द्रराज श्रेष्ठसँगै सुनिलकुमार श्रेष्ठ, सभिम मिया अन्सारी, पुष्पदास श्रेष्ठ, मनीष जोशी, राजीवविक्रम शाही र अनिल शर्माले मतदानमा भाग लिएनन्। निर्विरोध उपाध्यक्ष भएका शर्मा र सदस्य जोशीसमेत निर्वाचनमा सहभागी हुन चाहेनन्। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले भने राज्यको स्वीकृतिविना भएको निर्वाचनलाई मान्यता नदिने बताउँदै आएका छन्। यससँगै राखेप र एनओसीको विवाद उत्कर्षमा पुग्ने निश्चित भएको छ।

ओसिएको रोहवरमै निर्वाचन

अध्यक्ष श्रेष्ठले ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)का प्रतिनिधिकै रोहवरमा अनलाइन निर्वाचन सम्पन्न भएको बताएका छन्। उनका अनुसार दक्षिण एसियाली ओलम्पिक काउन्सिलका प्रतिनिधि एवं भुटान ओलम्पिक कमिटीका महासचिव सोनाम कर्मा छिरिङ पर्यवेक्षकको रुपमा सहभागी भएका थिए।

उनले राज्यबाट हुन सक्ने सम्भाविन घटना भने हेरेर बढ्ने बताए। 'हामीले ओसिए र आइओसीकै प्रतिनिधिको रोहवरमा निर्वाचन सम्पन्न गरेका छौं। अब, आगामी घटना हेरेर अगाडि बढ्छौं,' एकीकृत समाजवादी पोलिटब्युरो सदस्यसमेत रहेका पूर्वमन्त्री श्रेष्ठले भने।

यसअघि बिहीबार मात्रै सर्वोच्च अदालतले निर्वाचन रोक्न स्टे अर्डर जारी गरेको थियो। आइतबार अदालतले स्टे अर्डर जारी गरेपछि सोमबार पनि उम्मेदवारी दर्ता प्रक्रिया अनलाइन माध्यमबाटै गरिएको थियो। यसअघि श्रेष्ठ राष्ट्रिय खेलकुद विकास ऐन २०७७ उल्लघंन गर्दै अध्यक्ष बन्न खोजेपछि मुद्दा परेको थियो। दुई कार्यकाल अध्यक्ष र महासचिव रहेका श्रेष्ठले आफैंले निर्माण गरेको खेलकुद ऐन उल्लंघन गरेको आरोप छ। यसअघि श्रेष्ठले पाटन उच्च अदालतले साधारणसभा नगर्नु भन्ने स्टे अर्डरका बाबजुद गत १७ मंसिरमा जबर्जस्ती विशेष साधारणसभा गर्दै विधान संशोधन गर्न सफल भएका थिए।

अन्य सबै पदमा निर्विरोध

एनओसीको सात उपाध्यक्ष, एक महासचिव, एक सह-महासचिव, एक कोषाध्यक्ष,तीन सचिवसँगै पाँच सदस्यहरू निर्विरोध भएका छन्। टेनिस संघकी अध्यक्ष ज्योती राणा, पौडीका अशोकरत्न बज्राचार्य, टेबलटेनिसका चतुरानन्द राजवैद्य, तेक्वान्दोका प्रकाशमशमशेर राणा, हक्कीका अनिल शर्मा, करातेको दावा गुरुङ र साइक्लिङका गोपाल सुन्दरलाल कक्षपती उपाध्यक्षमा निर्विरोध चयन भएका छन्। महासचिवमा नेपाल च्याफ्टिङ एन्ड कनोइङ संघका अध्यक्ष राजीव श्रेष्ठ निर्विरोध निर्वाचित भए। त्यस्तै सहमहासचिवमा ब्याड्मिन्टनका रामजीबहादुर श्रेष्ठ तथा कोषाध्यक्षमा गल्फका टासी घले तथा सचिवमा आर्चरीका रमेश सिवाकोटी, बास्केटबलका भीमसिंह गुरुङ र भारोत्तोलनका रामकृष्ण श्रेष्ठ (बोस) पनि निर्विरोध चुनिएका छन्। सदस्यमा जिम्न्यास्टिककी गीता राणा, फुटबलका मनीष जोशी, उसुका लाक्पा शेर्पा, भलिबलका जितेन्द्रबहादुर चन्द र बक्सिङका राम अवाले छन्।

निर्वाचन नगर्न राखेपको सार्वजनिक सूचना

राखेपले शनिबार नै एनओसीको निर्वाचन नगर्न र नगराउन सूचना जारी गरेको थियो। 'निवेदनको अन्तिम टुंगो नलागेसम्मका लागि सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश जारी भएकाले निर्वाचन नगर्नु र नगराउनुहुन एनओसी र आबद्ध संघ तथा प्रतिनिधिहरूलाई जानकारी गराइन्छ,' जारी गरिएको सूचनामा भनिएको छ। तर, सम्बन्धित संघका पदाधिकारी नै निर्वाचनमा भने सहभागी भएका छन्।

यो प्रवृत्ति ओलम्पिक स्पिरिटसँग मेल खाँदैन

धुवबहादुर प्रधान, पूर्वअध्यक्ष, एनओसी



यो घटनाबाट म आफैं अचम्मित छु। हामीले आफैंले विधान दुई कार्यकाल मात्रै बनायौं। अहिले जबर्जस्ती विधान संशोधन गरेर चार वर्ष बनाइयो। यो सधैंभरिको विवाद हो। खेलकुद क्षेत्रले यसको जवाफ सधैंलाई माग्छ। जसरी आफैं अध्यक्ष हुन प्रपञ्च गरिएको छ। यो प्रवृत्ति ओलम्पिकको स्प्रिटलाई मेल खाँदैन। आइओसीले यसलाई मान्यता दिन्छ कि दिँदैन यो मुख्य कुरा हो। आफूखुसी कार्य गर्दा राज्यले कुन दृष्टिले हेर्छ त्यो अझै मुख्य कुरा रहन्छ। तत्कालीन घटना धेरै वर्षदेखि स्थापित छ।

खेल संक्षेप

एपिएफले सुरु गऱ्यो ग्रासरुट फुटबल

काठमाडौं / विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबल पहिलोपटक ग्रासरुट फुटबल प्रशिक्षण सञ्चालन गरेको छ। शनिबार मुख्यालय हल्चोक मैदानमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले ग्रासरुट फुटबलका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी नायब उपरीक्षक जीवेश पाण्डेलाई फुटबल हस्तान्तरण गरे। उत्कृष्ट र अनुशासित खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ ६ देखि १५ वर्षसम्मका बालबालिकालाई फुटबल प्रशिक्षण दिइने एपिएफले जनाएको छ। ग्रासरुट फुटबल प्रशिक्षणमा बहालवाला सशस्त्र प्रहरी कर्मचारीका १२९, अमर तथा अवकाशप्राप्त सशस्त्र प्रहरीका चार र सर्वसाधारण नागरिकका १३५ सन्नति गरी कुल २६८ जना सहभागी रहेका सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए। यस्तै, नवनिर्मित बक्सिङ रिङको पनि उद्घाटन गरिएको छ।

ड्रागन बोट रेसमा २० टोली

कास्की/ नेपाल चीन मैत्रीपूर्ण ड्रागन बोट रेस प्रतियोगिताको दोस्रो संस्करण आइतबारबाट सुरु हुँदै छ। प्रतियोगिताका लागि चीनबाट आठबटा ड्राग्रन बोट पोखरा ल्याइएको छ। पहिलो संस्करणमा समेत आठवटा बोट चीनबाट ल्याइएको थियो। चिनियाँ दूतावासको सहयोगमा आएको एउटा बोट चीनबाट पोखरा ल्याई पुऱ्याउँदा करिब ३० लाख पर्ने बताइएको छ। पोखरासँगै नेपालमा पर्यटन प्रवर्द्धनसँगै चिनियाँ पर्यटक भित्र्याउन प्रतियोगिताले ठुलो सहयोग मिल्ने अपेक्षा आयोजकहरूको रहेको पोखराका मेयर धनराज आर्चायले जानकारी दिए। फेस्टिभलअन्तर्गत दुई सय र पाँच सय मिटरमा गरी दुई विधामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगितासँगै दुवै देशका सांस्कृतिक प्रस्तुति र खाद्य प्रदर्शनीसमेत हुनेछन्।

जनकपुरलाई महोत्तरीमा भव्य स्वागत

महोत्तरी/ फ्रेन्चाइज नेपाल प्रिमियर लिग (एनपिएल)विजेता जनकपुर बोल्ट्सका खेलाडीहरूलाई महोत्तरीमा भव्य स्वागत गरिएको छ। एनपिएल जितेपछि शुक्रबार जनकपुरमा विजयउत्सव मनाएको जनकपुर बोल्ट टिम शनिबार बिहान महोत्तरीको पिपरा गाउँपालिका हुँदै मटिहानी नगरपालिका र जलेश्वर नगरपालिका आइपुग्दा तिनै पालिकामा भव्य स्वागत गरिएको हो। पिपरामा गाउँपालिका अध्यक्ष रामजानकी यादवसहितको टोलीले स्वागत गरेको हो भने मटिहानी र जलेश्वरमा प्रशांसकसहित नगरप्रमुखहरू क्रमशः हरिप्रसाद मण्डल र सुरेश साह सोनारले टोलीलाई स्वागत गरे। बिहान पिपराबाट मटिहानी पुग्दा नगरप्रमुखले मटिहानी माछा बजारनजिकै टोलीलाई स्वागत गरी नगर परिक्रमा गर्दै मटिहानी नगरपालिका वडा नम्बर- ७ को वडा कार्यालय अगाडि बनाइएको स्टेजसम्म लगेका थिए।।

प्रिक्वार्टरफाइनलका खेल सम्पन्न

कास्की/ पोखरामा जारी २१औं संस्करणको माछापुच्छ्रे ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिताको क्वार्टरफाइन समीकरण पूरा भएका छन्। कास्की जिल्ला टेनिस संघको आयोजना शनिबार सम्पन्न पुरुष एकलतर्फ नेहाल जंगबहादुर थापाले ओजेन महर्जनलाई ६-० र ६-० ले, राजवीर प्रधानले शक्ति शर्मालाई ६-० र ६-० ले सक्षम विक्रम शाहले उगेन शेर्पालाई ६-३र ६-१ आयुषमान हजुर घलेले शास्वत बज्राचार्यलाई ६-१ र ६-१ ले पराजित गर्दै क्वाटरमा प्रवेश गरेका छन्। महिला एकलतर्फ स्वस्तिका बिष्टले जेनी खड्कालाई ६-१, ६-३ ले, सुनिरा थापाले प्राज्ना मानन्दलाई ६-२ ,६-१ ले, प्रकृती श्रेष्ठले भगवती बिकलाई ६-३, ६-१ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका छन्।

किंग्स र ग्रेट हिमालयको लगातार जित



नयाँ पत्रिका

किंग्स क्रिकेट एकेडेमी र ग्रेट हिमालय क्रिकेट एकेडेमीले तारकेश्वर युवा क्लबद्वारा आयोजित स्युचाटार क्रिकेट लिग इन्डोर टिटेन प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन्। शनिबार सम्पन्न सातवटा खेलहरूमा नवज्योति युथ परिवार, ग्रेट हिमालयन क्रिकेट एकेडेमी, सानो स्वर्ग नेपाल, बिएसडी, क्रिकेट एक्सिलेन्स सेन्टर र किंग्स क्रिकेट एकेडेमी विजयी भएका छन्।

पहिलो खेलमा समूह 'ए'अन्तर्गत नवज्योति युथ परिवारले दोस्रो जित दर्ता गर्ने क्रममा हसनटार युथ क्लबलाई २६ रनले पराजित गऱ्यो। ९१ रनको लक्ष्य पछ्याएको हसनटारले १० ओभरमा ६४ रनमा सबै विकेट गुमाउन पुग्यो। विज्ञान गौतमले चार विकेट लिए। दोस्रो खेलमा समूह 'डी'अन्तर्गत ग्रेट हिमालयन क्रिकेट एकेडेमीले थानकोट वारियर्सलाई २० रनले पराजित गऱ्यो। ५९ रनको लक्ष्य पछ्याएको थानकोटले ३८ रनमा सबै विकेट गुमायो। प्लेयर अफ दी म्याच घोषित ग्रेट हिमालयका क्रिस कार्कीले दुई विकेट लिनुको साथै १५ रन पनि बनाए।

तेस्रो खेलमा समूह 'डी'अन्तर्गत सानो स्वर्ग नेपालले पञ्चायन युथ क्लबलाई दुई विकेटले पराजित गऱ्यो। ७३ रनको लक्ष्य पछ्याएको पञ्चायनले अन्तिम बलमा पाँच विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो। प्लेयर अफ दी म्याच घोषित धीरजले तीन विकेट लिनुको साथै २५ रन पनि बनाए। चौथो खेलमा समूह 'सी'अन्तर्गत बिडिएसले कालिका वारियर्सलाई ३९ रनले पराजित गऱ्यो। ७८ रनको लक्ष्य पछ्याउने क्रममा कालिकाले ३८ रनमा सम्पूर्ण विकेट गुमायो। प्लेयर अफ दी म्याच घोषित रवि शाहले ३१ रन बनाए।

पाँचौं खेलमा समूह 'डी'अन्तर्गत ग्रेट हिमालय क्रिकेट एकेडेमीले लगातार दोस्रो जित दर्ता गर्ने क्रममा सानो स्वर्ग नेपालले ७२ रनले पराजित गऱ्यो। ९२ रनको लक्ष्य पछाएको सानो स्वर्गले १९ रनमा सबै विकेट गुमायो। प्लेयर अफ दी म्याच घोषित सक्षम बस्ताकोटीले ३७ रन बनाए। छैटौं खेलमा समूह 'ए'अन्तर्गत क्रिकेट एक्सिलेन्स सेन्टरले (सिइसी)ले नवज्योति युवा क्लबलाई सात विकेटले पराजित गऱ्यो। ४१ रनको लक्ष्य पाएको क्रिकेट एक्सिलेन्स सेन्टरले ४.२ ओभरमा विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो।

प्लेयर अफ दी म्याच घोषित अभिनाश बस्यालले ३ विकेट लिए। सातौं खेलमा समूह 'बी'अन्तर्गत किंग्स क्रिकेट एकेडेमीले लगातार तेस्रो जित दर्ता गर्ने क्रममा टिम रेन्सुलाई १० रनले पराजित गऱ्यो। ६२ रनको लक्ष्य पछ्याएको रेन्सुले ५१ रन मात्र बनाउन सक्यो। प्लेयर अफ दी म्याच घोषित प्रसिद्ध श्रेष्ठले १३ रन बनाउनुको साथै एक विकेट पनि लिए। जितपछि किंग्सले समूह 'बि' क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ। प्रतियोगिताअन्तर्गत आइतबार तेस्रो दिन लिग चरणका सातवटा खेल हुनेछन्। लिग कम नकआउट आधारमा हुने प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। प्लेयर अफ सिरिजलाई १० हजार तथा उत्कृष्ट बलर र ब्याट्सम्यानलाई जनही पाँच हजार नगदबाट पुरस्कृत गरिनेछ।

नीतीशको शतकले भारतलाई राहत

२१ वर्षीय अलराउन्डर नीतीशकुमार रेड्डी आठौं नम्बरमा शतक बनाउने पहिलो भारतीय खेलाडी बने

एजेन्सी

२१ वर्षीय ब्याटर नीतीशकुमार रेड्डीको शतकप्रेरित भारतले अस्ट्रेलियाविरुद्धको बोर्डर-गवास्कर ट्रफी टेस्टमा राहत पाएको छ। आन्ध्र प्रदेशका दायाँहाते ब्याटरले आठौं नम्बरमा क्रिजमा पुग्दै भारतलाई ठुलो हारबाट तत्काललाई जोगाएका छन्। उनले तेस्रो दिनको खेल सम्पन्न हुँदा १०५ रन बनाएका छन्। १७६ बलमा १० चौका र १ छक्का प्रहार गरेका छन्। नितिश आठौं नम्बरमा शतक बनाउने पहिलो भारतीय खेलाडीसमेत बने। योसँगै उनलाई आन्ध्रप्रदेश क्रिकेट एसोसिएसनले २५ लाख पुरस्कार दिने घोषणा गरेको छ। उनी शतक बनाउने तेस्रो कान्छा खेलाडी पनि हुन्।

नीतीशलाई दशौं नम्बर क्रिजमा पुगेका मोहम्मद सिराजले दुई रन बनाएर साथ दिएका छन्। दोस्रो दिनको खेल सम्पन्न हुँदा भारतले ९ विकेट गुमाउँदै ३५८ रन बनाएका छन्। भारत अझै घरेलु टोलीसँग ११६ रनले पछि छ। यसअघि अस्ट्रेलियाले स्टेभ स्मिथको शतक मद्दतमा ४७४ रन बनाएको थियो। दुई टोलीबिच हुने पाँच सिरिज हाल १-१ को बराबरीमा छ। पहिलो टेस्ट भारतले २ सय ९५ रनले जितेको थियो। अस्ट्रेलियाले दोस्रो टेस्ट १० विकेटले जितेको थियो। तेस्रो टेस्ट बराबरीमा सकिएको छ।

नीतीश र वासिङटनले जोगाए फलोअन

दोस्रो दिनको खेल सम्पन्न हुँदा पाँच विकेट गुमाएर भारतले जम्मा १६४ रन बनाएको थियो। यससँगै भारतलाई फलोअनको दबाब थियो। तर, नितिश र वासिङटन सुन्दरले तेस्रो दिन १२७ रनको साझेदारी गरेपछि भारत फलोअनबाट जोगिएको हो। भारतका लागि दोस्रो दिन यशस्वी जैसवालले ८२ बनाएका थिए। मध्यक्रमका खेलाडी चल्न नसक्दा नितिश र वासिङटनले भारतको इनिङ जोगाएका हुन्। वासिङटन ५० रन बनाएर आउट भएका छन्। कप्तान रोहित शर्मा ३, केएल राहुल २४, विराट कोहली ३६, आकाश दीप डक, ऋषभ पन्त २८, रवीन्द्र जडेजा १७ रन बनाएर आउट भएपछि भारत दबाबमा आएको हो।



टेस्ट क्रिकेटमा सर्वाधिक शतक बनाउने खेलाडी

नाम	खेल	सतक
सचिन तेन्दुलकर	२००	५१
ज्याक कालिस	१६६	४५
रिकी पोन्टिङ	१६८	४१
कुमार सांगाकारा	१३४	३८
जोय रुट	१५२	३६

प्रो सञ्जयको टिमलाई उपाधि




काठमाडौं/ प्रो सञ्जय लामाको टिमले सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत सूर्य नेपाल इस्टर्न ओपन प्रो-एमको उपाधि जितेका छन्। शनिबार धरान गल्फ क्लबमा भएको प्रतियोगितामा प्रो सञ्जयको टिमले १६७ अंक प्राप्त गऱ्यो। प्रो सञ्जयले ४१ तथा एमेच्योर भुवनेश लिम्बूले ४३, विना सापकोटाले ४२ र श्याम लिम्बूले ४१ अंक बनाए। नेपाल नम्बर एक प्रो भुवन नगरकोटीको टिम १५९ अंकसहित दोस्रो भयो। भुवनले ३९ अंक बनाउँदा एमेच्योरहरू एसएसपी भीम दाहाल, पूर्णबहादुर राई र बलबहादुर राईले समान ४०-४० अंक बनाए। प्रो नीरज तामाङको टिम १५५ अंकसहित तेस्रो भयो। नीरजले ३८ अंक जोडे। एमेच्योरहरू दिवस तुलाधर, सिद्धान्त सापकोटा र सुष्मा सिंहले समान ३९-३९ अंक जोडे।

महिलातर्फ ४२ अंक जोडेर विना सापकोटाले उत्कृष्ट खेलाडीको पुरस्कार जितिन्। प्रतियोगितामा होल नम्बर १८ मा सञ्जीव क्षेत्रीले लंगेस्ट ड्राइभ र होल नम्बर १७ मा एसएसपी भीम दाहालले क्लोजेस्ट टु दी पिनको अवार्ड जिते। प्रतियोगिताका विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राई, कोशी प्रदेश गल्फ संघका उपाध्यक्ष भरत तामाङ र धरान गल्फ क्लबका सचिव देवराज राईले पुरस्कार वितरण गरे। प्रो-एम प्रतियोगितामा १२ प्रो तथा ४८ एमेच्योर गरी कुल ६० खेलाडीले भाग लिएका थिए।

शुक्रबार सम्पन्न सूर्य नेपाल इस्टर्न ओपनमा नीरज तामाङले १७ अन्डर १९३ सहित उपाधि जितेका थिए। उनले शुक्रबहादुर राईको कुलतर्फको रेकर्ड स्कोर बराबरी गर्दै करिअरको दोस्रो उपाधि जितेका हुन्। नीरजले पहिलो दिन ८ अन्डर ६२ खेल्दै नयाँ कोर्स रेकर्ड बनाए। विष्णुप्रसाद शर्मा ७ अन्डर २०३ स्कोरसहित दोस्रो तथा बलभद्र राई ३ अन्डर २०७ सहित तेस्रो भए। प्रतियोगिताको कुल पुरस्कार राशि आठ लाख ८२ हजार रहेको थियो।

सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपन महिना पोखरास्थित हिमालयन गल्फ कोर्समा आयोजना हुनेछ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com